# अध्याय एक

# अध्ययनको परिचय

## १.१ सामान्य परिचय

सामान्यतया यस बैदेशिक रोजगारी सम्बन्धमा हाल बढ्दै गइरहेको विश्वव्यापिकरण, खुला आर्थिक व्यवस्थामा श्रमको आदान प्रदान र सर्ब सुलभ सस्तो श्रमको आयत तथा निर्यातबाट उब्जिएको यो शब्द कुनै देशको परिधि नाघेर अर्को देशमा जानु र श्रमको मुल्य लिनु वैदेशिक रोजगारको सरल परिभाषा हो ।

विभिन्न संघसंस्था र सरकारले वैदेशिक रोजगारलाई स्पष्ट परिभाषा गरेका छैनन् । खाली श्रमको अन्य देशमा हुने खपत व्यवस्थालाई मात्र इंगित गरे जस्तो देखिन्छ । याहानेर स्पष्ट हुनुपर्ने कुरा के छ भने बिदेशमा गएर गरिएको कामलाई वैदेशिक रोजगारी भनिने हो । कति हद सम्म गरिने कामलाई रोजगारीको परिभाषा गरिने हो । कुनै निकायले पनि स्पष्ट पारेका छैनन् । हाम्रा थुप्रै छिमेकी राष्ट्रमा गरिने कामलाई श्रम विभाग, मन्त्रालय, अदालतले समेत वैदेशिक रोजगार मान्दैन । जस्तै चीनको स्वशासित क्षेत्र तिव्बतमा नेपाली कामदारहरुले प्रत्यक्ष वा परोक्ष काम गर्छन् व्यापार गर्छन त्यसलाई वैदेशिक रोजगारी मानिदैन । सदियौं देखिको सम्बन्धको अर्को मुलुक भारतमा गरिने सैनिक अर्ध सैनिक र व्यक्तिगत कामलाई पनि वैदेशिक रोजगार भनिदैन ।

वास्तवमा नेपालीहरुको लागि यो मुलुकहरु नजिक भए पनि विदेश त पक्कै हुन । झनै अन्य मुलुकहरुमा भन्दा यि मुलुकमा नेपालीहरुको संख्या अझै बढि छ । सन् १९५० को सन्धि अनुसार नेपाल र भारतमा दुवै देशको जनतालाई स्वतन्त्र पुर्वक आवतजावत गर्न दिइने, सम्पत्ति र सुरक्षाको अधिकार दिइएको हुनाले पनि कुनै व्यक्ति आवतजावत गर्न कुनै रोक तोक छैन, कुनै पासपोर्ट र भिषाको व्यवस्था पनि छैन। जुन कुरा अन्य मुलुकहरुमा जादा नभइ नुहने कुराहरु हुन ।

शाब्दीक अर्थमा वैदेशिक रोजगार भन्नाले स्वदेश वाहिरको भन्ने स्पष्टता आउँछ साथै रोजगारी भन्नाले त्यहाँ पाइएको, नोकरी भन्ने बुझिन्छ । जसको प्रतिफलमा निश्चीत ज्याला पाइन्छ । यसरी विश्वको कुनै क्षेत्र वा मुलुकहरुमा रहेको वेरोजगार श्रम शक्ति विचको अर्को क्षेत्र वा मुलुकहरुमा रोजगारीको लागि जाने काम हुन्छ भने वैदेशिक रोजगारीको स्थीति शुरु हुन्छ । एक मुलुकको श्रम वजारको श्रम शक्ति अर्को मुलुकको श्रम

बजारमा व्यवस्थीत रुपले गई काम गर्नुलाई वैदेशिक रोजगार सेवा भनिन्छ र विश्व श्रम बजारमा रहेको श्रम शक्तिको व्यवस्थीत निर्यात अर्थात (काममा लगाई दिने) कार्यलाई वैदेशिक रोजगार व्यवसाय भनिन्छ ।

रेग्मी (२०६९:२) का अनुसार अन्तराष्ट्रिय श्रम संगठन ILO ले सन् १९८३ मा रोजगारीका लागी अन्तराष्ट्रिय परिभाष दिएको छ जस अनुसार काम गर्ने उमेरका आर्थिक कृयाकलापमा संलग्न मानिस जो कुनै निश्चित समय सम्म काम गर्दछन् भने यसलाई रोजगारी भन्दछन् । नगद वा वस्तुमा ज्याला लिएर काम गर्नुलाई ज्याला भुक्तानी लिने रोजगारी र आफ्नै व्यवसायमा ज्याला नलिई काम गर्नुलाई स्वरोजगारी भन्दछन् ।

अप्रत्यक्ष रुपबाट धेरै पहिलाबाट शुरु भएको यो व्यवसायलाई सरकारी स्तरबाट पहिचान गरी ऐन नियममा आवद्ध गरिएको भने धेरै भयको छैन, वि.सं. २०४२ सालमा तत्कालिन सरकारको समतिमा वि.सं. २०४३/३/२ गते बाट लागु हुने गरी यो ऐन सार्वजनिक गरिएको थियो । धारा दुई 'ख' मा विषय वा प्रसंगले अर्को अर्थ नलागेको यस ऐन "वैदेशिक रोजगार" भन्नाले कामदारले विदेशमा पाउने रोजगार सम्झनु पर्छ भनिएको छ । यस्तै धारा दुई 'ग' मा वैदेशिक रोजगार व्यवसाय भन्नाले नेपाली नागरीकहरुलाई वैदेशिक रोजगार उपलब्ध गराउने कार्य संझनुपर्छ र सो शब्दले रोजगार दिने वा दिलाउने संस्थाको प्रतिनिधिको रुपमा कामदार छनौट गर्ने कार्य समेतलाई जनाउँदछ ।

(वैदेशिक रोजगार ऐन २०४२) पेन्गुइन डिक्सनरीका अनुसार "रोजगारी भन्नाले व्यक्ति जो चलन चल्तीका ज्यालादरमा काम गर्दछ भन्ने उल्लेख गरेको छ । (पेन्गुइन इकोनोमिक्स डिक्सनरी २०१२:१५२) यसरी गरिबिको चपेटामा सधैं भरि खप्न नसकेर स्थानान्तरण भएका पनि कति होलान तर मुख्य गरी उत्पादनसिल क्षेत्र तिरको झुकाव हुन उत्पादनको सहुलियत लिई आफ्नो परिवारको जीवन गुजारा चलाउनु नै प्रमुख उद्देश्य रहेको छ । आन्तरिक वसाई सराई बाट मात्र गरिबीको कुचक्रबाट जोगिन नसक्दा नेपाली कामदार हरु विभिन्न काम गर्ने क्रममा विदेशमा रोजगारीका लागि जान थाले । यसरी आपतकालीन विकल्पको रुपमा आजपनि यस व्यवसायलाई लिएको पाईन्छ । संगठित र असंगठित रुपमा विदेशिएका नेपालीहरुको वेलावखतको पिरमर्का अन्याय र शोषणलाई विभिन्न संचार माध्यमबाट पनि प्रकासित गर्न थालियो छ । त्यसपछि सम्वन्धीत निकायको ध्यान झनै त्यसै तर्फ गभिंर हुन थाल्यो छ । बैदेशिक रोजगारी लाई व्यवस्थीत र मर्यादीत बनाउन नेपाल

सरकारले बेला वखत विभिन्न आयोग र समिति वनाई यस सम्वन्धि निति नियमलाई परिमार्जित गर्दै लान प्रयासरत रहेको छ ।

## १.२ अध्ययनको पृष्ठभूमि

पौराणीक कालदेखि नै नेपालका मानिसहरु व्यपार व्यवसायका लागि बिभिन्न देशहरुमा पुगेका चर्चाहरु पाइन्छ । कौटिल्यको अर्थशास्त्रमा पनि व्यापार व्यवसायले विदेशमा राम्रो ख्याति र चर्चा पाएको थियो । यो आफ्नै अस्मिता र स्वतन्त्रतामा वाचेको प्रकृतिका सुन्दर छटा र अपार सम्पदाले भरिभराउ अनुपम स्वर्णीम गौतमबुद्धको जन्मभूमि हो । १८१६ को सुगौलि सन्धि पछि  एकिकृत नेपाली जाती, भाषा, तथा संस्कृतिको बिखण्डन भएको थिएन, माहाकाली र मेची वाहिर  गएका सविक नेपालीहरुका साथ रहेको सामाजिक सम्बन्ध टुटेको थिएन । यहि माध्यमबाट कामको खोजीमा नेपालीहरु देश बाहिर जाने क्रम शुरु भएको हो र सबैजसो गाउँबाट कामको खोजीमा काममा जाने प्रवृति चलनकै रुपमा विकसित हुदै आयो । सीमाना जोडिएकाले पनि तत्कालिन हिन्दुस्तानसँग पहिलैदेखि नै आर्थिक, सामाजिक, सास्कृतिक आदि बिषयमा निकट सम्बन्ध रहि आएको पाईन्छ ।

गिर्वाणयुद्ध विक्रम शाहको पालामा भएको नेपाल अंग्रेज युद्धका कारणले नेपाललाई निकै संकुचित पारे पनि सन् १८१६ मा भएको सुगौली सन्धी पछि अंग्रेजहरुले नेपालीको देश प्रेम भक्तिभाव र राष्ट्रियताप्रतिको सर्मपणलाई विर्सेका थिएनन् । नेपालको मायाँ नेपालीलाई आफ्नो गर्दन भन्दा पनि प्यारो रहेछ भन्ने एतिहासिक यर्थाथ सिद्ध भईसकेको अवस्थामा उनीहरु यस्ता वीर योद्धाहरुलाई आफ्नो सेनामा सामेल गराउन चाहान्थे त्यसैले उनीहरुले तत्कालीन सम्झौता अनुरुप ईष्ट ईन्डीया कम्पनीले तीन वटा रेजिमेन्ट (रेजिमेन्ट १, २, ३) स्थापना गऱ्यो ति रेजिमेन्टहरु लाई लाहुरमा (हालको पाकिस्तान) राखियो । रेजिमेन्टमा भर्ना हुने प्राय युवाहरु लाहोर नै जाने गर्दथे ।

यसरी लाहोर जाने युवा सँग उसका परिवारका अन्य सदस्यहरु पनि सँगै जाने र त्यहिका होटल, कारखाना, आदिमा काम गर्न थाले यसरी ईष्ट ईण्डीया रेजिमेन्टमा भर्ना हुनेहरुमा हालको संखुवा सभा, तेरथुम, धनकुटा आदि क्षेत्रबाट बढि जाने र त्यस बेलाको नेपाली पहिचान नेपाल भन्दा गोर्खाको नामले बढी चिनिने भएकाले, लाहोरमा पनि गोर्खालिको नामले चिनिन थालियो । सुनसरीको घोपामा गोर्खाली भर्ती केन्द्रको स्थापना भयो । यसरी बिदेश जाने आउने युवालाई समाजमा “लाहुरे” र बिदेशमा, हिन्दुस्तानमा

रहने युवाहरुलाई गोर्खाली भन्न थालियो (बैदेशिक रोजारी सेवा अध्ययन प्रतिवेदन २०७०:१०) ।

नेपालको एकिकरण लगतै पनि नेपाली नागरिकहरु बिभिन्न देशमा पुगेका थिए । नेपालीहरु कामको खोजी, व्यापार व्यवसाय अनि शिक्षाको लागि युवाहरु बिदेशीएको पाईन्छ । सन् १८१५ भन्दा पहिला हेर्ने हो भने नेपाली युवा वा तत्कालीन विशिष्ट शब्द गोर्खालीहरु भारतको आसाम, मेघालय, मणीपूर, दार्जलिङ आदि ठाउँमा पुगेका थिए । यस वाहेक अन्य देशहरुमा भुटान, वर्मा, मलेसिया,साउदी,कतार,दुवइ,कोरीया,युरोप आदि मुलुकहरुमा वैदेशिक रोजगारी र आप्रवासीका रुपमा आवत जावत गरेका पाईन्छ (दाहाल २०७०:१७) । यहाँ पुगेका मजदुरहरुले बिभिन्न कामहरुमा हात हालेको पाईन्छ ।

त्यहाँ नेपालीहरुले कृषि मजदुर, खानी मजदुर,बिभिन्न कलकारखाना चिया बगान र रवर उद्योग आदिमा संलग्न भई रोजगारीका साथै पैसा समेत आर्जन गरी ल्याउने गर्दछन यसरी यहाँ काम गर्दा उनीहरु केही काम सम्बन्धी सीप, बिभिन्न संस्कृति अनि भाषाहरु पनि सिकेर यस्तो सिकेको सीप ज्ञान आदिलाई उनीहरु सीप एवं प्रविधिको हस्तान्तरण समेत गरेको हामी पाउदछौ । यसरी आएको प्रविधि मध्ये चिया खेति यस्को ज्वालन्त उदाहरण हो । यसरी सैनिक गैर सैनिक रुपमा युवाहरु विदेशिन थालेपछि वैदेशिक रोजगार सेवाको पनि विकास भएको पाइन्छ । जव गोर्खाली फौज वीरता र इमान्दारीको पर्यावाची भए झै नेपाली गौरव र सान विश्व सामु झन चम्कदै गयो यहि कारणबाट आजसम्म पनि विभिन्न देशहरमा नेपालीको वीरता र विश्वासको छाप परेको पाईन्छ ।

मलेसिया,साउदी,कतार,दुवई, वर्मा, भुटान आदि ठाउँमा आदिवासी कै रुपमा नेपाली लाई ति देशहरुले स्वीकार गरेको पाइन्छ । वास्तवमा विदेश जाने मुख्य विकास र विस्तार भएको भनेको सन् १९८० को दशक पछि नै हो । यस पछि नेपाल पनि खुला अर्थ व्यवस्थामा अगाडी बढ्न थाल्यो र सन् १९६३ (वि.सं. २०३०) साल पछि विभिन्न ठाउमा नेपाली आप्रवासीलाई दुखः दिएको अनि रोजगारीमा गएका व्यक्तिले दुखः पाएको तथ्यहरु प्रकाशमा आउन थाल्यो । यसरी निजि क्षेत्रको सहभागिता बिभिन्न देशहरुमा बढन थालेपछि यस सम्बन्धी कुराहरु सोच्नको लागि नेपाल सरकार पनि बाध्य भयो ।

यसै अनुरुप वि.सं. २०२८ सालमा श्रम विभाग र वि.सं. २०३८ सालमा श्रम मन्त्रालयको गठन भइ श्रमलाई व्यवस्थीत र परिमार्जित गर्दै लैजाने निति लिईन थालियो । जब मन्त्रालयको गठन भयो त्यसपछि विशेष गरी बैदेशिक रोजगारीलाई कसरी व्यवस्थीत

गर्न सकिन्छ र भैपरि आउने जटिल समस्याका समाधानको लागि सोच्न वि.सं. २०४० गठित आयोगको सिफारिसमा श्रम ऐन मिति वि.सं. २०४२/३/२ देखि लागु हुने गरी आएको छ । यस ऐन आए पछि वैदेशिक रोजगारीको क्षेत्रमा केहि, परिमार्जित र सरलता आएकोले यस क्षेत्रको संस्थागत विकासमा एउटा क्रान्तीकारी परिर्वतन नै आयो । हाल सम्म यो ऐन २ पटक संसोधन भईसकेको छ भने वैदेशिक रोजगार र नियमावली २०६९ पनि हाल लागु भईरहेको छ ।

नेपालमा भर्खरै औद्योगीक कृयाकलाप शुरु भएकाले वेरोजगारी समस्या समाधान गर्न अन्तराष्ट्रिय श्रम संगठन आई. एल. ओ. को सल्लाहा र नेपाल सरकारको तथा बिदेशीले नेपाली कामदारहरु प्रतिको सकारात्मक धारणाले गर्दा  मजदुरहरुको कल्याणको लागि एवं वैदेशिक रोजगारी प्रर्वधनको लागी सरकारले विभिन्न निकायहरुलाई वि.सं. २०२८ सालदेखि नै सकृय पार्दै आएको देखिन्छ । तत्कालिन यस क्षेत्रलाई उद्योग वाणिज्य मन्त्रालयको एक विभाग अन्तरगत राखेर हेरिन्थ्यो, पछि वैदशिक रोजगारी प्रर्वद्धन गर्न मन्त्रालयमा अलगै एउटा वैदेशिक रोजगारी शाखाको स्थापना भयो ।

राणा प्रधान मन्त्री रणोद्धिप सिंहको पाला सम्म नेपालीहरु वृटिस सेनामा भर्ति हुने मान्यता थिएन । यसलाई सन् १८८५ मा श्री ३ वीर शमसेरले औपचारिक स्वीकृति दिएर सन् १८८६ मा औपचारिक रुपमा भैरहवा, धरान आदि स्थानमा भर्ति केन्द्र खोले । श्री ३ चन्द् समसेरले यी भर्ति केन्द्र राखे वापत नेपालले वार्षिक रु.१० लाख पाउने गरी यसलाई व्यवस्थीत रुपले सैनिक क्षेत्रमा नेपाल बाट वैदेशिक रोजगारी मा जाने प्रचलनलाई थप व्यवस्था गरे (वैदेशिक रोजगारी अध्ययन प्रतिवेदन २०६९:१०) ।

संगठित वा असंगठित जुन रुपमा विदेशिए पनि यस क्षेत्रले व्यापकता पाउदै जानु मा विविध करणहरु होलान तर स्पष्ट रुपमा देखिने प्रमुख कारण भनेको आय आर्जन नै प्रमुख रहेको देखिन्छ । गरिबिको चपेटामा सधैं भरि खप्न नसकेर स्थानान्तरण भएका पनि कति होलान तर मुख्य गरी उत्पादनसिल क्षेत्र तिरको झुकाव हुन उत्पादनको सहुलियत लिई आफ्नो परिवारको जीवन गुजारा चलाउनु नै प्रमुख उद्देश्य रहेको छ ।

आन्तरिक वसाई सराई बाट मात्र गरिबीको कुचक्रबाट जोगिन नसक्दा नेपाली कामदार हरु विभिन्न काम गर्ने क्रममा विदेशमा रोजगारीका लागि जान थालेका र यसरी आपतकालीन विकल्पको रुपमा आजपनि यस व्यवसायलाई लिएको पाईन्छ । संगठित र असंगठित रुपमा विदेशिएका नेपाली युवाहरुको वेलावखतको पिरमर्का अन्याय र शोषणलाई

विभिन्न संचार माध्यमबाट पनि प्रकासित गर्न थालियो छ । बैदेशिक रोजगारी लाई व्यवस्थीत र मर्यादीत बनाउन नेपाल सरकारले बेला वखत विभिन्न आयोग र समिति वनाई यस सम्वन्धि निति नियमलाई परिमार्जित गर्दै लान प्रयासरत रहेको देखिन्छ । हाल नेपाल सरकारले पनि यस व्यवसायलाई एउटा वेरोजगारी समस्या समाधानको रुपमा लिई सकारात्मक कार्य गर्दै आईरहेको छ

## १.३ समस्याको कथन

हाल समाजमा बढ्दै गइरहेको बेरोजगारी समस्या समाधान भनेको रोजगारीका अवसरहरुको सृजना गर्नु हो । देश भित्र आवस्यक मात्रामा रोजगारीका अवसरहरु सृजना नभएकाले अधिकाशं युवाहरु विदेशिएको पाइन्छ ।

नेपाल सरकारले विश्वाशिलो र व्यवस्थित ऐन निति नियम बनाएको छ । नेपाल सरकारले वैदेशिक रोजगारबाट हुने आर्थिक आय र रोजगारमा जानेको मात्र साङ्ख्यिकीय रेकर्ड राख्ने काम मात्र गरेको छ । तर वैदेशिक रोजगारले कामदारको सामाजिक तथा आर्थिक पक्षमा पारेको पभाव, सीप र दक्षतामा पारेको प्रभाव, प्रविधि हस्तान्तरण वैदेशिक रोजगारले घर परिवारको तहमा ल्याएको परिवर्तन बारेमा अध्ययन अनुसन्धान गर्न सकेको छैन । यो आफैंमा एउटा अनुसन्धानको विषयवस्तु हुनसक्छ । जसले गर्दा अनुसन्धान गर्न खोजिएको हो ।

नेपाल कृषि प्रधान देश एवम् विकासोन्मुख तथा १० वर्ष जनयुद्धबाट गुज्रिएको मुलुक भएकोले देशमा विकासका कामहरु राम्रोसँग सञ्चालन हुन नसक्दा वेरोजगार तथा अर्धवेरोजगारको सङ्ख्या दिन प्रतिदिन वृद्धि हुँदै गएकोले नेपाली श्रमिकहरु रोजगारको खोजिमा वैदेशिक रोजगारमा जान बाध्य भएका छन् (के.सी २०६६:५२) । वर्तमान समयलाई हेर्दा रोजगारी, अर्धरोजगारी र बेरोजगारी गरी ३ किसिमका श्रम शक्तिहरु देख्न सकिन्छ । रोजगारलाई वर्तमान समयमा हेर्दा पनि रोजगार हुने व्यक्तिहरु आफ्ना आधारभूत आवश्यकता परिपूर्ति गर्न सक्ने साथै जनचेतना भए तापनि हाल शिक्षामा आएको प्रतिस्पर्धाका कारण आफ्ना सन्ततिहरुलाई प्राइभेट स्कुलमा पढाउने चलनले गर्दा ती रोजगार वर्गलाई पनि आफ्नो घरयासी आवश्यकता परिपूर्ति गर्न पनि धौ -धौ परिरहेको हुँदा आफ्नो पारिवारिक जीवन राम्रो पार्न सकिन्छ भनेर पनि वैदेशिक रोजगारमा गएका छन् । त्यस्तै अर्धवेरोजगार वर्गका पनि आफ्ना आधारभूत आवश्यकता परिपूर्ति गर्नका

लागि समस्या परिरहेको छ । जसले गर्दा विदेशमा गई आफ्नो आधारभूत आबश्यकता परिपूर्ति गर्न सहज र सरल हुन्छ कि भनेर साथै केहि रकम वचत गर्न सकिन्छ कि भनेर पनि वैदेशिक रोजगारमा गएका छन् । अर्काथरी वेरोजगार वर्गमा दक्ष तथा अदक्ष दुवै खालका श्रमशक्ति पर्दछन् । यी जनशक्तिहरुमा पनि स्वदेशमा आफ्नो योग्यता, क्षमता अनुसारको रोजगार नपाएर, पढाइ विचैमा छाडेका आर्थिक अवस्था कमजोर भएका साथीभाई विदेसिएको देखेर घर - परिवारको सल्लाह आदि कारणले पनि वैदेशिक रोजगारमा जान बाध्य भएको देख्न सकिन्छ ।

यसरी श्रमिक युवाहरु वैदेशिक रोजगारप्रति आकर्षण हुनुको कारण खोज्दै युवाको कमिले उत्पादकत्व क्षेत्रमा परेको प्रभावको विश्लेषण गर्दै वैदेशिक रोजगारबाट प्राप्त रकमबाट के कस्तो क्षेत्रमा खर्च गरेका छन् ? वैदेशिक रोजगारबाट प्राप्त रकमले उनीहरुको पारिवारिक जीवनशैलीमा के कस्तो प्रभाव परेको छ, साथै वैदेशिक रोजगारबाट स्वयं व्यक्ति फर्किएर आइ सकेपछि समाजमा कस्तो खालको प्रभाव परेको छ ? भन्ने जस्ता विविध विषयमा खोजी गर्नको लागि मैले मेरो अनुसन्धानलाई अगाडि बढाई निम्न प्रश्नहरुलाई समस्याको रुपमा उठाउन खोजेको छु ।

(क) वैदेशिक रोजगारमा संलग्न परिवारको रोजगारमा जानु अघि र गईसकेपछिको आर्थिक र सामाजिक अवस्था कस्तो रहको छ ?

(ख) वैदेशिक रोजगारमा जाने कामदारहरुको उमेर, शैक्षिक अवस्था के कस्तो रहेको छ ?

(ग) बैदेशिक रोजगारले युवाहरुमा कस्तो प्रभाव पारेको छ ?

अहिले समाजमा बेरोजगारी एउटा गंभिर समस्या को रुपमा अगाडी आइरहेको छ । अहिले विश्वमा बजारमुखी, स्वतन्त्र एवं प्रतिस्प्रर्धात्मक अर्थ व्यवस्था र नयाँ आर्थिक व्यवस्थाको लहर चलेको छ जस अनुसार सबै काम सरकारले मात्र गरेर नसक्ने भएकाले खास क्षेत्रमा मात्र निजि क्षेत्रलाइ समेत सहभागी बनाउनु पर्दछ भन्ने सोच राखिएको छ । आफ्ना नागरीकहरुले बिदेशमा रोजगारी पाउदा देशमा प्रबिधि, सीप र बिदेशि मुद्रा भित्रीन सक्छ भने अन्य सामाजिक बेफाइदाहरु पनि भित्रीन सक्छन । त्यसैले गर्दा सरकारी स्तरबाट पनि यस पक्षलाइ योजनामा समावेश गराइ लैजाने नीति लिइरएको छ । तसर्थ यो नविन विषय भएर पनि तिव्र गतिमा समाजको आँखाँमा चासोको बिषय बनेको हुनाले यस बिषयमा समाजशास्त्रीय शोध आवस्यक ठानेको छु ।

## १.४ अध्ययनको उद्देश्य

कुनै पनि विषयको बारेमा अध्ययन गर्नुको पछाडि निश्चय पनि उद्देश्य रहेको हुन्छ। त्यसैले मेरो अध्ययनको मूल उद्देश्य वैदेशिक रोजगारले परिवार तथा समाजको विभिन्न क्षेत्रमा पारेको प्रभावको वारेमा अध्ययन गरि वैदशिक रोजगारी प्रति आकर्षण बढ्नुको कारण पत्ता लगाउनु रहेको छ। यसका मूल उद्देश्य निम्न रहेका छन्।

१. वैदेशिक रोजगारीले सो परिवारमा पारेको सामाजिक, आर्थिक प्रभावको विश्लेषण गर्नु।


२. वैदेशिक रोजगारीमा जानु पर्ने कारणहरु पत्ता लगाउनु।

३ .समाजमा बैदेशिक रोजगारले भित्राएका नकारात्मक र सकारात्मक पक्षहरु पता लगाउने।

## १.५ अध्ययनको महत्व

यस अन्तर्गत अध्ययको उद्देश्य अनुसार अगाडि सारिएका प्रश्नहरुलाई आधार बनाएर समाजशास्त्रीय अवधारणा अनुसार विभिन्न तथ्याङ्क विधिहरु (अन्तर्वार्ता, र अवलोकन) प्रयोग गरी अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा पारेको आर्थिक तथा सामाजिक एवं रोजगारबाट फर्किएका व्यक्तिहरुले समाजमा पारेको प्रभावको वारेमा विभिन्न किसिमका सूचना तथा तथ्यहरुको आधारमा प्राप्त सैदान्तिक एवं अनुभविक निश्कर्षलाई आधारमा अगाडि दिनमा यसै विषयवस्तुहरुमा अध्ययन अनुसन्धान गर्न चाहनेहरुका लागि यो महत्वपूर्ण द्धितीय स्रोत हुन सक्छ। यसका साथै वैदक रोजगारले समाजमा पारेको प्रभावको मूल्या ङ्कन गरी समस्या समाधानमा समेत सम्बन्धित पक्षको ध्यान केन्द्रित गराउन सहयोग हुन्छ।

## १.६ अवधारणागत ढाँचा




अवधारणगत खाका अनुसार वैदेशिक रोजगारीले समाजमा सामाजिक र आर्थिक क्रियाकलापमा प्रभाव पारेको देखिन्छ । वैदेशिक रोजगारीमा सम्लग्न हुनु भन्दा अगाडि सामाजिक, आर्थिक सम्बन्धमा नाजुक खालको सम्बन्ध थियो । त्यस किसिमको सम्बन्ध वैदेशिक रोजगारीमा सम्लग्न भएपछि आर्थिक सामाजिक पक्षहरुमा प्रभाव परेको देखिन्छ । वैदेशिक रोजगारीले व्यक्ति तथा परिवारको पेशा, आम्दानी जस्ता आर्थिक पक्षहरुमा परिर्वतन गराएको छ त्यस्तै यसले व्यक्ति तथा परिवारको सामाजिक, पक्षहरु उमेर, लिङ्ग, शिक्षा जस्ता कुराहरुमा पनि परिर्वतन गराएको छ । त्यसैले वैदेशिक रोजगारीले सम्लग्न व्यक्ति तथा परिवारका आर्थिक, सामाजिक तथा पक्षहरुमा परिवर्तन आएको देख्न सकिन्छ । यसले आर्थिक गतिविधिमा प्रगति, रोजगारीमा पहुँच, महिलाहरु घरभित्र तथा बाहिरको काममा सहभागि जस्ता पक्षहरुमा प्रभाव परेको देखिन्छ ।

मुलुक भित्रै रोजगारीका अवसरहरु कम हुनका कारण वैदेशिक रोजगारीलाई एक वैकल्पिक माध्यमका रुपमा लिएको छ । यसले वैदेशिक रोजगारीमा सम्लग्न व्यक्ति तथा परिवारहरुको आर्थिक, सामाजिक, पक्षहरु माथि प्रभाव पारेको देखिन्छ । वैदेशिक

रोजगारीसँग आर्थिक पक्षको सम्बन्ध रहेको छ। आफूबसिरहेको स्थानमा रोजगारीको अवसर नहुनु, जमिनको उब्जाउ कम, कृषि पेशा, पशुपंछी पालन, निम्न आयस्रोतले गर्दा युवाहरु रोजगारीप्राप्तिसँगै आफ्नो उज्वल भविष्य वनाउन विदेश तर्फ लागेको देखिन्छ । त्यस्तै सामाजिक पक्षहरुको पनि वैदेशिक रोजगारीसँग सम्बन्ध रहेको  छ । उमेर, शिक्षा, धर्म, लिङ्ग, वेरोजगारी, तालिम, सांस्कृतिक मुल्यमान्यताले गर्दा युवाशक्ति विदेशपलायन भएको अवस्था छ । यसको आर्थिक गतिविधिमा प्रगति, रोजगारीमा पहुँच, महिलाको घरभित्र बाहिरको काममा सहभागिता, सामाजिक गतिविधिमा युवाको कम सहभागिता, बजारमा आश्रित, विदेशि रहनसहन, सामाजिक गतिविधिमा प्रगति, गतिविधिमा परिर्वतन जस्ता क्षेत्रमा प्रभाव परेको छ । यसबाट समाजको आर्थिक, सामाजिक पक्ष माथि परिर्वतन भइरहेको छ।

## १.७ अध्ययनको संगठनात्मक स्वरुप

प्रस्तुत अध्ययन एक देखि छ अध्यायमा विभाजन गरिएको छ जसलाई क्रमैसँग यसरी प्रस्तुत गरिएको छ  । पहिलो अध्यायमा परिचय, अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व रहेको छ । दोस्रो अध्यायमा अध्ययनको सैद्धान्तिक अवधारणा र पूर्वसाहित्यको पुनर्रावलोकन रहेको छ । तेस्रो अध्यायमा उक्त अध्ययन गर्दा गरिने अनुसन्धान विधि, अध्ययनको क्षेत्र छनौट,उतरदाताको छनौट, तथ्यांक संकलन विधि, अध्ययनको सीमा र तथ्यांक विश्लेषण प्रक्रिया आदि रहेको छ । चौथो अध्यायमा अध्ययन क्षेत्रको परिचय रहेको छ। पाँचौं अध्यायमा बैदेशिक रोजगार सम्बनध मा तथ्याकंको प्रस्तुतिकरण र बिश्लेषण को चर्चा गरिएको छ। छैठौं अध्यायमा सारांश र निर्ष्कष ँसमावेश गरिएको  छ। अन्त्यमा, शोधकर्ताले अध्ययन गरेको सामाग्रीको सुचि, शोध कार्यको लागि प्रयोग गरिएको छ।

# अध्याय-दुई

# पूर्वसाहित्य पुनरावलोकन

## २.१ सामान्य परिचय

यस बैदेशिक रोजगार सम्बन्धमा  सन् १९५० को प्रजातन्त्र स्थापना पछि मुख्यरुपमा तीन प्रकारले  समाज र संस्कृतिको अध्ययन अनुसन्धानहरु भएका छन् । जसमा जातीय अध्ययन, सामाजिक परिवर्तन सम्बन्धी अध्ययनहरु महत्वपूर्ण छन् । यी तीन प्रकारका अध्ययनहरुमा विभिन्न किसिमका अवधारणाहरुको प्रयोग गरिएका छन् ।  समाज र संस्कृतिको सम्बन्धमा समाजशास्त्रीय अध्ययन अनुसन्धान गर्ने विदेशी विद्वानहरुमा (पी.ब्लेकी, क्यामरोन जोन, डेभिड सेड्डन) समेतले  विकास र यसले सामाजिक आर्थिक जीवनमा पारेको प्रभाव वारे अध्ययन गरी सन् १९८० मा *'Nepal in crisis: growth & stagnation at periphery'* नामक पुस्तक प्रकाशित गरेको पाइन्छ ।

यसमा विशेषतः नेपालको मध्येपश्चिम क्षेत्रमा राजमार्गको निर्माण पछि त्यस क्षेत्रका मानिसहरुको सामाजिक, आर्थिक तथा राजनैतिक जीवनमा के कस्ता प्रभाव परेको छ ? विकास प्रक्रियाबाटै समाजमा के कस्तो अविकासहरु सिर्जना भएका छन् ? र यसले आन्तरिक उत्पादन प्रणालीमा के कस्ता नकारात्मक असर पारेको छ ? सम्पन्न तथा पुँजीवादी राष्ट्रले अवलम्वन गरेको नीतिबाट तेस्रो विश्वका अर्थतन्त्रमा के कस्ता नकारात्मक प्रभावहरु परेको छ ? र परनिर्भता कसरी बढेको छ ? भन्नेकुराको वस्तुगत आधारमा विश्लेषण गरिएको पाइन्छ । यिनै पृष्ठभूमिमा आधारित भई (डेभिड सेड्डन) र उनका सहपाठीहरुले नेपालका किसान र भरियाहरुको सामाजिक आर्थिक अस्थाको समेत अध्ययन गरेर यस अघि नै सन् १९७९ मा *'Peasant and workers in Nepal'* नामक पुस्तक पनि प्रकाशित गरेको पाइन्छ । उक्त पुस्तकको अध्याय एक *The social sciences, Marxist theory & underdevelopment* आलेखमा मार्क्सवादी अवधारणा अन्तर्गत नेपालको राजनैतिक अर्थनीतिको ऐतिहासिक व्याख्या गरिएको छ ।

जसमा खुला अर्थतन्त्रको विकास, पुँजीवादी उत्पादन सम्बन्धको विकास, केन्द्र निर्देशित विकास प्रकिया आदिका कारण अविकास सिर्जना भई यसबाट कामदार तथा भरिया वर्गमा परेको नकारात्मक प्रभावका बारेमा चर्चा गरिएको छ । नेपालको मध्येपश्चिम राजमार्गको निर्माणसंगै राजनैतिक अर्थतन्त्र र यसको ऐतिहासिक विकास कमलाई

अविकासका विभिन्न पक्षसँग जोडेर व्याख्या गरिएको छ । त्यस्तै जोन जे.मिट्जले सन् १९८९ मा प्रकाशित लेख *'Himalayan Political Economy'* मा माक्सवादी अवधारणाको प्रयोग गरेर विशेषगरी हिमाली वातावरणीय विनाशमा राजनैतिक अर्थतन्त्रको भूमिका तथा प्रभावका बारेमा व्याख्या विश्लेषण गरेको पाइन्छ। झट्ट हेर्दा वातावरणीय विनाशमा गरिबी तथा कृषकहरुलाई कारक तत्व मानिएता पनि समाजमा विकास भएको राजनैतिक अर्थनीतिको ऐतिहासिक विकासक्रम सबैभन्दा महत्वपूर्ण कारकतत्व हो भन्ने प्रमाणि गर्न लेखकले १८ औं शताब्दीको सुरुआतबाटै गलत राजनैतिक प्रणाली सुरु भएको सन्दर्भलाई उठाएका छन् राजश्व सङ्कलन गर्ने नीतिले वनसँग समुदायको सम्बन्ध टुटाउनु, सरकारी तथा गैरसरकारी क्षेत्रबाट हुनेगरेको अनुसन्धानात्मक विकास कार्यहरुले लक्ष्यलाई आत्मसात गर्न नसक्नु, विकासको अवधारणाले स्थानीय जनताको सहभागितालाई जोड नदिनु, दातृसंस्थाहरुले आ-आफ्नो स्वार्थ अनुरुप चलखेल गर्नु, जनताको स्थानीय अधिकार र निर्णयमाथि राज्यको हस्तक्षेप हुनु जस्ता आदि कारणहरुले वातावरणीय विनाश भएको चर्चा गरेका छन् । उनले यस क्रममा एक राष्ट्रको अर्को राष्ट्रसँग हुने सम्बन्धमा धनी तथा प्रभुत्वशाली राष्ट्रको प्रभुत्वका कारण अर्को राष्ट्र प्रभावित हुने सन्दर्भलाई समेत उठाएका छन् ।

यसैगरी परिवर्तन सगसगै १९ औं शताब्दीमा औपनिवेशिक ब्रिटिस-भारतको अर्थव्यवस्था कसरी प्रभावित भयो ? भन्ने तथ्यलाई रिचार्ड इङ्लिस *(Rechard English)* ले सन् १९८५ मा प्रकाशित हिमाली राज्यको निर्माण र १९ औं शताब्दीमा ब्रिटिस शासनको प्रभाव *(Himalayan state formation & the impact of British rule in the nineteenth century)* शीर्षकको आलेखमा उल्लेख गरेका छन् । लेखकले यस क्षेत्रको नगदेवाली र वनपैदावरबाट प्रभावित भएर त्यसलाई विश्व अर्थतन्त्रमा जोड्ने बेलायती उपनिवेशले गरेका निर्यातपूर्ण चासोको सम्बन्धमा चर्चा गरेका छन् । बेलायती केन्द्रक्षेत्रको प्रभाव कसरी हिमाली राज्य (पृष्ठ क्षेत्र) सम्म परेको थियो ? र त्यस हिमाली अर्थतन्त्रलाई कसरी विश्वअर्थव्यवस्थाको एउटा अङग बनाउन खोजिएको थियो ? भन्ने वास्तविकतालाई विश्वव्यवस्थात्मक सिद्धान्तको आधारमा विश्लेषण गरिएको छ । नेपालको तराइ भेगमा वनजङ्गलको व्यापक फडानी गरी ब्रिटिस-भारतमा रेलको लिक निर्माण गर्न ठूलो परिणाममा बहुमूल्य जातको काठ र कृषिजन्य उत्पादन *(Agro-product)* बाट अधिकतम लाभ लिन तथा राणाहरुसँग सामिप्यता राखी नेपाली युवाशक्तिलाई आफ्नो कब्जामा लिन

बेलायती उपनिवेशवादीहरु सफल भएको चर्चा गरिएको छ । चौधौं शताब्दीमा भारतबाट लखेटिएका खसहरुले नेपाल आएर यहाँका आदिवासीहरुलाई आफ्नो प्रभुत्वमा राखेको र हिन्दू धर्मअनुसारको शासन प्रणाली विकास गरी अन्य समुदायमाथि गरेको शोषणलाई उनले आन्तरिक शोषणको रुपमा व्याख्या गरेका छन् भने वेलायती उपनिवेशले यहाँका मानवशक्ति कच्चा पदार्थ, वन पैदावर आदिको आयात गरी नेपाललाई केन्द्र क्षेत्रप्रति आश्रित बनाउँदै लगेको र राजनैतिक रुपमा यहाँका शासकवर्गलाई आफ्नो पकडमा लिई सोही अनुसार कायम गराएको असमान आर्थिक सम्बन्धलाई बाह्य शोषणको रुपमा लिएका छन् । त्यसैगरी जेम्स एफ.फिसरले पनि पश्चिम नेपाल (डोल्पा जिल्ला) को आर्थिक, सामाजिक तथा सास्कृतिक विनिमय प्रणाली र प्रभावका वारेमा चर्चा गरेका छन् ।

जनजातीय अध्ययन अन्तर्गत सेरी बी.अर्टनरले सोलुखुम्बुका शेर्पा समुदायको सामाजिक सांस्कृतिक जीवनको अध्ययन विश्लेषण गरेको पाइन्छ भने डि.एच. होलम्वर्गले काठमाडौं उत्तर त्रिशुली देखि गणेश हिमाल आसपासमा वसोवास गर्ने तामाङ समुदायको समग्र अवस्था झल्किने गरी अध्ययन अनुसन्धान गरेको पाइन्छ । त्यसैगरी (अगष्टा मोलनारले) खासगरी डोल्पा क्षेत्रको खाममगरहरुको आर्थिक कार्यप्रणालीमा पर्यावरणीय प्रभावको चर्चा गरेका छन् भने (स्टिभेन स्टेन्ली एफ).ले तिब्बतसँग सिमान जोडिएको खुम्बु क्षेत्रका शेर्पाहरुको बारेमा सन् १९९१ मा स्थलगत अध्ययन गरेको पाइन्छ । (थोमस ई.फ्रिक) *(Thomas E. Frick)* ले पनि काठमाडौंबाट उत्तरपश्चिममा अवस्थित (गणेश हिमालसँग जोडिएको) तिमलिङ गाउँका तामाङ जातिको (पर्यावरणीय प्रभाव सम्बन्धी) अध्ययन गरेको पाइन्छ । यसैगरी ए.पी. क्याप्लन, फ्रेडरिक एच.गेइज, लियोनेल क्याप्लन *(Nionel Caplan)* , लीन वेनिट *(Lynn Bennett)* आदि विद्वानहरुले पनि नेपाली समाजको विभिन्न क्षेत्र र विषयमा अध्ययन अनुसन्धानहरु गरेको पाइन्छ । समाजसंस्कृतिको अध्ययन विश्लेषणगर्ने कार्यमा नेपालका समाजशास्त्री/मानवशास्त्रीहरुको पनि महत्वपूर्ण देख रहेको छ । यी विद्वान्हरुमा गोपालसिंह नेपाली र डोरबहादुर बिष्टको विशिष्ट योगदान रहेको पाइन्छ । सर्वप्रथम नेपालमा समाजशास्त्र/मानवशास्त्रको विकासमा यिनै विद्वान्हरुको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । गोपालसिंह नेपालीद्वारा सन् १९६५ मा प्रकाशित कृति ('नेवार') *(The Newar)* लाई नै नेपाली समाज र संस्कृतिको सम्बन्धमा नेपाली विद्वान्हरुबाट भएको समाजशास्त्रीय अध्ययन विश्लेषणको पहिलो दस्ताबेज मान्न सकिन्छ । यसैगरी डोरबहादुर बिष्टद्वारा वि.सं. २०३० का प्रकाशित पुस्तक ('सबै जातको फूलबारी )

समाजशास्त्रीय अध्ययन विश्लेषणको अर्को महत्वपूर्ण कृति हो । यसपछि नेपाली विद्वान्हरुबाटै नेपालमा थुप्रै समाजशास्त्रीय/मानवशास्त्रीय अध्ययन अनुसन्धानहरु भएका छन् । डा. रामबहादुर क्षेत्री, डा. ओम गुरुङ, प्रा.डा. चैतन्य मिश्रले नेपाली समाज र संस्कृतिको अध्ययन विश्लेषणमा महत्वपूर्ण योगदान दिएको पाइन्छ । यी विद्वानहरुमा प्रा.डा. चैतन्य मिश्रले *Development & under development: A preliminary sociological perspective* कृतिमा विकास र अविकासको सम्बन्धमा विश्वव्यवस्थात्मक सिद्धान्तको प्रयोग गरी ऐतिहासिक विश्लेषणका आधारमा आलेखहरु प्रकाशित गरेका छन् । लेखकले विश्वव्यवस्थाका देशहरुमा हुने असमान विनिमय सम्बन्धलाई प्रष्ट्याउन खोजेका छन् । यस अनतर्गत नेपाललाई इष्ट-इन्डीया कम्पनी (भारत) ले पृष्ठ क्षेत्रीय देशको रुपमा शोषण गरेको, बहुराष्ट्रिय निगमको प्रवेशले नेपाली अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको सम्बन्धमा चर्चा गरिएको छ । लेखकले पृष्ठक्षेत्रका शासक वर्गहरु पुजिपति तथा व्यापारी वर्गहरु के कसरी केन्द्रक्षेत्रका पूजिपतिहरुसँग मिली राष्ट्रिय अर्थनीतिलाई प्रभाव पार्दछन भन्ने कुराको उदाहरणस्वरुप राणाहरुले नेपालको श्रमशक्ति र तराइको जङ्गलबाट काठ तथा वनपैदावर ब्रिटिस-भारतमा निर्यात गरी त्यसबाट लाभ लिएको प्रसङ्ग उठाएका छन् ।

त्यस्तै केन्द्रक्षेत्रका तयारी वस्तु आयात र बिकी वितरणमा सहयोग गर्ने, उनीहरुको प्रभुत्व, नियन्त्रण  र दादागिरी  लाई स्वीकार गर्ने प्रवृत्तिको समेत चर्चा गरेका छन् । यसबाट नेपाली मौलिक उत्पादन व्यवस्था र यसलाई समर्थन गर्ने सामाजिक-सास्कृतिक एकाइहरुमा विस्थापनको स्थिति आएकोले गर्दा परर्भिरता बढेको चर्चा गरिएको छ । यसै गरी अर्का विद्वान् नन्दराम श्रेष्ठद्वारा लेखिएको सन् १९९९ मा (*Educational Enterprises*) काठमाडौंद्वारा प्रकाशित *In the name of development: reflection on Nepal* नामक पुस्तकमा पनि शताब्दीऔंदेखि विकास भएको उपनिवेशवाद र वर्तमानको पूँजिवादी राजनैतिक अर्थनीतिले नेपाल लगायत तेस्रो विश्वका देशहरुमा पश्चिमाहरुको प्रभाव विस्तार भएको तथ्यलाई केलाउँदै अन्तरदेशीय सम्बिन्धले आन्तरिक अर्थतन्त्र, राजनीति र सामाजिक-सांस्कृतिक व्यवस्थामा परेको नकारात्मक असरका बारेमा चर्चा गरिएको छ ।

नेपालको आन्तरिक विभेदपूर्ण सामाजिक संरचना, जहाँ अभिजात वर्गले स्वदेशी-विदेशी साँठगाँठको भरमा सर्वसाधारण माथि शासन गर्ने राज्य संयन्त्रको संस्थागत विकास । जसले गर्दा अविकासको स्थिति सिर्जना भएको निष्कर्ष निकालेका छन् । लेखकले नेपालका माओवादीहरुद्वारा सञ्चालित जनयुद्धलाई पनि यिनै अविकाससँग जोडेर व्याख्या विश्लेषण

गरेका छन् । उनले नेपालको गलत विकास प्रक्रिया, विभेदपूर्ण सामाजिक संरचना, दातृसंस्था तथा राष्ट्रहरुको कुटिल स्वार्थ सहितको सहयोग, राज्य संयन्त्रमा सम्भ्रानतवर्गहरुको हालीमुहाली जसता कारणहरुले माओवादी जनयुद्धलाई अझ बढाएको प्रसङ्ग उठाएका छन् । यसैगरी प्रा.डा. ऋषिकेशवराज रेग्मी, प्रयागराज शर्मा आदि विद्वान्हरुले पनि नेपाली समाजको विभिन्न क्षेत्र र विषय अन्तर्गत समाजशास्त्रीय मानवशास्त्रीय अध्ययन विश्लेषणमा महत्वपूर्ण योगदान दिएको पाइन्छ । समाजमा लैङ्गिक अध्ययन, महिला सम्बन्धी अध्ययनहरु, जातिगत अध्ययनहरु, जातिगत आर्थिक-सामाजिक अवस्था सम्बन्धी अध्ययनहरु, संस्कृतिविशेष अध्ययनहरु, सांस्कृतिक परिवर्तन सम्बन्धी अध्ययनहरु, कृषि तथा सामुदायिक वनसम्बन्धी अध्ययनहरु, लागू पदार्थ दुर्व्यसन तथा एच.आइ.भी. एड्स सम्बन्धी अध्ययनहरु र वृद्धावृद्धहरु सम्बन्धी अध्ययनहरु समेत भएको पाइन्छ ।

यी अध्ययनहरुले आ-आफ्नो क्षेत्र र विषयमा महत्वपूर्ण सुझावहरु समेत दिएको पाइन्छ । जान चाहेको मुलुक, रोजगार दाता संस्था र त्यसले दिएको कार्य अनुमति पत्र साथै सो संस्थाले दिने मासिक परिश्रमिक, कामको किसिम र कार्य समय, रोजगारीका शर्तहरु र अन्य सुविधाहरु, नजिकको नातेदार एवं निजको दायित्व वेहोरने व्ययक्तिको सहमति समेत संलग्न राखि श्रम विभागमा निवेदन दिएमा नेपाल सरकारले त्यसमा आवश्यक कुरा बुझि निवेदकलाई वैदेशिक रोजगारी मा जान स्वीकृति दिन सक्ने व्यवस्था छ । (वैदेशिक रोजगारी, वर्ष १, अंक ५, १९९८:१) । रोजगारको विमा लगाएत नेपालमा हुने विमाको सम्बन्धमा वि.सं. २०५४।१२।१० वाट मन्त्रीस्तरको निर्णयले वि.सं. २०५५।३।७ गते देखि लागु हुने गरी व्यक्तिगत प्रयारबाट वैदेशिक रोजगारी मा जाने व्यक्तिले रु.१ लाखको विमा गर्नु पर्ने भएको छ (शाक्य, वैदेशिक रोजगारी, वर्ष १, अंक ५, १९९८:१) । यो व्यवस्था संस्थागत रुपमा पहिल्यै बाट लागु गरिएको थियो । जस्तो सुकै परिवेशमा ठगि नियन्त्रण गर्न खोजे पनि विभिन्न समाजबाट गैर कानूनी तरिकाले नागरिकहरुलाई विदेश लान नरोकिएकाले मिति वि.सं. २०५४।११।४ मा नेपाल सरकारले वैदेशिक रोजगारीका गैर कानूनी विसंगति नियन्त्रण गरी यस व्यवसायलाई व्यवस्थीत मर्यादित वनाउने अभिप्रायले त्रिभुवन विमानस्थलको प्रस्थान कक्षामा श्रम कक्ष राख्ने निर्णय गरेकोछ । वैदेशिक रोजगारीमा जाने सम्पूर्ण महानुभावलाई उक्त कक्षमा अनिवार्य रुपमा सम्पर्क राख्नु हुन अनुरोध गर्दै श्रम मन्त्रालयले गैर कानूनी रुपमा वैदेशिक रोजगारीमा जाने प्रकृयालाई

नियन्त्रण गर्न सम्बन्धीत सवै पक्षको सहयोगको अपेक्षा गरेको छ (गोरखापत्र दैनिक २०५४:१) ।

## २.२ वैदेशिक रोजगारी को आर्थिक तथा योजनागत सन्दर्भ सामाग्रीको अध्ययनः

कुनैपनि समाज कतिको विकसित छ । भनेर मापन गर्ने प्रमुख आधारहरु मध्ये आर्थिक आधार पनि एक हो समाजको आर्थिक स्थीति र जनताको जीवनस्तर उचो भएको मुलुक विश्वमा गरिव र वेरोजगार भनेर चिनिनु पनि पर्दैन । हाम्रो समाजमा जुन किमीमको परंपरागत कृषि व्यवस्थाको वाहुल्यता छ । त्यो संभवत गरिव वेरोजगारीको समास्याले पिरोलिएको देखिन्छ । यसमा हाम्रो देश पनि पर्दछ । जुन समाजमा आर्थिक पक्षमा कम्जोर हुन्छन, औद्योगिक विकास भएको हुदैन, पूँजी वजार कमजोर हुन्छ त्याहाँ बेरोजगारि व्याप्त रहन्छ,। शिक्षाको स्तर कमजोर हुन्छ,। देश र समाज अविकसित हुन्छ । यस्तै मुलुकहरु नै अविकसित, र विकासोन्मुख रहन्छ। त्येसैले देशको विकासको लागि अर्थतन्त्रको मेरुदण्डलाई सुदृढ पार्नु पर्दछ । साथै समाजमा व्याप्त गरिवि र वेरोजगारि पनि हटाउनु पर्छ । नत्र समाज वृकृति बिमुख तिर उन्मुख हुन्छ र त्यस क्षेत्रका परिवार व्यक्ति पनि विकृति बिसगती तिर उन्मुख हुन्छन् भन्ने कुरा यस शोधमा अध्ययन गरिएको छ । आफ्नै छुट्टै पहिचान वोकेको यस सखुवासभा जिल्ला खराङ गा.वि.स. को सामाजिक,आथिक,भौगोलिक,सांस्कितिक लगायत का पक्षहरु मा समाजशास्त्रीय खोज तथा अनुशन्धान गर्ने क्रममा वैदेशिक रोजगारीमा यस समाजका युवाहरुको बारेमा कस्तो किसिमको प्रभाब पारेको छ भन्ने बारेमा थुप्रै पक्षहरु मा अध्ययन गरेको छ ।

जस्मा याहाको आथिक र सामाजिक पक्षमा कम्जोर भएर बिदेशिएका युवा को सिथिती के कस्तो रहेको छ बिदेशको ५५ डिग्री तापकमको खाडी राष्ट्रमा नेपाली युवाहरु ईमान्दर र परिश्रमी भएर चिनिएका छन् । वास्तवमा यी ठाउँहरुमा पुगेका युवाहरुको दुःख परिश्रम को तदारुक्ता देखिएन । किनकी त्यसठाउँमा पुग्न छुट दिने वा पुराउने निकायहरुसँग नै तिनको वास्तविक तथ्यांक समेत छैन । नेपाली युवाहरुको अमिला पसिनाले आज कयौ शहर भरिएका छन तर ति सव खिल्ली र हासो अवहेलनाका पात्र भएका छन् । वैदेशिक रोजगारीमा उच्चस्तरका दक्ष जनशक्तिलाई बैदेशिक रोजगारी मा प्रोत्साहन गरिनु पर्छ । र अदक्ष अशिक्षीतलाई पनि प्रोत्साहन गरिनु पर्छ। समाजमा बिभिन्न किसिमका बिकासका योजनाहरु लाइ योजनाबद तबर बाट अगाडि बढाउदै । हाल नेपाली संस्कारनै परनिर्भरतामा हुर्किदै गएको छ । बिदेश के हो र किन गइन्छ ? जानु पर्ने बाध्यता

किन पऱ्यो ? उनिहरुको यात्रा र भोगाइ, काम र पारिश्रमिक कस्तो रहनु पर्छ ? यस समबन्धी विस्तृत अध्ययन हुनु आवस्याक छ ।

आफ्नो मनले नमान्दा नमान्दै पनि जब जोश जागर बोकेको एक होनहार युवा बिदेशिन पुग्छन र उसले आफ्नो परिश्रमको, पसिनाको मुल्य पाउदैन अनि उसको मनमा देश प्रति नकरात्मक भावना नआउला भन्न सकिदैन । समाजमा रहेक निकै समस्याको सामाना गर्नु पर्ने हुन्छ । सरकारी असाबधानी र अव्यबस्थित व्यवस्थापनले गर्दा बेरोजगार युवाहरु समाजमा असुरक्षित देखिन्छ। र अज्ञानताको कारण  क्षणभरको पाइलाले जीवन बर्बाद लगायत सामाजिक निरन्तरता पनि खलबलिन सक्छ । यहि समाजिक समस्याको उठान र समाधान के हो भन्ने खोज गर्न मैले यस बिषयमा अनुसन्धान आवस्यक ठानेको छु ।

## २.३. वैदेशिक रोजगारलाई सैद्धान्तिक दृष्टिकोणबाट हेर्दा

समाजको एउटा महत्वपूर्ण चरित्रको रुपमा रहेको अत्यन्त चल वस्तु भनेको श्रम हो । परम्परादेखि आजसम्म पनि विभिन्न दृष्टिकोणबाट श्रमलाई परिभाषित र निर्देशित गर्ने गरिएको छ । समय अनुकुल परिमार्जित हुँदै जाने समाजमा श्रमको वस्तुस्थिति र परिपाटीले एउटा सैद्धान्तिक दृष्टिकोणहरु ल्याउने गर्दछ । यसलाई विभिन्न दार्शनिक समाजशास्त्री र अन्य विद्धत वर्गले विभिन्न कोणबाट समाजमा स्थापित गर्दै गरेका छन् ।

समाजमा सामाजिक न्यायको सिद्धान्त समाजशास्त्रमा त्यति वेला विकास भयो जति बेला मानवीय मूल्य र मान्यतालाई राज्यले संरक्षण दिइनु पर्छ भन्ने धारणाको विकास समाजमा भयो। समाजमा हुने खाने वर्ग र गरी खाने वर्गको विभाजन रेखा जव स्पष्ट रुपमा परिवर्तन हुन थाल्यो त्यसपछि गरी खाने वर्ग वा जो आफ्नो श्रमलाई उत्पादनको निश्चित मूल्यमा सोच्छन् उनीहरु संगठित र आफ्नो नैसर्गिक अधिकारको आवाज उठाउन थाले उनीहरुको पिडा र श्रमको मूल्यको संरक्षण राज्य निहित शक्तिबाट हुनुपर्छ भन्ने धारणा स्थापित भयो र न्यायोचित तरिकाले श्रमको मूल्याङ्कन गरिन थालियो। यसपछि सामाजिक न्यायको सिद्धान्तत विकास भयो । राज्यले श्रमिकको स्वास्थ्य, सुरक्षा र समानताको नैतिक वा नैर्सगिक अधिकार संरक्षणको जिम्मा लिनु र हक अधिकार दिनु नै सामाजिक न्यायको सिद्धान्त हो । यस परिप्रेक्ष्यमा वैदेशिक रोजगारीमा पनि यो सिद्धान्त पूर्णत क्रियाशिल देखिन्छ ।

यद्यपी यो एउटा देशको मामिला नभए पनि आखिर आवश्यक संरक्षण र प्रबन्ध सुरक्षाको अनुभुति देश नभई दिन सकिदैन (देवकोटा, २०५६:११) सामाजिक समानताको

सिद्धान्त अनुरुप कुनै पनि समाजमा साधारण वा विशिष्ट जुन श्रमिक आफ्नो श्रम बराबर समाजमा कानुनत निश्चित मूल्य समान रुपमा पाउनु पर्छ भन्ने मान्यतामा आधारित छ । यदि समाजमा कुनै असन्तुलन वा हलचल आउँछ भने त्यहाँ *"Social unequality in labour value'* नै मुख्य कारक तत्व हुन्छ भन्ने मान्यता राख्दछ ।

अर्को पक्ष भनेको यस सिद्धान्तमा *'International uniformity'* पनि हो । संसारको श्रमजिवी वर्ग भनेको एउटै परिवार वा वर्गमा पर्दछन्, संसारका मजदुर वा कामदारका समस्याहरु पनि साझा हुन्छन् । यी समस्या समाधानमा सम्पूर्ण मजदुरहरु एक हुनु पर्दछ । समानताको लागि वर्गिय पहल गर्नुपर्छ र यसलाई श्रम कानूनको संरक्षण दिइनु पर्छ भन्ने सिद्धान्त नै *'Theory of social equality'* मा पर्दछ । यसै परिप्रेश्यमा वैदेशिक रोजगारीलाई पनि काम गर्ने देशमा नियमित श्रमिकले पाउने सबै खालका मानसिक, शारीरिक, भौतिक साथै भविष्यगत सामाजिक सुरक्षा कानूनतः निर्धारण गरिनु पर्दछ भन्ने मान्यता राखिन्छ । श्रमिकले पाउने सुविधाहरु, पेन्सन, उपदान, भौतिक सुरक्षाका साधन, तलव मापन आदि कुराहरु सामाजिक सुरक्षा अन्तर्गत राख्न सकिन्छ ।

मार्क्सवादी चिन्तनमा पनि समाजको अधिकांश निर्णायक वर्ग भनेको श्रमिक वर्ग हो भन्ने वैज्ञानिक तथ्यलाई अगाडी सारिएको छ । उत्पादनको मुख्य भूमिका राख्ने श्रमिक वर्गलाई शोषण गर्ने वर्गले पाउँदा सम्म शोषण गर्ने र श्रमिक वर्गले आफ्नो हक अधिकारको लागि विभिन्न तह र वर्गिय एकता कायम गर्दै अन्तर द्वन्दलाई बढता दिँदै श्रमिकले आफ्नो मुल्य स्थापित गर्दछन् भनिएको छ । यसरी आफ्नो श्रमलाई समाजमा वा उत्पादनमा प्रयोग गर्नको लागि अवसरको खोजी रहेको वर्गले गरेको गतिशिल प्रवाह नै श्रमिकको स्थानान्तरण हो । जसले गर्दा उत्पादन तुलनात्मक रुपमा सस्तो र सुलभ हुन्छ । वस्तुको मुल्यलाई वस्तुको लागतले निर्धारण गर्दछ । वस्तुको लागत भनेको श्रमिकको मुल्यसँगै घटबढ हुने कुरा हो । यसरी श्रमको मुल्य घटबढ भएमा श्रम बढी गतिशिल हुन्छ । श्रमको तरलताले गर्दा श्रमिक, उत्पादन र उत्पादन सबैमा तुलनात्मक रुपमा फाइदा हुन्छ ।

सामाजिक संरचनाका विभिन्न तत्वहरु बीच अर्न्तक्रियात्मक सम्बन्ध हुने भएकाले सवै तत्वहरु बीच संरचनागत कार्य भइरहेको हुन्छ । समाजको अध्यानमा एउटा तत्वको अध्यानबाट मात्र समग्र व्यवस्थाको कार्यरुप हेर्न सकिदैन किनकी समग्र व्यवस्थाका सवै अंगहरु बीचमा प्रकार्यात्मक सम्बन्ध रहन्छ । यही प्रकार्यात्मक सम्बन्धका कारणले कुनै पनि सामाजिक पक्ष वा घटनाको अध्ययन गर्दा समग्र सामाजिक व्यवस्थाकै सन्दर्भमा लिइनु

आवश्यक हुन्छ । त्यस्तै क्रममा समाजशास्त्री इमाइल दुर्खिइमका अनुसार सामाजिक घटनाको सामाजिक परिस्थितिसँग अत्यन्त घनिष्ट सम्बन्ध रहेको हुन्छ । यसकारण घटना परिस्थिति दुवै एक-अर्कोलाई उत्पन्न गर्ने कारण हुन सक्दछन । सामाजिक व्यवस्थाका अन्य तत्वहरुमा आएको परिवर्तनले सामाजिक क्रियाकलापमा, समेत प्रभाव पार्दछ । सामाजिक व्यवस्थामा आएको परिवर्तनको प्रभावले सामाजिक मूल्य, मान्यता, विश्वास र व्यवहारमा परिवर्तन ल्याउँछ । व्यक्तिगत र पारिवारिक अन्तरकृयाको ढाँचामा आएको परिवर्तनले पनि पारिवारिक जीवनमा प्रभाव नपारी रहन सक्दैन र अगिल्लो व्यवस्थाका विद्यमान परिस्थितिमा समेत उतार चढाव ल्याउँछ । नयाँ परिवर्तनसँगै सवै सहायक इकाइहरु एकीकृत सन्तुलनमा समाहित नभएसम्म सामाजिक व्यवस्थामा आएका परिवर्तनमुखी घटनाहरुलाई समस्याको रुपमा लिइन्छ । यस्ता समस्याहरुको सही निदान समाधान गर्न घटनालाई सामाजिक समग्रता भित्रै राखेर अध्ययन गरिनु पर्छ ।

# अध्याय-तीन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्र छनौट उदेश्य

यो अध्ययन सीमित शैक्षिक पुरकता भन्दा पनि यस विषयमा हाल उत्कृष्ट प्रकारको अनुसन्धान नभएको पाइएकोले यस सम्बन्धी समाजशास्त्रीय अध्ययन अति आवश्यक थियो, यसै रिक्ततालाई थोरै हदसम्म भए पनि पुरा गर्नको लागि शैक्षिक पुरकताको साथै अनुसन्धानात्मक तथ्य समाज सामु आउनको लागि यो शोधको समायोजन गरिएको छ । यस शोधको अध्ययन विधिलाई हेर्दा वर्णानात्मक तथा अन्वेषाणत्मक अनुसन्धान ढाँचा भन्न सकिन्छ । प्रत्यक्ष सरोकारवालाले उसको प्रत्यक्ष भोगाइबाट कस्तो, कसरी र किन भन्ने जस्ता प्रश्नको प्रत्यक्ष सवाल जवाफ साथै उसको भोगाइलाई अरुले मा कसरी हेरीरहेका छन् भन्ने कुराको अध्ययन यस शोधमा गरिएको छ । यहा अवलोकन, अर्न्तवार्ता, केश अध्ययन आदि बाट सुचना संकलन गर्दै यो अनुसन्धान अगाडी बढाइएको छ ।

वैदेशिक रोजगार हाल एक कदम अगाडी बढि केही विकसित रुपमा अगाडी आइरहेको बेला यस सम्बन्धी गरिने अनुसन्धनात्मक प्रकृया स्वत सुझाव मुलक हुन सकेन भने यसको औचित्य नहुन सक्छ तसर्थ देशमा यस सम्बन्धी भएका अध्ययन विधिहरुसँग यस अध्ययनलाई समानान्तर विधिमा अध्ययन गरिने छ ।

## ३.२ समग्रता र नमूना छनौट

यस अध्ययनको मुख्य खोज थलो नै संखुवा सभा खराङ्ग गा.वि.स. उद्देश्यमुलक नमुना छनौटको आधारमा छनौट गरिएको छ । किन भने यस गा.वि.स. बाट खोजको सीमा भित्र परेका (खाडीका तीन देशहरु, साउदी अरब, कतार र दुबईमा) बैदेशिक रोजगारीमा गएका २४० जना मध्ये हाल सम्म फर्केर आएका १०७ जनालाई अध्ययन परिभाषा भित्र राखिएको छ । यस खोजको उद्देश्य यस बैदेशिक रोजगारीले समाजमा पारेको प्रभाव अध्ययन गर्ने भएकाले गएर आएकाहरलाई मात्र समेटनु परेको हो । यस क्षेत्रबाट बैदेशिक रोजगार ऐन २०४२ लागु भए देखि यता हाल सम्म यि देशमा गएर आएकालाई लिइएको र ऐन लागु हुनु भन्दा अगाडीका उत्तरदाता लाई लिइएको छैन ।

## ३.३ उत्तरदाताको छनौट

यस अध्ययनमा १०७ जना उत्तरदाताहरु लिइएको भएता पनि सबै जनालाई भेटन र सबै संग अर्न्तकिया गर्न वा सबैका बारेमा अध्ययन गर्न सम्भव नदेखिएकाले १०७ मध्ये ६२ जना उत्तरदाताहरु लिने निर्णय गरिएको हो जुन १०७ का ५८% हुन आउछ । यसबाट वैदेशिक रोजगारी बारे विष्लेषण गर्न र अध्ययन गर्न सम्भव हुने भएकोले यि ६२ जनालाई गा.वि.स. भरि बाट (नमुना छनौट का) आधारमा प्राय प्रत्येक वार्डबाट पर्ने गरि लिइएकोछ । खरागं गा.वि.स. प्रत्येक वडामा बसोबास गर्दै आएका ८३२ घरधुरीका ३४० मध्येबाट अर्थात् १०७ घरलाई सम्भाब्य नमुना छनौट विधि प्रयोग गरि नमुना छनौट गरिएको छ । यिहरु सबै लाइ भेट्न र कुरा र्गन सम्बभ नभएको हुदा १०७ जना उतरदातासग प्रत्येक घरधुरीबाट १ जना उत्तरदाता पर्ने गरि गोला बनाई बाकसमा राखियो । गोला प्रथा द्वारा ६२ जना उत्तरदाताको संख्या झिकियो र उत्तरदाता सुचि बनाईयो । धेरैजसो ले ठिक तथा यथार्थपरक उत्तर दिन नसक्ने र उत्तर दिनका लागि समय प्रदान गर्न नसक्ने देखिएको हुनाले सम्भाव्य नमुना छनौटको प्रयोग गरिएको छ । यिनै छनौटमा परेका ६२ जना उतरदाताहरु सँग सम्पर्क गरी प्राप्त तथ्यांकको आधारमा उनीहरुको सामाजिक, आर्थिक अवस्थाको पनि विश्लेषण गरिएको छ ।

## ३.४ तथ्यांकका श्रोतहरु

अनुसन्धानमा उद्देश्य प्राप्त हुनकोलागि सहि तथ्यांक संकलन र विश्लेषण हुनु पर्दछ । भरपर्दो श्रोतबाट लिइएका तथ्यांकहरु नै अनुसन्धानको धर्म भएकाले अनुसन्धानको गहिराई र गहनता पुरा गर्न सकेसम्म विश्वास योग्य श्रोतहरुलाइ मात्र तथ्यांकको रुपमा यहा लिइएको छ । यस अनुसन्धानमा लिइएका तथ्यांकहरु मुख्यत दुई श्रोतबाट लिइएका छन् ।

### (क) प्राथमिक श्रोत

प्राथमिक सुचनाहरु क्षेत्र अध्यायन, अवलोकन र अर्न्तवार्ता आदि बाट लिइएको छ । यस शोधको अध्ययनको थलो खराङ् गा.वि.स. मा वसि उद्देश्य प्राप्तीकालागि प्राथमिक सुचनाहरु ल्याइएको छ । समाजिक अध्ययनमा यस्ता क्षेत्र अध्ययन बाट (Field Survey) बाट सुचनाहरुको उजागर नभएका तथ्यहरु देख्न तथा अनुभव गर्न सकिन्छ

(ख) **द्वितीय श्रोत**

द्वितीय श्रोतहरुमा सम्बन्धित क्षेत्र वा बिषय सँग मिल्ने खालका समानान्तर संघ संस्थाहरु, पत्रपत्रिका, औपचारिक तथा अनौपचारिक आलेखहरु, सरकारी निकायका तथ्यांकहरु, जील्ला विकास समिति, जील्ला प्रशासन कार्यलय, गा.वि.स. कार्यालय, वार्ड कार्यालय बाट प्राप्त तथ्यांकहरुलाई लिइएको छ । खास गरी बिषयगत रुपमा पाइएका अरुले आर्जन गरेर त्यहिबाट साभार गरिएको सहि मिल्दा तथ्यांकहरु यसमा राखि विश्लेषण गरिएको छ ।

## ३.५ तथ्यांक संकलनका बिधिहरु

तथ्यांक संकलन गर्नुपर्दा वास्तविक तथ्यांक जबसम्म आउन सक्दैन तब सम्म आवश्यक सवै खालका साधनहरुको उपयोग गरी तथ्यांक संकलन गर्नुपर्दछ । समाजशास्त्रीय अनुसन्धानमा आफ्नै खालका तथ्यांक संकलनका साधनहरु पनि विकसित भएका छन् । यस शोधमा प्रयोग गरिएका तथ्यांक संकलनमा साधनहरु निम्न प्रकारका छन् ।

### ३.५.१ अवलोकन

प्राथमिक तथ्याङ्क संकलनका साधनहरुको मुख्य भाग भनेको प्रत्यक्ष सहभागी अवलोकन प्रकृया हो । यस विधिमा उत्तरदाताहरुसँग यस विषयको असरहरु पत्ता लगाउन तिनीहरुको बारेमा पूर्ण सुचनाहरु संकलन गर्न संगसंगै केहि दिन बसउठ गरिएको छ । शोधछात्र अध्ययन थलोमा बस्दा बैदेशिक रोजगारीबाट र्फकिएका उत्तरदाताको जनजिवन, रहनसहन, खानपिन, घरपरिवारको सम्बन्ध व्यवाहार, आदि बारेमा प्रभावको मुल्यांकन आदि बारेमा अवलोकन गरेर सुचना संकलन गरिएको थियो । प्रत्येक दिनको अवलोकनबाट देखेका, भोगका, सुनेका र तिनीहरुको प्रगति, अधोगति बारे अरुको टिका टिपण्णीलाई बेलुका क्रमगतरुपमा डायरीमा लेख्ने गरि स्पष्ट उद्देश्य पुरा नहुदा सम्म अध्ययन क्षेत्र मै बसि सूचना संकलन गरिएको थियो ।

### ३.५.२ अर्न्तवार्ता

अवलोकन बाट संकलन गर्न नसकिएका सुचनाहरुलाइ अर्न्तवार्ता बाट संकलन गर्न संभव हुने भएकोले उनिहरुको पिडा, भोगाइ, घरपरिवारको स्थीति, कमाइ, खर्च आदिको बारेमा शोधमा उठाइएका शोधमुलक प्रश्नहरु विभिन्न उत्तरदाताहरुलाई सोधी विभिन्न

सुचनाहरु संकलन गर्ने उद्देश्य राखिएको छ । अर्न्तवार्तामा छानिएका उत्तरदाताहरु विभिन्न अनुभवि, विद्वान तथा सामाजिक कार्यकर्ताहरु छन् । उनीहरुले आफुले प्रत्यक्ष भोगाइमा पाएको वैदेशिक रोजगारी सम्बन्धी अनुभवलाई याहाँ उजागर गर्ने जर्मको गरिने छ । सोध प्रस्तावले निर्दिष्ट र उद्देश्यमुलक प्रश्नहरु सोधेर शत प्रतिशत सहि सुचना लिने प्रयास यसमा गरिएको छ । अर्न्तवार्तामा यहाँ तीन वर्गका उदरताहरुलाई तीन वर्गका प्रश्न राखी आमने सामने उत्तर लिइने उद्देश्य राखिएको छ ।

### ३.५.३ प्रश्नावली

यस शोध पत्रमा सबभन्दा धेरै सुचना दिने साधन भनेको प्रश्नावली हो यो प्रश्नावली केवल छनोट भएका उत्तरदाताहरुलाई  समेटिएको छ । यसरी आएका सुचनाहरु नै यस शोधमा मुख्य विश्लेषणमा यो प्रश्नावलीमा(नमुना छनौट) को आधारमा ६२ जनालाई उत्तरदाताको रुपमा लिइएकोछ । यस प्रश्नावलीको मुख्य उद्देश्य प्रत्यक्ष भोगाइ र असरहरु अनुसन्धान गर्ने रहेको छ ।

### ३.५.४ समूह छलफल

अन्य साधनहरुबाट प्रप्फुटित हुन नसकेका तथ्यहरु यस प्रत्यक्ष अप्रत्यक्ष यस समुह छलफलमा निकाल्ने उद्देश्य थियो । तसर्थ कसरी अर्न्तनिहित अप्रप्फुटित तथ्य निकाल्ने भनेर यस शोधमा समुह छलफल लाई मुख्य भूमिका दिइएको छ । यसमा विभिन्न उमेर र विभिन्न अनुभव भएका आठ व्यक्तिहरुको समुहहरु रहने छन् र एउटै र विभिन्न प्रश्नमा छलफल गर्न उत्साहित गरिन्थ्यो । यसरी निस्केका सुचनाहरुलाइ शोध छात्रले स्पष्ट र भरपर्दो मानेमा टिपोट गर्दै छलफल अगाडी बढाइएको थियो ।

- खराङ् गा.वि.स. का नौ वटै वडा बाट वैदेशिक रोजगारी मा गएर आएका व्यक्ति, सबैलाई यसमा सामेल गरिने छ ।
- वडा  प्रतिनिधि सदस्यलाई सहभागी बनाई प्रश्न उठान गरिएको छ ।

### ३.५.५ बैयक्तिका अध्ययन

यस प्रविधिबाट दुइ वटा उत्तरदाताको सत्यतामा अध्ययन गरि तिनिहरुले अनुभव गरेको, र बिदेशको यर्थाततताको घटनाक्रम र घरयासि जीवनमा पर्न गएको असरहरुको बारेमा सुचना संकलन गरिएको छ ।

## ३.६ अध्ययनको क्रममा आइपरेका समस्याहरु

कुनै पनि बिषयमा खोज गर्न वा कुनै एउटा बिषयमा अनुसन्धानात्मक अध्ययन गर्नु कुनै सजिलो काम हुन सक्दैन । किनभने अध्ययनलाई मूर्तरुप दिनका लागि सजिलो अप्ठारो सबै परिस्थितिसँग जुधेर समन्वय गर्न सक्नु पर्छ । यस वैदेशिक रोजगारीका सम्बन्धमा पनि सूचना संकलन र क्षेत्रगत अध्ययनमा धेरै समस्याहरु महसुस हुन पुगेको छ । सर्वप्रथम त जुन ठाउँमा अध्ययन गर्नु पर्ने थियो त्यस ठाउँमा पुग्दा हालको वातावरण र परिस्थिति मान्छेलाई संशकित बनाएको थियो । त्यस बेला यथार्थ तथ्यलाई उजागर गर्दा अन्य व्यक्तिहरुबाट सूचना लिन निकै चलाखि गर्नु परेको महसुस गरिएको छ। अन्तवार्ताको समयमा उत्तरदाताहरु स्पष्ट रुपले आफ्नो वास्तविकता भन्न रुचाउँदैनन् । उनीहरुको गोपनियता बचाउने सर्तमा बिभिन्न कुराहरु चलाउनु पर्दा र अकार्को व्यक्तिगत मामिलाको हस्तक्षेपी कुराहरु उठाउनु र कोट्याउनु पर्ने भएकाले केही खतराको स्थीति महशुस भएको थियो । सम्बन्धित पक्षहरु वार्ता संवाद र सुचना दिने क्रममा कहिले एकदमै आक्रोस त कहिले कुनै शब्द नै उप्काउन असाध्य गाह्रो भयो । तिनी हरुका मुखाकृर्ति र हाउभाउ बाट यथेष्ट कुराहरु पढनु पर्दा केहि खारिएको महशुस भयो ।

यहाँ नेर सम्झनु पर्ने पक्ष भनेको *data collection* को बेलामा परेका अप्ठाराहरु हुन् । जुन जुन श्रोतहरु भरपर्दो लाग्यो त्यही श्रोतको लागि धेरै दिन धाउँदा मात्र केही सूचनाहरु पाइयो । अनुसन्धानकर्तालाई भन्दा विद्यार्थीको सहजताले जुनै व्यक्तिले पनि द्वितिय श्रोत दिन उत्सुकता देखाएनन् । दिइएका श्रोतहरु पनि त्यति पूर्ण रुपमा नपाइएकाले पूर्ण रुपमा लिनका लागि निकै समय खर्चनु पर्‍यो । जील्ला प्रशासन जस्तो निकायबाट विभिन्न राहदानीको विवरण लिनुपर्ने कार्य नभएकाले सरोकार व्यक्तिको पूर्ण वतन र अन्य विवरण हेर्नका लागि निक्कै कठिनाइ सहनु पर्‍यो । समाजमा परेको असरहरुको विश्लेषणको अध्ययन गर्न उक्त कार्य पनि आवश्यक थियो ।

## ३.७ अध्ययनको सिमा

यस शोध अध्ययन सखुवासभा जिल्ला खराङ गा.वि.स. लाई उद्देश्यमुलक नमुना छनौटको आधारमा निश्चित भौगोलिक क्षेत्रमा गरिएको अध्ययन हो र यसमा गणितिय एवं सामाजिक साधन र प्रविधि उपयोग गरिने छ । वर्तमान अध्ययनको लागि खराङ गा.वि.स. लाई उद्देश्यमुलक नमुना छनौटको आधारमा छनौट गरिएको छ । यस गा.वि.स. भित्रका सवल बैदेशिक रोजगारीबाट फर्केका युवा नागरिकहरु खोजका मुख्य उत्तरदाता हुनेछन ।

जसबाट पाइए सम्म फिल्डमा तथ्यांक संकलन गर्ने छ। यस अध्ययनमा खाडी राष्ट्र मुख्यतः तीनवटा राष्ट्र साउदी अरब, दुबई र कतार लाई लिएको छ । बैदेशिक रोजगारमा गएर आएका परिवार, स्थानीय भद्रभलादमी, स्थानीय विद्धत वर्ग फिल्डका *Key Informants* हरु हुनेछन । यस भित्र पनि आधिकारिक रुपमा पाइएका प्रमाणहरुलाई मात्र लिइने छ, व्यक्तिगत तवरबाट बैदेशिक रोजगारी मा गएका व्यक्तिलाई यस खोज सीमा भित्र समावेश गराइनसकिने छ । तथ्यांकको हकमा आधिकारीक संघसंस्था सरकारी निकायहरु सम्बन्धी काम गर्न सक्नेछ जस्तै वैदेशिक रोजगार एजेन्सी, श्रम विभाग, श्रम मन्त्रालय, श्रम संगठनहरु, विभिन्न पत्रपत्रिका आलेख तथा प्रकाशित ग्रन्थ एवं कृतिहरुलाइ लिनेछ ।

यस अवधि भित्र खाडी राष्ट्रका मुलुकहरुमा भोगेका र त्यस भोगाइको प्रत्यक्ष प्रभाव समाजमा कस्तो रह्यो त ? यस सम्बन्धी आवश्यक अध्ययनमा जाति, वर्ग, धर्म र उमेर कुनैलाई पनि सीमाको हकमा राखिएको छैन । जुनसुकै उमेर जाति वर्ग, धर्म, पेशाका व्यक्ति सँग पनि प्रत्यक्ष वा परोक्ष तरिकाले कुराको चुरो पत्ता लगाउने प्रयास गरिने छ । हाल वैदेशिक रोजगारीमा जाने क्षेत्रगत अध्ययनमा त्यस्ता व्यक्ति जो सँग सम्बन्धित क्षेत्रमा छन्, यस अनुसन्धानमा समेटिएको छ ।

# अध्याय-चार

# अध्ययन क्षेत्रको परिचय

पुर्वाञ्चल विकास क्षेत्रको कोशी अञ्चलमा मा अवस्थित संखुवासभा एउटा जिल्ला हो । यो जिल्लाको नामाकरण दुई खोला संखुवा र सभा खोलाको नामबाट राखिएको हो । पुर्वाञ्चल क्षेत्रको पहाडी जिल्लामा पर्ने संखुवासभा ६ वर्ष जति मात्र भयो सडक यातायात संग जोडिएको यसमा पनि खराङ्ग गा.वि.स.चैनपुर खांदबारी सडक यही गा.वि.स को बिच भएर जान्छ । यसले यस सडकले छुने वडा नं.१,६र ८ मा अरु वडाको तुलनामा बढी विकास भएको पाइन्छ । यस गा.वि.स मा दुई वटा माध्यमिक विद्यालय रहेको छ । एउटा वडा नं. १ को खराङ्गमा र अर्को वडा नं.८को लोहाकोटमा । यहाँको मुख्य वाली धान मकै कोदो रहेको छ ।

## ४.१ भौगोलिक अवस्था

नेपालको पहाडी जिल्लाको रुपमा चिनिने संखुवासभा जिल्लामा विश्वको चौथो अग्लो हिमाल मकालु देखि लिएर विश्वको सबैभन्दा होचो भु भाग तुम्लिङटार पनि यसै जिल्लामा  पर्दछ । यस जिल्लामा ३३ गा.वि.स हरु छन् , जस मध्ये खराङ्ग पनि एक गा.वि.स हो । यो गा.वि.स जिल्ला सदरमुकाम देखि १५ कि.मि पुर्वमा पर्दछ । यस गा.वि.स को उत्तरमा वाना गा.वि.स छ भने दक्षिणमा आँखीभूई गा.वि.स पर्दछ ।

यस गा.वि.स को मुख्य बालीमा धान, मकै, कोदो पर्दछन् भने नगदे वालीमा उखु र रुद्राक्ष पर्दछन् । यो गा.वि.स मा पानीको अलिक अभाव रहेको छ । यो गा.वि.स को ६०% जमिन जंगलले ढाकिएको छ भने ४०% जमिन अवादी रहेको छ । यस क्षेत्रमा धेरै जमिन जंगलले ढाकिएकोले स्वच्छ हावापानीको दृष्टिले यो गा.वि.स लाई उपयुक्त मान्न सकिन्छ ।

## ४.२ जनसांख्यिकीय अवस्था

सामान्यतः उपयुक्त किसिमको हावापानी र प्राकृतिक स्रोत साधन पाइने भए तापनि स्वास्थ्य, शिक्षा, यातायात, सूचना प्रविधि लगायतका सुविधाहरुको कमीको कारण यहाँका मानिसहरु नजिकका बजारक्षेत्र तथा तराईका जिल्लाहरुमा बसाइ सर्ने गरेको पाइन्छ । जसको कारण जनसंख्या वृद्धि तिव्र गतिमा नभइ मन्द गतिमा भइरहेको छ । गाँउको विकासप्रति सरकार पूर्वाग्रही बन्नु, मानव विकासका लागि आवश्यक पर्ने न्यूनतम

आधारभूत सर्तहरु शिक्षा, स्वास्थ्य, रोजगार, उद्योग, व्यवसाय, सूचना-संचार, विद्युत्, यातायात आदिको पूर्वाधार समेत तयार नहुनेले गाँउमा अविकासको स्थिति सिर्जना भई यस क्षेत्रबाट अन्य ठाउँहरुमा बसाई सराई हुने गरेको देखिन्छ । यसका साथै अन्य क्षेत्रबाट (नजिकका अन्य गा.वि.स.) पनि केहि मात्रामा मानिसहरु बसाई सरी यहाँ आउने क्रम पनि जारी रहेको छ । वि.सं.२०५८ को राष्ट्रिय जनगणना अनुसार यहाँको जनसंख्या ३२९७ रहेकोमा वि.सं.२०६८ को जनगणनामा आइपुग्दा उक्त संख्यामा वृद्धि भइ ५६९७ पुगेको अनुमान गरिएको छ । यस तथ्याङ्क अनुसार १० वर्षमा यहाँको जनसंख्या ४२.१३ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

**तालिका नं ४.१**

२०५८ र २०६८को राष्ट्रिय जनगणना अनुसार गा.वि.स.को जनसंख्या विवरण

| २०५८ साल | | | २०६८ साल | | |
|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १४९२ | १८०५ | ३२९७ | ३१०९ | २५८८ | २५८८ |

स्रोतः-गा.वि.स.को कार्यालय खराङ्ग संखुवासभा २०६८

वि.सं.२०६८ सालमा राष्ट्रिय जनगणना भए पनि त्यसको पूर्ण विवरण आउन अझै बाँकी रहेकोले सोही जनगणनाका आधारमा यस गा.वि.स.ले तयार पारेको अनुमानित जनसंख्या विवरण निम्न अनुसार

**तालिका नं. ४.२**

२०६८ को राष्ट्रिय जनगणना अनुसार गा.वि.स को जनसंख्या विवरण (अनुमानित)

| **वडा नं.** | **घर धुरी सं.** | **पुरुष** | **महिला** | **जम्मा** |
|---|---|---|---|---|
| १ | ९० | ३२५ | २६८ | ५९३ |
| २ | ८९ | १९८ | २२४ | ४२२ |
| ३ | ९३ | ३४८ | ३६४ | ७१२ |
| ४ | ९५ | ३२८ | ३४० | ६६८ |
| ५ | ९४ | ३५२ | ३९८ | ७५० |
| ६ | ९२ | २९४ | ३०४ | ५९८ |
| ७ | ९१ | २६८ | ३४२ | ६१० |
| ८ | १०४ | ४०८ | ४४२ | ८५० |
| ९ | ८४ | २२६ | २६८ | ९७० |
| **जम्मा** | **८३२** | **२७०७** | २९५० | **५६९७** |

स्रोतः-गा.वि.स को कार्यालय खराङ्ग संखुवासभा २०६८

माथिको तालिका नं. ४.२ मा यस गा.वि.स.का वडागत घरधुरी संख्याको आधारमा लिङ्ग अनुसार जनसंख्यालाई प्रतिशतमा देखाइएको छ। यसैगरी उक्त जनसंख्यालाई विभिन्न उमेर समूहको आधारमा निम्न अनुसार देखाउन सकिन्छ।

**तालिका नं. ४.३**

उमेर अनुसारको जनसंख्या विवरण २०६८ (अनुमानित)

| उमेर समूह | जनसंख्या |
|---|---|
| ००-१४ | ३०२५ |
| १५-५९ | १९७४ |
| ६०+ | ६९८ |
| जम्मा | ५६५७ |

माथिको तालिकामा उमेर अनुसारको जनसंख्या विवरणलाइ प्रस्तुत गरिएको छ। जसमा १५-५९ वर्षको जनसंख्या उच्च रहेको छ।

## ४.३ सामाजिक-सांस्कृतिक अवस्था

यस क्षेत्रमा विभिन्न जातजाति,भाषाभाषी र धर्मावलम्बीहरुको बसोबास रहेको पाइन्छ । यहाँ झन्डै १५ जाति भन्दा माथिको संख्यामा मानिसहरुको बसोबास रहेको पाइन्छ । एउटा गा.वि.स.मा नै यति धेरै जातिय विविधता भएर पनि यहाँका मानिसहरुमा सामाजिक सद्भाव र सहयोगको भावना भने अत्यन्त राम्रो रहेको पाइन्छ । यस क्षेत्रमा मुख्य गरेर राई,तामाङ्ग,क्षेत्री,ब्राह्मण,कामी,दमाई जस्ता जातिका मानिसहरुको बसोबास रहेको छ । यस क्षेत्रका मानिसहरुले मुख्य गरेर हिन्दु,बौद्ध,किराँत र क्रिश्चियन धर्म मान्ने र धर्म अनुसारकै विभिन्न चाडपर्वलाई प्रायः सबै जाति तथा धर्मका मानिसहरुले मनाउने गरेको पाइन्छ । यिनै धर्म तथा जातजाति अनुसारका चाडपर्वहरुसँग सम्बन्धित हाम्रा संस्कार संस्कृतिहरुमा पनि विविधता पाइन्छ । विभिन्न जातजातिका झाँकी, लोकनृत्य, भेषभूषा, गरगहना, पहिरन, बाजागाजा तथा संस्कृतिजन्य सामाग्रीहरुको प्रयोग हुने गरेको पाइन्छ ।

यसरी यस क्षेत्रमा जातिय, धार्मिक, सांस्कृतिक, भाषिक विविधता भएपनि यहाँ सामाजिक सम्बन्धमा भने एकता पाइनु अर्को महत्वपूर्ण विशेषता हो । यहाँका मानिसहरुमा उच्च स्तरको सामाजिक सद्भाव रहेको छ । जाति, धर्म, संस्कार, संस्कृति आदि आ-आफ्ना ठाँउमा जेजस्ता भए पनि धार्मिक सहिष्णुणता सामाजिक सद्भाव र पारस्परिक सहयोगमा नै यहाँको समाज अगाडि बढेको पाइन्छ । एक अर्कामा सांस्कृतिक आदानप्रदान समेत भएको देखिन्छ । यस क्षेत्रमा बसोबास गर्ने विभिन्न जात जातिहरुको अवस्थालाई जातिगत संख्याको आधारमा तल तालिका प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.४**

जातजाति अनुसार जनसंख्या विवरण २०६८(अनुमानित)

| क.सं | जाति | जनसंख्या | क.सं. | जाति । | जनसंख्या |
|---|---|---|---|---|---|
| १ | राई | २९९ | १० | मगर | ५० |
| २ | तामाङ | १५० | ११ | सार्की | ३७ |
| ३ | क्षेत्री | २२३१ | १२ | शेर्पा | २१ |
| ४ | नेवार | २१० | १३ | भुजेल | ६१ |
| ५ | दमाई | १९४ | १४ | सुनुवार | १०७ |
| ६ | ब्राह्मण | १७७१ | १५ | माझि | १९ |
| ७ | ठकुरी | ७१ | १६ | लिम्बु | २४ |
| ८ | कामी | ३६१ | १७ | सन्यासी | १९ |
| ९ | सार्की | ० | १८ | अन्य | ७२ |

स्रोतः- गा.वि.स.को कार्यालय, खराङ्ग, संखुवासभा २०६८ ।

माथि तालिका नं.४.४ मा हेर्दा यस गा.वि.स. भित्र जम्मा १७ भन्दा बढी जातिका मानिसहरुको बसोबास रहेको पाइन्छ । यसमध्ये सबैभन्दा बढी जनसंख्या ब्राह्मण रहेको छ भने सबै भन्दा कम जनसंख्या दमाइ र तामाङ्ग रहेको देखिन्छ । यसरी यहाँ एउटै गा.वि.स. क्षेत्रभित्र पनि यति धेरै जातिका मानिसहरुको बसोबास रहेको पाइन्छ ।

## ४.४ शैक्षिक अवस्था

शैक्षिक विकासको दृष्टिकोणले यो क्षेत्र भर्खरै मात्र बामे सर्दै गरेको देखिन्छ । यस गा.वि.स.मा सरकारीतर्फ मा.वि.तहको लागि २ वटा विद्यालयहरु संचालन भई रहेका छन् ।

उच्च शिक्षातर्फ यस गा.वि.स.एकमात्र शारदा उच्च मा.वि. छ भने सिमाना जोडिएको अर्को गा.वि.स.चैनपुरमा स्नातक तहसम्म पठनपाठन हुने एउटा क्याम्पस रहेको छ । यसरी शिक्षाको क्षेत्रमा केहि सुविधाहरु उपलब्ध भए पनि प्राविधिक एवम् उच्च शिक्षाका लागि भने बाहिर जानुपर्ने बाध्यता रहेको देखिन्छ । सरकारी विद्यालयहरुमा विद्यार्थी शिक्षक अनुपात मिलेको देखिदैन् । विद्यालयहरुमा पर्याप्त शिक्षक दरबन्दीको व्यवस्था भएको

छैन् । प्रा.वि.तहका कक्षा १-५ संचालन भएका विद्यालयहरुमा ३ जना शिक्षकले पढाउनुपर्ने बाध्यता छ । सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधारहरुको विकास भएको पाइदैन । यता निजि क्षेत्रबाट संचालित एउटा विद्यालयको पनि हालत उस्तै रहेको छ । मापदण्ड अनुसारको कक्षकोठा, भौतिक पूर्वाधार तथा शैक्षिक सामग्रीहरुको अभाव र पठनपाठनको उचित व्यवस्था हुन सकेको छैन् ।

देशको राजनैतिक, सामाजिक परिवर्तनसँगै यहाँका मानिसहरुमा विस्तारै विद्यालय शिक्ष प्रतिको धारणामा समेत परिवर्तन आउन थालेको पाइन्छ । जसले गर्दा अंग्रेजी राम्रो हुन्छ भनेकै भरमा यहाँका सामान्य आम्दानी भएका मानिसहरुले समेत आफ्ना बच्चाहरुलाई नीजि विद्यालयहरुमा पढायन थालेको पाइन्छ भने आर्थिक हैसियत निकै राम्रो मानिएकाहरुले छोराछोरीहरुलाई खाँदवारी, इटहरी, विराटनगर, काठमाडौं तथा अन्य सहरका महँगा स्कूल/बोर्डिङ्गहरुमा पढाउने गरेको पाइन्छ । हुनेखाने वर्ग र यसरी आर्थिक हैसियत देखाउन खोज्नेहरुले यहाँका विद्यालयहरुमा कुनै चासो तथा योगदान दिएको पाइदैन ।

जसले गर्दा स्थानिय स्तरमा शैक्षिक संस्थाहरुको स्थिति सुधार आउन सकेको देखिदैन् । अभिभावकहरुले आफ्ना छोराछोरीको लागि शिक्षामा गर्ने आर्थिक तथा भौतिक लगानी स्थानिय स्तरमा नभई बाह्य ठाँउहरुमा नै हुने गर्दछ । गाउँको पैसा शहरमा लगानी हुनाले गाउँको विकास कहिल्यै नहुने र गाउँका मानिसहरु जहिले पनि शहरप्रति आश्रित हुनुपर्ने स्थितिको सिर्जना भएको छ । यसरी शिक्षा प्रतिको गलत अवधारणाले गर्दा आय स्तर अत्यन्त कम भएका सर्वसाधारण मानिसहरुलाई ठूलो मार परेको देखिन्छ ।

सामाजिक विभेदीकरणको स्थिति टड्कारो रुपमा देखिन्छ । अझ हाल आएर वैदेशिक रोजगारको प्रभावले गर्दा यहाँका सर्वसाधारणको स्तरमा निकै ठूलो शैक्षिक गिरावट आएको छ । वैदेशिक रोजगार अन्तर्गत सामान्यतः लेवर कामको लागि कुनै पनि तहको शैक्षिक योग्यता प्रमाणपत्र आवश्यक नपर्ने हुँदा यहाँका युवाहरुले पढ्न पट्टी ध्यान दिएको पाइदैन । पढेर को ठूलो भएको छ र ? जसरी पनि पैसा कमाउनु न हो भन्ने गलत धारणा बसिसकेको पाईन्छ । ८/९ कक्षा पढ्दा पढ्दै कक्षा छोड्ने प्रवृत्ति बढेर गएको छ । विद्यालयमा शैक्षिक वातावरण कायम राख्न समेत यस्ता प्रवृतीले सहयोग पुर्‍याएको छैन् । कतिपय विद्यार्थीहरुका अभिभावकहरु स्वयम् पनि वैदेशिक रोजगारीका सन्दर्भमा बाहिरै बस्ने हुनाले घरमा उनिहरुका छोराछोरीको उचित रेखदेख हुन नसक्दा

अधिकांश बालबालिकाहरु खराब र गलत संगतले दुर्व्यसन, कुलत आदिमा फस्न पुगेका छन् । यसरी शैक्षिक वातावरण धमिलिदै गएको देखिन्छ ।

## ४.५ आर्थिक अवस्था

परम्परागत खेती प्रणाली नै यहाँका मानिसहरुको आयआर्जनको स्रोत मानिए पनि हाल आएर यसमा गिरावट आएको पाइन्छ । यहाँको खेतीपाती पनि व्यावसायिक किसिमको नभएर सामान्यतः गुजारा प्रकृतिको देखिन्छ । यस बाहेक यहाँका मानिसहरु विभिन्न पेशा तथा व्यवसायमा संलग्न भएका छन् । कतिपयले साधारण लगानीमा पशुपालन, मत्स्यपालन, कुखुरा पालन व्यवसायहरु संचालन गरेर बसेको देखिन्छ भने सामान्य आर्थिक हैसियत राख्न सक्नेहरुले यस आसपासका बजार तथा चोकहरुमा व्यापार तथा होटल व्यवसायहरु पनि संचालन गरेको पाइन्छ । एक गैर सरकारी संस्था आर.आर.एन.ले वि.सं.२०६७ मा गरेको सर्वेक्षण अनुसार यहाँ बसोबास गर्ने जनसंख्याको झन्डै ३१ प्रतिशत मानिसहरु खेतीपातीमा संलग्न नभई विभिन्न पेशा तथा व्यवसायहरुमा संलग्न भएको पाइन्छ । जसमध्ये अधिकांशले वैदेशिक रोजगारलाई आय आर्जनको प्रमुख स्रोत बनाएको पाइन्छ । सामान्यतः ३/४ वर्ष विदेशमा बसेर कमाएको अढाइ/तीन लाख रुपैँयाले सदरमुकाम, बजारक्षेत्र आसपास तथा तराईमा घडेरी खरीद गर्ने र पुनः दोस्रो तेस्रो पटकसम्म विदेश गई कमाएर घर बनाई बसाई सर्ने गरेको देखिन्छ । कतिपय व्यक्तिहरुमा लामो समयसम्म नै विदेश आवतजावत गर्ने र वैदेशिक रोजगारीकै कमाईबाट घर चलाउने गर्दछन् । यसैगरी वैदेशिक रोजगार अर्न्तगत छिमेकी मुलुक भारत र बेलायती सेनामा लाहुर लागेर आय आर्जन गर्नेहरुको संख्या पनि भेटिन्छ । यसरी वैदेशिक रोजगार यहाँका मानिसहरुको लागि आय आर्जनको एउटा प्रमुख स्रोत बनेको देखिन्छ ।

## ४.६ विकास र पूर्वाधारहरु

विकासको दृष्टिकोणले संखुवासभा जिल्ला पूर्वाञ्चल विकास क्षेत्रमै पछाडी परेको छ । जिल्लामा पर्याप्त स्रोत साधन हुँदाहुँदै पनि उचित व्यवस्थापन र परिचालन हुन नसक्दा पछाडी परेको हो । अहिलेसम्म पनि यहाँ सडक यातायात स्थायी हुन सकेको छैन किनकि हिउँदको सकयमा कच्ची सडक संचालनमा आए पनि वर्षात्को समयमा अवरुद्ध हुने गरेको छ । यस शोधको अध्ययन क्षेत्र अर्थात् खराङ्ग गा.वि.स.को विकासलाई हेर्ने हो भने यो गा.वि.स.भर्खरै मात्र विकासको पथमा अगाडि बढ्दैछ । विकासका पूर्वाधारहरु शिक्षा,स्वास्थ्य,यातायात,विद्युत् र खानेपानिको सुविधा क्रमशः विस्तार हुदैछ । गा.वि.स. को

तथ्यांक अनुसार यस गा.वि.स. मा हालसम्म ५० कि.मि. कच्ची सडकको निर्माण भइ संचालनमा आएको छ । त्यसैगरी कुल जनसंख्याको ५० प्रतिशत जनसंख्याले विद्युत् उपभोग गर्न पाएका छन् भने ५० प्रतिशत जनताको घरमा खानेपानीको उचित व्यवस्था छ । यस गा.वि.स. मा एउटा प्राथमिक स्वास्थ्य केन्द्र रहेको छ जसले यहाँका जनतालाई स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । यस गा.वि.स.मा सामुदायिक तर्फ दुइवटा मा.वि. संचालनमा रहेका छन् । वैदेशिक रोजगारबाट प्राप्त रकम मध्ये केही बाटोघाटो निर्माण, खोनपानी, विद्युत् विस्तार जस्ता विकास निर्माण कार्यमा खर्च भएको स्थलगत अध्ययनका क्रममा पाइयो । त्यसैगरी व्यवसायिक कृषिमा थोरै संख्यामा भएपनि विदेशबाट फर्किएका युवाहरु संलग्न भइ लगानी गरेको पाइन्छ । जुन अत्यन्तै सकारात्मक पक्ष हो ।

## ४.७ वैदेशिक रोजगारको अवस्था

हरेक समाजमा मानविय अर्थतन्त्र, संस्कार र यसबाट निर्मित संस्कृतिको एउटा अन्तर सम्बन्धबाट समाज निर्देशित भएको हुन्छ । समाजको पूर्णतः सुदृढिकरणको लागि त्यहाँको संस्कृति अप्रत्यक्ष चल हो भने सरकारी नीति नियम तथा मानविय क्रियाकलाप प्रत्यक्ष चलहरु हुन् । समाजमा जब सुधार उन्मुख वा मानवीय हित उन्मुख क्रियाकलाप हुन्छ यसलाई त्यही समाजका निकायहरु, इकाइहरुले सहयोगी भूमिका निर्वाह गरिरहेको पाइन्छ । यहाँनेर प्रासंगिक कुरा गर्दा वैदेशिक रोजगारीको नेपालमा कसरी प्रकृया अगाडि बढ्छ भन्ने कुरालाई स्पष्ट पारिन्छ ।

स्पष्ट वैदेशिक रोजगारीको लागि राहदानी प्रथमतः नभई नहुने कुरा हो । प्रत्येक नेपाली नागरिकले वैदेशिक रोजगारमा प्रथम पाइलाको रुपमा शुरु गर्ने काम भनेको पासपोर्ट निष्काशन हो । यतिबेलाबाट नै मानिस आफ्नो कुन उद्देश्यको लागि अगाडि बढ्दैछ, निर्णय भइसकेको पाइयो । यसपछि सम्बन्धित व्यक्ति वा पासपोर्ट कुनै वैदेशिक रोजगार एजेन्सीमा पुग्दछ । यसरी एजेन्सीमा त्यस सम्बन्धि वा भिजा प्रोसेसिङ्गमा अगाडी बढाइन्छ । यहाँ स्मरणीय कुरा के छ भने सम्बन्धीत व्यक्तिले यतिबेला नै राम्रो निर्देशन नपाउने हो भने उसको सफलताको कुनै आशाा गर्न सकिन्न । व्यक्तिले वैदेशिक रोजगारी दिलाउने एजेन्सीमा फर्म भर्नुपर्छ जुन दक्षताको लागि फर्म भरिएको हो त्यही कामको निश्चित दिन अन्तरवार्ता हुने हुनाले सम्बन्धित दुवैपक्ष रोजगारदाता र श्रमिक बीच सबै कुराहरु आदानप्रदान भइ छनौट हुन्छ । छनौट भइसकेपछि सबै शर्तहरुको बारेमा श्रमिकलाई *First party* ले स्पष्ट पार्नुपर्ने हुन्छ र उसको पासपोर्ट अनुसार *Visa processing* मा अगाडि

बढ्दछ । यस्तो छनौट प्रक्रियामा सरकारी पक्षको सहभागिता हुनुपर्ने उल्लेख भएतापनि त्यसो भएको देखिएन् ।

अर्कोतर्फ संस्था वा वैदेशिक रोजगार एजेन्सीले जुन देशमा आफ्नो व्यवसाय गर्ने हो वा आफ्ना श्रमिक पठाउने हो त्यहाको कम्पनीबाट Demand लिएर त्यसलाई त्यहाको Power of Attorny ले *Recommend* गरीसकेपछि नेपालको वैदेशिक रोजगार एजेन्सीमा आउँछ । यतिबेला नै सबै कुरा खुलाइएको *Aggrement Paper* सँगै आएको हुन्छ । नियमतः यो *Aggrement Paper* अनुसार नै श्रमिकहरुलाई पूर्वकक्षा दिइनुपर्ने व्यवस्था गरिएको छ । म्यानपावर कम्पनीले त्यसलाई नियमित प्रकाशन हुने राष्ट्रिय पत्रिकामा सम्पूर्ण विवरण स्पष्ट खुलाई विज्ञापन गरी निष्पक्ष प्रतिस्पर्धाबाट उम्मेदवारको छनौट हुनुपर्ने कानुनमा स्पष्ट उल्लेख गरिएको छ । यसरी ल्याइएका Visa को अस्वस्थ रुपमा प्रतिस्पर्धा भएको पाइन्छ । प्रतिस्पर्धात्मक रुपमा समग्र नेपालीहरुलाई घाटा र विदेशीलाई नाफा हुने गरी यहाँका म्यानपावर ऐजेन्सी बीच प्रतिस्पर्धा हुन्छ जस्तैः कुनै म्यानपावरले मासिक तलब ६००।-

SR मा कामदार आपूर्ति गर्छ भने अर्कोले त्यही ५००।- SR मा आपूर्ति तयार गर्न तयार हुन्छ । यस्तै एउटाले १०००।- SR visa खर्च तिर्न सहमत भए अर्कोले १५००।- SR तिर्न तयार हुन्छ । वास्तवमा यस्तो खाले अस्वस्थ प्रतिस्पर्धाले विशेषतः सोझा सिधा नेपालीहरुलाई असाध्यै मर्का परेको छ । Visa issue वा Stamping भई सकेपछि विभिन्न माध्यमहरुबाट श्रमिकहरुसँग रकम असुल्ने गरिन्छ । यसमा पनि सरकारी नियन्त्रणको अभाव देखिन्छ । visa तयारी स्थितिमा रहेपछि पनि विभिन्न वाहानामा सरकारी संस्था, एजेन्सी वा एजेन्ट सबैतर्फबाट श्रमिकहरुलाई सताउने काम भएको पाइन्छ । जब श्रमिकहरु नेपालबाट गन्तव्य देशमा जानुभन्दा अघि दुवै पक्षको सहमतिपत्र *(Aggrement Paper)* मा दुवै पक्षहरु सहमत भएर हस्ताक्षर वा मन्जुरीनामा गरिन्छ, त्यतिबेला नै सम्बन्धित कामदारलाई सबै पक्षको वा स्थान, काम, तलब सुविधा, सुरक्षा आदि बारेमा संस्थाहरुले स्पष्ट पार्नुपर्ने हुन्छ । कानुनतः यसरी विदेश पठाउने संस्थाले पूर्व स्विकृति नेपाल सरकारबाट लिएर Visa निष्काशन र प्रस्थान गराउने गर्दछन् ।

वैदेशिक रोजगारीका प्रमुख गन्तव्यहरुमा खाडीका मुलुकहरु पर्दछन् । विशेष गरेर कतार, साउदी अरब, यूएई, बहराइन जस्ता मुलुकहरुमा ठूलो संख्यामा नेपालीहरु जाने गरेको पाइन्छ । आलसम्म वैदेशिक रोजगारमा जाने नेपाली नागरिकहरु वेदेशिक रोजगार

एजेन्सी वा संस्था मार्फत् गएका व्यक्तिले श्रम मन्त्रालय वा विभागबाट अन्तिम स्विकृति लिएर विदेश गएका छन् । त्यसको विवरण तलको तालिकाबाट प्राप्त गर्न सकिन्छ ।

**तालिका नं.४.७**

आ.व.२०६३/०६४ देखि ०६८/०६९ सम्म नेपालबाट संस्थागत रुपमा वैदेशिक रोजगारको स्थिति

| क.सं. | आ.व. | संख्या |
|---|---|---|
| १ | २०६३ / ०६४ | २,४४,००० |
| २ | २०६४/ ०६५ | २,४९,००० |
| ३ | २०६५ / ०६६ | २,१९,००० |
| ४ | २०६६ / ०६७ | २,९४, ००० |
| ५ | २०६७ / ० ६८ | ३,५६,००० |
| ६ | २०६८ / ० ६९ | ३,१३,००० |
| जम्मा | | १६,७३,००० |

स्रोतः- वैदेशिक रोजगार विभाग, काठमाण्डौ २०६८ ।

माथिको तालिकालाई हेर्दा पछिल्लो ६ वर्षमा मात्र १६,७३,००० नेपालीहरु संस्थागत रुपमा विदेशिएका छन् । यो क्रम प्रतिवर्ष निरन्तर वृद्धि भईरहेको छ । राष्ट्रिय जनगणना २०६८ को प्रारम्भिक नतिजा अनुसार १९,१७,००० भन्दा बढि नेपालीहरु विदेशमा रहेको देखिन्छ । वैदेशिक रोजगारले २०६८ मा प्रकाशित गरेको प्रतिवेदन अनुसार आर्थिक वर्ष ०५१ /०५२ देखि ०६७ /६८ सम्ममा २०,८१,०३४ जना नेपालीहरु वैधानिक रुपमा विदेशिएका छन् । त्यसैगरी त्यत्तिकै संख्यामा नेपालीहरु अवैधानिक रुपमा विश्वका विभिन्न देशहरुमा रहेको अनुमान गरिएको छ । तर त्यसको तथ्याकं कहि कतै पाउन सकिदैन । यो सरकारी आँकडा र वास्तविकतामा किन फरक हुन्छ भने यहाँ अवैधानिक गिरोह पनि वैधानिक भन्दा प्रवल रहेको देखिन्छ । सरकारी निकाय पनि फितलो भएका कारण अवैधानिक तरिकाले विदेश जाने र लैजाने क्रम जारी छ । विदेश जाने नाकाहरु भनेको नेपाली अन्तर्राष्ट्रिय विमानस्थल, भारतीय नाका, बंगलादेश आदि ।

# अध्याय- पाँच

## तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

यस अध्ययनमा बैदेशिक रोजगारले नेपाली समाजमा ल्याएको सामाजिक परिवर्तनको अध्ययन गरी सो सम्बन्धमा प्राप्त तथ्याङ्कलाई वस्तुगत ढंगबाट प्रस्तुतकिरण र बिश्लेषण गरिएको छ । खासगरी नेपालको राजनैतिक अस्थिरता, जनसंख्या, जनसंख्या बृद्धि, प्राविधिक तथा व्यवसायिक शिक्षाको कमी आदि कारणले अविकासको स्थिति सिर्जना भई मुलुकमा व्याप्त बेरोजगारी समस्याले गर्दा यहाँका मानिसहरु रोजगारीका लागि विदेश जाने गरेको पाईन्छ । त्यसैगरी विश्वव्यापीकरण, खुल्ला अर्थव्यवस्था, लाहुरे मानसिकता जस्ता कारणहरुले पनि नेपालीहरु बैदेशिक रोजगारीका लागि विदेश गएको पाईन्छ । यसरी नेपाली समाजमा सिर्जित बेरोजगारी समस्याले के कस्तो अवस्था निम्त्याउँदो रहेछ, बैदेशिक रोजगारले समाजमा के कस्तो परिवर्तन ल्याउँदो रहेछ भन्ने कुरालाई प्रमुख आधार बनाई स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्कहरुलाई प्रस्तुत गरी विश्लेषण गर्ने काम भएको छ । विशेष गरी प्रश्नावली, अन्तरवार्ता, समूह छलफल वैयक्तिक अध्ययन जस्ता विधिहरु अपनाई संङ्कलन गरिएका तथ्याङ्कहरुलाई यथासक्य सरल, बस्तुगत र व्यवहारिक ढंगबाट प्रस्तुत गर्ने कोशिस गरिएको छ ।

### ५.१ उत्तरदाताहरुको उमेरगत अवस्था

यस अनुसन्धानको लागि अध्ययन क्षेत्रको खोजको सिमाभित्र परेका खाडीका चार देशहरु कतार, मलेसिया, साउदी अरब र यूएईमा काम गरेर फर्केका १३५ जनाको ५० प्रतिशतले दैवी नमूना छनौटद्वारा छनौटमा परेका ६२ जना उत्तरदाताहरु रहेका छन् । उत्तरदाताहरु छनौट गर्दा एक घरधुरीबाट एक जना उत्तरदाता छनौट गरिएको हुनाले ६२ घरधुरी परिवारबाट एक एक जना उत्तरदाता रहेका छन् । उत्तरदाताहरुको उमेर शैक्षिक अवस्था तथा जातिगत स्थितिमा एकरुपता छैन । मुख्य गरेर उमेर शैक्षिक अवस्थामा बढी विविधता रहेको छ । तसर्थ यहाँ शुरुमा उत्तरदाताहरुको उमेरगत अवस्थालाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. ५.१

| क.सं. | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १८ बर्ष देखि २१ बर्ष सम्मको | ०३ | ४.४१ |
| २. | २१ बर्ष देखि २५ बर्षच सम्मको | ८ | १७.६५ |
| ३. | २५ बर्ष देखि ३० बर्ष सम्मको | १४ | २०.५९ |
| ४. | ३० बर्ष देखि ३५ बर्ष सम्मको | १७ | २५.०० |
| ५. | ३५ बर्ष भन्दा माथिको | २२ | ३२.३५ |
| **जम्माः-** | | **६२** | **१००.००** |

*स्रोतः- स्थलगत सर्वेक्षण २०७०*

मथिको तालिकामा उत्तरदाताहरुको उमेरगत अवस्थामा स्पष्ट विविधता रहेको देखिन्छ । उमेरको आधारमा हेर्दा २१ बर्ष भन्दा कम उमेरका उत्तरदाताहरुको संख्या ४.४१ प्रतिशत मात्र देखिन्छ भने ३५ बर्षभन्दा माथिका उत्तरदाताहरुको संख्या ३२.३५ प्रतिशत रहेको छ । यी दुबैको बिचमा २१ बर्ष देखि ३५ बर्ष उमेर समूहका उत्तरदाताहरुको संख्या ६३.२४ प्रतिशत रहेको छ । उत्तरदाताहरु सबै बैदेशि रोजगारबाट फर्किएका व्यक्तिहरु भएकोले २१ देखि ३५ बर्ष सम्मका युवाहरु बढी मात्रामा बैदेशिक रोजगारमा संलग्न हुने गरेको देखिन्छ ।

## ५.२ उत्तरदाताहरुको शैक्षिक र जातिगत अवस्था

यस शैक्षिक र जातिगत अवस्थाको स्थतिलाई निम्न अनुसार तालिकामा प्रस्तुतगरिएको छ ।

### तालिका नं. ५.२

| क.सं. | शिक्षा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | साधारण (८ कक्षा सम्म) | १७ | २५.०० |
| २. | एस.एल.सी सम्म | ३० | ४४ |
| ३. | आइ.ए. वा सोसरह | १० | २०.५९ |
| ४. | बी.ए वा सो भन्दा माथि | ७ | १०.२९ |
| **जम्माः-** | | **६२** | **१००.००** |

*स्रोतः- स्थलगत सर्वेक्षण २०७० ।*

यस अध्ययनको लागि तथ्याङ्कको स्रोत मानिएको माथि तालिका नं. ५.२ का ६२ जना उत्तरदाताहरु मध्ये शैक्षिक योग्यताको आधारमा हेर्दा एस.एल.सी. सम्मको शैक्षिक योग्यता भएका ४४.१२ प्रतिशत, आइ.ए. वा सो सरह योग्यता भएका २०.५९ प्रतिशत र बि.ए. वा सो भन्दा माथिको योग्यता भएका १०.२९ प्रतिशत उत्तरदाताहरु छन् भने २५ प्रतिशत उत्तरदाताहरु चाहिँ साक्षर मात्र देखिन्छन् ।

## तालिका नं. ५.३

| क.सं. | जति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री/ब्राहमण | १३ | १९.११ |
| २. | आदिबासी/जनजाती | ४० | ६४.७१ |
| ३. | द्यलित | ११ | १६.१८ |
| ४. | अन्य | ०० | ००.०० |
| **जम्माः-** | | **६२** | **१००.००** |

*स्रोतः- स्थलगत सर्वेक्षण २०७० ।*

माथिको तालिका नं. ५.३ अनुसार जातिगत स्थितिको आधारमा हेर्दा ६८ जना उत्तरदाताहरु मध्ये आदिवासी/जनजाति समुदायका ६४.७१ प्रतिशत, क्षेत्री/ब्राह्मण समुदायका १९.११ प्रतिशत र दलित समुदायका १६.१८ प्रतिशत रहेका छन् ।

## ५.३ पारिवारिक बनोट र बसोबासको अवस्था

अध्ययन क्षेत्रका अधिकांश मानिसहरुको पारिवारिक बनोटलाई हेर्दा एकल परिवारका संरचना बढी भेटिन्छ । यहाँ बसोबास गर्ने मानिसहरु प्रायः एकल परिवारको रुपमा पुर्ख्यौली घरपरिवारबाट अलग भई बस्ने र बसाई सरी आएको देखिन्छ । यस्तो प्रकारको परिवारिक संरचना बैदेशिक रोजगारीमा जानुभन्दा अगाडी अत्यन्त कम मात्रामा थियो । तर बैदेशिक रोजगारीमा संलग्न भएपछि उनीहरुका पत्नीहरु कुनै न कुनै बहानामा घरका परिवारबाट अलग भएर बस्ने गरेको पाईन्छ । समग्रमा यहाँका मानिसहरुको पारिवारिक बनोटलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ५.४

| क्र.सं. | परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल परिवार (बावु आमा र छोराछोरी गरी चार जनासम्म) | ४२ | ६७.६५ |
| २. | संयुक्त, परिवार (हजुरबा, हजुरआमा सहित ५ जना भन्दा बढी) | २० | ३२.३५ |
| **जम्माः-** | | **६२** | **१००.००** |

*स्रोतः- स्थलगत सर्वेक्षण २०७० ।*

माथि तालिका नं. ५.४ को आधारमा हेर्दा यहाँका मानिसहरुको पारिवारिक बनोट स्पष्ट रुपमा एकल परिवारको ढाँचामा आबद्ध भएको देखिन्छ । यसरी पारिवारिक संरचनामा परिवर्तन आई एकल परिवारको अवधारणाले गर्दा एकातिर भूखण्डीकरण, बसाईसराई र सहरीकरणको विकास बढ्दो रुपमा भइरहेको छ भने अर्कातिर वृद्धवृद्धाहरुको हेरचाह र सुरक्षामा कमी भई उनीहरुको स्थिति दिनदिनै दयनीय बन्दै गइरहेको छ ।

यसैगरी यहाँका मानिसहरुको बसोबासको स्थितिलाई हेर्दा बैदेशिक रोजगारी बसाई सराईमा प्रत्यक्ष असर पारेको देखिन्छ ।

## तालिका नं. ५.५

| क्र.सं. | बसोबासको अवस्था | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बैदेशि रोजगारीमा संलग्न हुनु अघिदेखि बसी आएका | ३० | ४७.०६ |
| २. | बैदेशिक रोजगारीमा संलग्न भएपछि बसाई सरी आएका | १८ | २९.४१ |
| ३. | बैदेशिक रोजगारीमा संलग्न भएपछि बसाई सरी अन्यत्र जाने तयारीमा रहेका | १४ | २३.५३ |
| **जम्माः-** | | **६२** | **१००.००** |

*स्रोतः- स्थलगत सर्वेक्षण २०७० ।*

माथि तालिका नं. ५.५ मा हेर्दा के स्पष्ट हुन्छ भने बैदेशिक रोजगारीका कारणले यस क्षेत्रमा बसाई सराइ अत्यधिक मात्रामा भएको पाइन्छ । यसमा अध्ययन क्षेत्रका कुल

घरधुरी संख्या मध्ये बैदेशिक रोजगारीमा संलग्न भएपछि बसाई सरी आउनेहरुको संख्या २९.४१ प्रतिशत रहेको छ । त्यसैगरी यस क्षेत्रमा पहिले देखिनै बसोबास गरी आएका २३.५३ प्रतिशत घरधुरीका व्यक्तिहरुले बैदेशिक रोजगारमा संलग्न भएपछि नजिकैका बजारक्षेत्र तथा तराईका जिल्लाहरुमा घरघडेरी किनी बसाई सरेर त्यसतर्फ जाने तयारीमा रहेको देखिन्छ । यसको गर्दा यहाँ अव्यवस्थित बसाइ सराईको क्रम बढेको छ । यसले गर्दा जनसंख्यामा बृद्धि आई प्राकृतिक स्रोत साधनको तिव्र दोहनलाई बढाएको छ ।

## ५.४ सहभागीहरुको वैवाहिक स्थिति

वैदेशिक रोजगारमा संलग्न हुने व्यक्तिहरु सबै १८ बर्ष भन्दा माथिका रहेका छन् । यो उमेर भनेको विवाह गर्ने उमेर हो । त्यसैले विदेशिएका मान्छेको बैवाहिक स्थितिलाई सामान्यतः सर्वेक्षण आवश्यक ठानी यस सम्बन्धी सर्वेक्षण तालिका तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.६**
**सहभागीहरुको बैवाहिक स्थिति**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विवाहित | २५ | ३८.२४ |
| २. | अविवाहित | २९ | ४४.१२ |
| ३. | पुनः विवाहित | ७ | ११.७६ |
| ४. | विवाहित तर एक्लै | ३ | ५.८८ |
| **जम्माः-** | | **६२** | **१००.००** |

*स्रोतः- स्थलगत सर्वेक्षण २०७० ।*

माथिको तालिकामा विवाहित, अविवाहित, पुनः विवाहित वा एक्लै मा विभाजन गरिएको छ । किनकी ३८.२४ प्रतिशत विवाहित रुपमा नै विदेशिएका छन् भने ठूलो हिस्सा ४४.१२ प्रतिशत अविवाहित छन् । यस सर्वेक्षणमा अर्को अलिक फरक पक्ष भनेको पुनः विवाह वा एक्लै बस्ने गरेको देखियो । यसले के देखाउँछ भने विवाहित वा अविवाहित भन्नु भन्दा पनि किन पुनः विवाह वा विवाह पछि एक्लै रहनु पर्‍यो यो पक्षलाई समाजशास्त्रीय आँखाले विश्लेषण आवश्यक हुन्छ । समाजमा दाम्पत्य जीवन सफल बनाउनको लागि पैसा

कमाउनु मानत्र हुँदो रहनेछ । विदेशमा बसेर पैसा प्रशस्त मात्रामा आउँदा पनि उसको पारिवारिक विचलन देखा पर्‍यो । परिवारको विचलन पछि समाजको विचलन पनि नजिकिएको हुन्छ । समाजको एकरुपता विग्रिएर जानु भनेको समाज विखण्डन र अद्योगतितर्फ धकेलिनु हो । माथिको सर्वेक्षणमा १७.६४ प्रतिशत जनसंख्या एक्लै वा पुनः विवाह गर्नेमा पर्दछन् । यो स्थितिले समाजको लागि शुभ संकेत गर्दैन । यस सर्वेक्षत्रमा परेका प्राय ९९ प्रतिशत पुरुषहरुमा परिवार प्रतिको दायित्व अविवाहितामा भन्दा ववाहितामा पूर्ण रुपमा संवेदनात्मक रुपमा देखिन्छ ।

## ५.५ वैदेशिक रोजगारमा संलग्न हुने उमेर तथा अवधि

यस अन्तर्गत वैदेशिक रोजगारीका लागि उमेरको सीमा, कुन उमेर समूहको संलग्नता कति ? र रोजगारीमा संलग्न अवधि कति ? भन्ने कुराको प्रस्तुतीकरण र विश्लेषण गरिएको छ । बैदेशिक रोजगार ऐनले नै यसमा संलग्नताको लाग उमेरको आधारमा केही सीमाहरु तोकेको पाईन्छ । यस अन्तर्गत १८ बर्ष उमेर पुरा भएको हुनुपर्दछ भनी ऐनमा उल्लेख गरिएको छ । त्यस्तै ऐनले रोजगारमा प्रवेशको लागि अधिकतम हद नतोकेको भए पनि बढीमा ४० बर्ष ननाघेकाहरुलाई सहजरुपमा प्रवेश गराइएको पाईन्छ । यसमा पनि सैनिक रोजगारीको लागि १६ देखि २२ बर्ष र गैर सैनिक रोजगारीको लागि १८ बर्ष उमेर पुरा भइ सामान्यतः ४० बर्ष सम्मको सीमा तोकिएको पाइन्छ । त्यस्तै रोजगारीमा संलग्न अवधिमा पनि एकरुपता छैन । सैनिक क्षेत्रमा कम्तीमा १६ बर्षदेखि बढीमा ३२ बर्षसम्मको अवधिलाई संलग्न अवधि मानेको देखिन्छ । यसमा अधिकांश व्यक्तिहरु १६ देखि २१ बर्षको अवधिमा निबृत्तभरणमा आइसकेको पाईन्छ । गैर सैनिक क्षेत्रमा भने कम्तीमा २ बर्षदेखि माथि पटक पटक गरेर लामो समयसम्म पनि बैदेशिक रोजगारीमा संलग्न भएको पाइन्छ । तर यहाँका व्यक्तिहरु ४ देखि ६ बर्षसम्म बैदेशिक रोजगारीमा संलक्ष्न भएको पाइन्छ । यस बाहेक नजिकैको छिमेकी मुलुक भारतमा भने थोरैमा ६ महिनासम्मको काममा समेत संलग्न भएको पाइन्छ । यस अध्ययनमा गैर सैनिक क्षेत्र अन्तर्गत खाडीका ४ वटा देशहरु कतार मलेसिया, साउदी अरब र यूएईमा वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहको बारेमा अध्ययन गरी सोही देशहरुमा संलग्न अवधिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ५.७

### बैदेशिक रोजगारीमा संलग्न हुने उमेर

| क्र.सं. | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १८ देखि २१ बर्ष सम्मको | ३ | ४.४१ |
| २. | २१ देखि २५ बर्ष सम्मको | १० | १७.६५ |
| ३. | २५ देखि ३० बर्ष सम्मको | १४ | २०.५९ |
| ४. | ३० देखि ३५ बर्ष सम्मको | १७ | २५.०० |
| ५. | ३५ देखि ४० बर्ष सम्म | १८ | ३२.३५ |
| **जम्मा:-** | | **६२** | **१००.००** |

*स्रोत:- स्थलगत सर्वेक्षण २०६८ ।*

माथि तालिका नं. ५.७ को समग्र अवस्थालाई हेर्दा १८ वर्षदेखि ४० बर्षसम्मको उमेरमा बैदेशिक रोजगारीमा संलगन भएको देखिन्छ । जे भए पनि मानिसको जीवन अवधि भरीमा नै १८ बर्ष देखि ४० बर्ष अवधिको उमेर सबैभन्दा महत्वपूर्ण उर्जाशील उमेर हो । विदेशीहरुले नेपालीहरुको यो उर्जाशील उमेरलाई राम्ररी नै उपयोग गरेको देखिन्छ भने नेपालीहरु पनि बडो बर्गका साथ आफ्नो सिर्जनशील उमेर चाहीँ विदेशी भूमीमा विताएर फर्केपछि मात्र आफ्नो देशको विकास नभएको, देशले कहिल्यै आर्थिक प्रगती गर्न नसकेको, भ्रष्ट र चुत्याहरुको देश भन्दै उल्टै आफ्नो मातृभूमि र नेपालीहरुलाई गाली गर्दै विदेश नै राम्रो भन्दै फलाक्दछन् ।

बर्सेनी ३ लाख ५० हजारको हाराहारीमा विदेश पलायन हुने युवा जनशक्तिले रचनात्मक सोचका साथ सरकारलाई दबाब दिने हो भने मुलकको विकास नहुने कुरै छैन । उदाहरणको लागि साँढे तीन लाख युवाहरुले विदेश जाँदा धरौटी बापत राख्ने सरदर एकलाखको दरले हुन आउने रकमलाई आफ्नै नेतृत्वमा लगानी गर्ने हो भने पनि राम्रै खालको कुनै परियोजना सञ्चालन गर्न सकिने देखिन्छ ।

## तालिका नं. ५.८

### बैदेशिक रोजगारीमा संलग्न हुने अवधि

| क.सं. | ऋवधि | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३ बर्षसम्म | ६ | १४.७१ |
| २. | ३-५ बर्षसम्म | २८ | ४१.१८ |
| ३. | ५-७ बर्षसम्म | १८ | २६.४७ |
| ४. | ७ बर्षभन्दा माथि | १२ | १७.६४ |
| **जम्माः-** | | **६२** | **१००.००** |

*स्रोतः- स्थलगत सर्वेक्षण २०७० ।*

माथिको तालिकामा अवधिको आधारमा हेर्दा ३ देखि ५ बर्षसम्म बैदेशिक रोजगारिमा संलग्न हुनेहरुको संख्या ४१.१८ प्रतिशत रहेको देखिन्छ र ५ बर्षदेखि ७ बर्षसम्म बस्नेहरुको संख्या २४.४८ प्रतिशत देखिन्छ । त्यस्तै ७ बर्षभन्दा बढी बस्नेहरुको संख्या १७.६४ प्रतिशत र कम्तीमा ३ बर्षसम्म बस्नेहरुको संख्या १४.७१ प्रतिशत रहेको देखिन्छ ।

समग्रमा २१ बर्षदेखि ३५ बर्ष उमेर समूहमा युवाहरु ठूलो संख्यामा वैदेशिक रोजगारमा संलग्न भएको पाइन्छ । यसैगरी कम्तीमा ३ बर्षदेखि बढीमा ७ बर्ष अवधिसम्म बैदेशिक रोजगारमा संलग्न हुने युवाहरुको संख्या ६७.६५ प्रतिशत रहेको देखिन्छ । कामदारहरुले कति आफ्नो कारण वा समस्या समाधान गर्न सके वा झन तनाव थपेर नेपाल भित्रीय यस सम्बन्धी सामाजिक असरहरु पनि बिश्लेषण यस शोधमा गरिएको छ ।

## ५.६ बैदेशिक रोजगारीमा जानु पर्ने कारणहरुको सर्भेक्षण

'Pull and Push factor' ले गर्दा बैदेशिक रोजगारीका चाप नेपालमा बढ्दो तथ्य एशियन माइग्रेन्ट सेन्टर १९९९ ले स्पष्ट पारेको छ । यि 'Pull and push factor' लाई समग्रमा समाजशास्त्रीय दृष्टीकोणमा राखेर वास्तविक पिडित पक्ष वा उत्तरदाताले के कारणलाई देखाउछन त्यस सम्बन्धी अध्ययन गरौं ।

सर्भेक्षणलाई सामान्यीकरण गरेर हेर्दा तलका जिम्वेवार कारणहरु पाइएका छन् ।

(१) **आर्थिक कारण**

(क) आर्थिक स्थिति सुधार गर्न ।

(ख) परिवारको आर्थिक स्थिति निर्वाह गर्न ।

(ग) त्यहाँ पैसा कमाउन सजिलो र त्यहाँ पैस बचाउन सकिन्छ भनेर ।

(घ) अरुले कमाएको र उनिहरुको वरावर खर्च गर्न, गरगहना ल्याउन ।

(ङ) बिदेश जाने लगानीले यहाँ केहि गर्न नसकेर केही आर्थिक वृद्धि गरि पछि ठूलो पेशा गर्न ।

(च) पैसा कम लाग्ने भिषा पाएर ।

(२) **पारिवारिक कारण**

(क) परिवारको समानतामा आफूले पनि कमाउन मन लागेर ।

(ख) कुलतमा सुधार गर्न परिवारको दबावमा ।

(ग) बाबु आमाले दिएको निर्देशन अनुसार ।

(घ) त्यहाँ गएका धेरैले काम सिकेका छन् काम, सिप सिक्न दाजुभाइले बोलाएर ।

(ङ) पढन नसकेर, पढेर पनि समकक्षी अनुसार काम नपाएर वा अरु भन्दा कमि भएको महशुस भएर ।

(३) **सामाजिक करण**

(क) जागिर नपाएर वा बेरोजगार भएर ।

(ख) गरिबीको कारण सामाजिक स्तर धानी राख्न ।

(ग) समाजका साथीभाइको लहैलहैमा लागेर ।

(घ) समाजका बैदेशिक रोजगारीमा गएका व्यक्तिहरको व्याख्यानको लोभमा परेर ।

(ङ) केहि नौलो अनुभव बटुल्न र सबै गएो देख्दा रहर लागेर ।

(च) लाहुरे हुने मनोवृति ले गर्दा ।

यि माथिका कारणहरु नै वैदेशिक रोजगारीमा जाने 'Push factor' हरु हुन भने विदेशको आर्कषण प्रचार वाजी र त्यहाँ पुगेका कामदारहरुको निर्देशन अनुरुप बैदेशिक रोजगारी फस्टाएको देखिन्छ । यहि तीनवटा कारणलाई ६२ जना बैदेशिक रोजगारमा सामेल

भएर आएका व्यक्तिहरुसँग यस शोधमा मत सर्भेक्षण गरिएको थियो जुन कुरालाइ तलको तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं. ५.९**

**बैदेशिक रोजगारीा जानुपर्ने कारणहरु**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सामाजिक कारण | ४२ | ६७.७७ |
| आर्थिक कारण | १६ | २५.८० |
| पारिवारिक कारण | ४ | ६.४५ |
| जम्माः | ६२ | १०० |

*श्रोतः स्थलगत सर्भेक्षण, २०७० ।*

माथिको तालिकामा ६७.७७ मानिसहरु सामाजिक कारणले गर्दा बिदेशिएको पाइयो यि विभिन्न सामाजिक कारणहरुमा सुधार ल्याउने ठूलो आसाले विदेशिएका हुँदा रहेछन् । २५.८०% कामदारहरु आर्थिक कारणले विदेशिएका पाइयो । हुन त आर्थिक तथा समाजिक कारण एकदम नजिकै हुन्छन् र एक अर्कामा अन्योन्याश्रीत सम्बन्धीत पनि हुन्छन् । परिवारिक कारणले गर्दा ६.४५% मानिसहरु विदेशिएको पाइयो । हुनत कुनै कामदारले पनि आफ्नो पारिवारिक गोपनियता खोल्न नचाहेर पनि यो अनुपात कमि भएको हुन सक्छ । शोधमा यस्ता कारणहरुलाई समायोजन गर्न कठिनाइ हुने हुनाले र स्पष्ट कारण आउन सकेन भने वास्तविक उद्देश्य, पुरा नहुनेदेखि आवश्यक तीन कुराहरुलाई बढि जोड दिइएको थियो ।

## ५.७. बैदेशिक रोजगारीले समाजमा पारेको प्रंभावहरुको (असर) विश्लेषण

नेपाली समाजमा बढ्दै ग्यरहेको यस बैदेशिक रोजगारीले नेपाली समाजमा कस्तो असर पारिरहेको छ यस्ने वास्तविक पक्षमा राम्रो असर पारेर देशलाई र कामदारलाई राम्रो भविष्य दिन सक्ला अथवा यसको असर नराम्रो छ । देशमा रोजीरोटीको स्थिति नभएर आर्थिक, सामाजिक, पारिवारिक दरिद्रताले पेलिए पछि निकास खोज्नु स्वभाविक प्रकृया हो । यहि अनुरुप नेपाल सरकारले केहि देशहरुमा रोजगारीमा रोजगारीको लागि मान्यता दिनु राम्रो नै कुरा हो तर आफ्नो देशको नागरिक अर्को देशमा गएर काम गर्नु जस्तो संवेदनशिल कुरा पनि हाम्रो सरकारले हचुवाको भरमा संचालन गरिरहेको अवस्थामा यसको असर

विश्लेषण आवश्यक ठानिएको हो । विदेशमा नेपालीहरुको अवस्थालाई हेर्दा प्राय: अदक्ष (unskill) कामदारको रुपमा मानिन्छ । नेपालको शैक्षिक स्थिति र देशको अवस्थाले गर्दा कामदारमा प्राविधिक सीपको कमि भएको हो । बिदेशिएका नेपाली जनशक्तिले विश्वो भरिका न्यून स्तरका कामहरु गरेको कुरा बारम्बार प्रकाशमा आइरहन्छ । कतिपय देशमा जुन देशमा जुन अरु देशका मानिसहरुले गर्नै मान्दैनन् ती कामहरु नेपालीहरुले आफ्नो नैतिकता मानविय मूल्य र स्वाभिमानलाई थाति राखि काम गरेको शोधमा खल्न आयो । त्यस्तै अन्य देशबाट आउने कामदार र नेपाली कामदार बिच परिश्रमिकमा पनि व्यापक विभेद भएको कुरा पिडित पक्षहरुले बताएका छन् । विदेशी र श्रम बजारमा नेपाली कामदारहरु माथी भएको उत्पीडन, हिसा र अवहेलनाका सम्बन्धीत पक्ष र नेपाली सरकार हमेशा मौन प्राय देखिन्छ यसकारण यसले नेपालमा कस्तो असर परिहेको छ त ? यूवा वर्गहरु लालायीत भइ विदेश जानु पछाडी कुन असर प्रभावकारी छ ? यस सम्बन्धी उद्देश्य मूलक शोध तथ्यांक सर्भेक्षण यस शोधमा गरिएको छ ।

### ५.७.१ सास्कृतिक चरित्रको विश्लेषण

वास्तवमा संस्कृति एक ठाउँबाट अर्को ठाउँमा सर्न सक्ने हुने कुरा हो । समाजशास्त्रीय सिद्धान्त अनुसार पनि संस्कृतिको प्रसार तथा संकुचित भएको स्वीकार गरिएको छ । अहिले सुचना तथा प्रविधिको संसारले गर्दा सागुरिदै गएको आभांस हुन्छ । तै पनि प्रत्यक्ष सम्पर्कले संस्कृतिलाई अझ छिटो प्रशारण हुने हुनाले वैदेशीक रोजगामा जाने कामदारले पनि आफ्नो संस्कृतिलाई विदेशमा छोडने वा विदेशका संस्कृतिलाई अनुकरण गर्ने गरेका हुन्छन् । यसै पक्षलाई मध्य नजर गर्दै यस सम्बन्धमा समाजशास्त्रीय शोध सर्भेक्षण यहाँ गरिएको छ । संसार भरि नै नेपाली कामदारहरु पुग्ने गरेको कुरा नेपालका अधिकारीहरुले पनि स्वीकार गरिसकेको कुरा हो । यसर्थ सबै देशबाट एउटै संस्कृतिको आदान प्रदान भयो होला वा भएन भनेर ठ्याक्कै भन्न सकिने स्थिति देखिदैन तै पनि यस शोधको निर्धारित क्षेत्र खाडी राष्ट्रका तीन मुलुकहरुको कामदारहरुमा परेको सांस्कृतिक चरित्र विश्लेषण गरिन्छ ।

## तालिका नं. ५.१०

### कामदारहरुको संस्कृतिक चरित्रको विश्लेषण

| विवरण | | संख्या | प्रतिशत |
|---|---|---|---|
| विदेशमा रहँदा नेपाली संस्कृतिले | सजिलो पार्छ | २५ | ४०.३२ |
| ,, ,, ,, | अप्ठयारो पार्छ | ३७ | ५९.६७ |
| विदेशमा रहँदा धार्मिक अडान | हुन्छ | २१ | ३३.६७ |
| ,, ,, ,, | हुदैन | ४१ | ६६.१२. |
| विदेशमा नेपाली संस्कृति छाडी अरुको संस्कृति | लिइन्छ | ४ | ६.४५ |
| ,, ,, ,, | लिइदैन | ५८ | ९३.५४ |
| जम्मा | | ६२ | १०० |

*श्रोत : स्थलगत सर्भेक्षण, २०७० ।*

माथिको तालिकामा विदेशमा रहँदा नेपाली संस्कृति सजिलो पार्छ वा पार्दैन भन्ने सर्भेक्षणमा सजिलो पार्छ ४०.३२% पाइयो भने अप्ठयारो पार्छ भन्ने पक्ष ५९.६७% पाइयो । यसको मतलव संस्कृतिले धेरै कामलदारलाई अप्ठयारोमा पारेको पारको पाइयो । प्राय जसो नेपाली संस्कृति हिन्दु दर्शनमा आधारित भएकाले यसै अनुरुप संस्कृतिको विकास भएको छ तर सर्भेक्षणमा परेका देशहरु पूर्णत मुस्लिम प्रधान देशहरु रहेकाले पनि संस्कृतिले सजिलो भन्दा पनि अप्ठयारो परेको देखिएको छ । बिदेशमा धार्मिम अडान हुन्छ हुदैन भन्दा ३३.८७ प्रतिशत कामदारले मात्र हुन्छ भने, अरु ६६.१२ प्रतिशत कामदारहरु आफ्नो धार्मिक अडान लिएर त्यहा काम गर्न अप्ठ्यारो पर्ने बताउछन् । यसबाट यो भन्न सकिन्छ त्याहा हिन्दु धर्मको रक्षा भन्दा रमिता भएको पाईयो । मुस्लिमहरुको लागि हिन्दु धर्म त्यति स्वीकार्य र राम्रो मानिदैन त्यसकारण धार्मिक पुरातनवादीहरु हिन्दुहरुलाई अबहेलना गरिने कुरा सर्भेक्षणमा स्वीकार गरिएको थियो । यसैगरि कति नेपालिहरु त पुरा संस्कृति नै त्यागी नेपाल भित्रिएको पाइयो ।

### ५.७.२ कुलत र शोषणको अबस्था

निकै जोश जाँगर उत्साह बोकेर थुप्रै आशा लाग्दा युवा युवतीहरु विदेशीएको तथ्य हाम्रो सामु छ । यसरी विदेशीएका नेपालीहरु कुलत र शोषणमा पर्ने गरेको पक्ष यस रोजगारी संग विश्लेषण हुनै पर्ने पक्ष हो । अहिले मुख्यतय वैदेशीक रोजगारीमा हुने

अमानविय शोषणको क्रमशः उजागर भएको पनि पाइन्छ । तर जस्तो सुकै शोषणको पर्दाफास भए पनि त्यस तर्फ ओइरो लाग्न छाडेको छैन । यस बाट पछि समाजले एउटा गम्भिर परिणाम भोग्नु पर्ने कुरा निश्चित देखिन्छ । कयौ महिला दिदीबहिनीहरु प्राणघातक रोग बोकेर स्वदेश फर्केर तडपएिका छन भने कयौं त्यही नरकीय जिवन बिताईरहेको छन् । यद्यपी पुरुषहरु पनि त्यस ठाउँमा शोषणको मारमा परेका हुन्छन् तर त्यो त्यति धेरै मात्रामा नरहेको पाइयो ।

## तालिका नं ५.११

### कुलत र शोषण को सर्भेक्षण स्थिती

| बिबरण | संख्या | प्रतिशत |
|---|---|---|
| नेपाली कामदारहरु कुलतमा पदैनन् । | १८ | २९.०३ |
| महिलाहरु कुलतमा पर्दछन । | २२ | ३५.४८ |
| महिलाहरु कुलतमा पर्दैनन् । | ४० | ६४.५१ |
| महिलाहरुलाई शोषण हुन्छ । | ५५ | ८८.७० |
| महिलाहरुलाई शोषण हुदैन । | ७ | ११.२९ |
| जम्मा | ६२ | १०० |

*श्रोत स्थलगत सर्भेक्षण, २०७०*

माथिको तालिकामा नेपालीहरु कुलतमा पर्छन वा पदैनन्  भन्ने सर्वेक्षण २९.०३% पदैनन् । भन्ने पक्षमा र ३५.४८% हरु पर्दछन भन्ने कुरा माथि गरिएको सर्भेक्षणमा देखिन्छ । तर नेपाली महिलाहरुलाई शोषण हुन्छ वा हुँदैन भन्ने कुरामा प्राय शोषण हुने कुरा सर्भेक्षणमा खुल्न आएको छ । यहाँ ८८.७०% महिलाहरु यौन शोषण लगायत अन्य सर्भेक्षणमा पर्ने गरेको कुरा पाइयो ।  ११.२९% महिलाहरु यौन शोषणमा पदैनन भन्ने कुरा पाइयो ।  घरेलु हिंसा अत्यन्त डरलाग्दो रुपमा खाडी मुलुकहरुमा रहेको कुरा अन्य मानव अधिकारवादी संस्था र सर्भेक्षणमा पनि पत्ता लागेको छ ।

### ५.७.३ प्रविधि हस्तान्रण र उपयोगको स्थिती

नेपालको परम्परागत प्रविधिसंग निश्चत पनि आधुनिक प्रविधिको मेले खादैन यहाँका कामदारहरु विश्व बजारमा अयोग्य, अध्यक्ष कामदारको रुपमा होचिएको र हेल्त्व भएको महशुस गर्नु पर्ने स्थीती हुन्छ। यही सीपको फरकले न्यूनतम मुल्यमा मान्छेले काम सिके पनि प्रामाणपत्र नहुनु भापगत समस्या आदीले गर्दा अयोग्य ठहरीक पुग्छ । यस्ता अयोग्य ठहरिएका कामदाहरु अरु सामान दर्जाका कामदारहरुबाट समेत हेपिने भएकोले यिनीहरुको मनोवैज्ञानिक स्थीति सकारात्मक देखिदैन । समग्रमा प्रविधि हस्तान्तरणको र उपभोगको स्थीतिलाई हेरौ. ।

**तालिक नं ५.१२**

**प्रविधि हस्तान्तरणको र उपभोगको स्थती**

| विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| पहिला भन्दा बढी सीप सिक्ने संख्या | ३५ | ५६.४५ | अर्ध दक्षतामा गनिने |
| पहिला भन्दा कुनै प्रगति नगर्ने संख्या | १७ | २७.४१ | अदक्ष कामदार |
| काम सिक्न अवसर नपाउने संख्या | १० | १६.१२ | विभिन्न घरेलु तथा खोति कामदार |
| **जम्मा** | **६२** | **१००** | |

*श्रोतः स्थलगत सर्भेक्षण, २०७०*

माथिको तालिकामा प्रविधि हस्तान्तरणको कुरालाई हेरिएको छ । प्रविधि सिक्ने अवसर पाएका ५६.४५% कामदारहरु पक्कै पनि लाभान्वीत भएको मानिन्छ। यसरी प्रविधि सिक्न पाउँने कामदारहरु प्राय कम्पनी वा धेरै कामदारहरुले काम गर्ने ठाउँमा परेको पाईयो भने अवसर पाएर पनि कुनै प्रगति नगर्ने २७.४% कामदारहरु अदक्ष रुपमा नै नेपाल फर्किएको पाइयो । यिनीहरु काम सिक्न नसक्नुको पछाडी शिक्षा र भापा तगारोको रुपमा रहेको पाइयो। भने केही कामदारहरुले सिक्ने अवसर पनि पाएनन् । यसको मतलब उनिहरु प्रविधि केन्द्रबाट बाहिर रहनु परेको तथ्य फेला परेको छ। उनीहरु घरेलु कामदार र निर्जन एकान्त ठाउँमा एक दुई जनाले काम गर्नु परेको हुनाले कुनै प्रविधि सिक्न नपाएको अभिव्यक्ति दिन्छन् ।

यसरी प्रविधि हस्तान्रणको पक्ष राम्रो भएपनि त्यो प्रविधि नेपाल भित्रीए पछि त्यो उपभोग भयो वा भएन, भयो भने के तिनीहरु सन्तुष्ट छन् वा त्यो उपयोग गर्ने अवसरको खोजीमा छन्  यस सम्बन्धी अध्ययनको दौरानमा सर्भेक्षण अध्ययन गरिएको थियो । यसरी गरिएको सर्भेक्षण माथि उल्लेखित तालिका अनुसार ति कामदारहरु अचेल सामान्य प्रविधि सिकेर आएपनि यहाँ उपभोग गर्ने अवसर बारेमा सर्भेक्षण गरिएको थियो ।

**तालिक नं. ५.१३**

**(प्रविधि उपयोगको स्थिती**

| विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| सिकेको काम गर्ने अवसर हुन्छ | १४ | ४० | सहरी क्षेत्रमा |
| सिकेको काम गर्ने अवसर छैन | १३ | ३७.१४ | गाउँको क्षेत्रमा |
| सिकेको प्रविधि यहाँ मिल्दैन | ८ | २२.८५ | विभिन्न तेल ग्यास उद्योगहरुमा |
| **जम्मा** | **३५** | **१००** | |

*श्रोत : स्थलगत, सर्भेक्षण २०७०*

माथिको तालिकामा ४०.००% मान्छेहरुले सिकेको कामको पुरा उपभोग गर्न पाएका रहेछन् भन्ने कुरा देखियो । यो उपयोग गर्न पाउँने स्थान भनेको औद्योगिक क्षेत्र वा शहरी क्षेत्रमा हुन्छ । यस्तै काम गर्न अवसर नपाएका प्राय दुर्गम र शहरी वा औद्योगिक क्षेत्र बाहिरका मान्छेहरु हुन्छन् भन्ने देखियो । यस्तै त्यहाँ सिकेको प्रविधि थाहा नमिल्ने संख्या २२.८५ छ । यस्ता कामदाहरु जो अति अत्याधुनिक सामान निर्माण कम्पनी, तेले उत्पादन कम्पनी ग्यास उत्पादन कम्पनी, समुन्द्रिक सम्बन्धी आदी जस्ता कामहरु यहाँ नमिल्ने हुनाले यो प्रविधि सिके पनि काम नलागेको देखियो । तर यस्ता कामहरु गर्ने सक्ने मान्छे पून: वैदेशिक रोजगारीमा सामेल हुन चाहेमा राम्रो तलब मान र सुविधा पनउन सक्नछन । पून: वैदेशिक रोजगारीमा जान “खाली अनुभव” लाई केनी गाह्रयता दिएको पाइन्छ । किनभने एक पटक त्यहाँ पुगेको मानिसहरु भापा तथा हावामापनि संस्कृतिक तथा रिर्तिरिवाज, चालचलनसंथ परिचित हुनाले काम गर्ने गराउन सजिलो भएको कारणले प्रभाविमकता पाउन्ने गरेको देखियो तर यसरी काम जानेको भनेर त्यहाँ काममा पेुको कामदारले तोकिएको काम नजानेमा गाली गलौज खानु केही सजाय तिर्नु पर्ने तथा तल्लो स्तरका

काम गर्ने पर्ने हुँदा रहेछ । यो स्थिती नआउनको लो नेपालमा रहँदा नै “trade Test” गर्न पाउने ग्यारेन्टीका साथ सरकारको गर्ने कुरा फोकस ग्रप सहभागीहरु बताउछन् ।

### ५.७.४ कमाएको रकम उपयोग स्थिती तथा खर्च स्थिती

कुनै पनि कामदार आफ्नो परिवार समाज राष्ट्रलाई नै छाडेर कामको लागि विदेशएको हुन्छ भने उसको मुख्य ला भनेको केही पैसाको जगेडा गर्नु यसै अनुरुप काममा जुटको हुन्छ काम । अनुसार केही पैसा जोडिएमा उसले आफ्नो तथा आफ्नो परिवारको उपयोगमा प्रथमतः खर्च वा उपयोग गर्छ । यस सोध सर्भेक्षणमा गरिएको उपयोगको स्थितीलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ५.१४**

**कामदरको उपयोग प्राथमिकता**

| विवरण | प्रथम प्राथमिकता | | द्वितिय प्राथमिकता | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| जग्गा खरीद | ५ | ८.०६ | १७ | २७.४१ |
| घर बनाए | ५ | ८.०६ | २० | ३२.२५ |
| ऋण तिरे | ३८ | ६१.२९ | ४ | ६.४५ |
| उद्योग व्यापार | १० | १६.१२ | १५ | २४.१९ |
| बैंकमा व्यालेन्स | ४ | ६.४५ | ६ | ९.६७ |
| जम्माः- | ६२ | १०० | ६२ | १०० |

*श्रोतः स्थलगत सर्भेक्षण, २०७० ।*

यस तालिकामा देखिएको संख्या ६२ जना पुरै निर्धारित सीमा भित्र पर्ने कामदार हुन् । यि कामदारहरुको प्रथमिकता क्षेत्रहरुलाई विवरणमा खुलाईएको छ प्रथम प्राथमिकतामा सबभन्दा बढि ऋण तिर्ने ६१.२९ छ भने द्वितिय प्राथमिकतामा घर बनाउने संख्या ३२.२५ सर्भेक्षणमा देखा पऱ्यो । बेरोजगार भएपछि केहि उद्योग व्यापार गरेर, जीवन निर्वाह गरौला भन्ने सोचमा रहेको सर्भेक्षणमा देखियो । घर जग्गा खरिद गर्ने संख्या क्रमशः ८.०६ % देखिन्छ । अर्को तिर घर बनाउनु प्रमुख द्वितिय प्राथमिकतामा रहेको पाइयो । यस

बाट मान्छे पहिलो आवस्यक्ता पछिको दोस्रो आवश्यकता बासको देखिन आयो । यस पछि द्वितिय प्राथमिकतामा २७.४१% जग्गा खरिद र उद्योग व्यापारमा २४.१९% देखिन आएको छ । यसरी कमाएको आम्दानीको दीर्घकालिन उपयोग बाहेक यदि आम्दानीमा वा खर्च धान्नै नसक्ने गरि बढी भएमा उसको दिचरियामा नै फरक पर्ने जान्छ । यसरी बैदेशीक रोजगारीमा सामेल भइसकेका मान्छेहरुको आम्दानी/खर्चको सर्भेक्षण गर्ने सोच अनुरुप यहाँ पनि सोहि क्षेत्रको फिल्ड सर्भेक्षण प्रस्तुत गरिन्छ ।

## तालिका नं. ५.१५

### कामदाहरुको परिवारिक परिर्वतनको स्थिति

| विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| जीवन निर्वाहमा परिवर्तन आएको छ | ४८ | ७७.४१ | जसको पहिला ऋण थिएन |
| जीवन निर्वाहमा परिवर्तन आएको छैन | ११ | १७.७४ | सामान्य ऋण तिरेर बचत भएन |
| झन खराब भएको छ | ३ | ४.८३ | चर्को व्याज, रोजगारीबाट कमाई नहुनु |
| जम्माः- | ६२ | १०० | |

*श्रोतः स्थलगत सर्भेक्षण, २०७० ।*

यस तालिकाबाट जीवन निर्वाहमा आएको सामान्य परिवर्तनको आकलन गर्न सकिन्छ । वै.रो. बाट जीवन निर्वाहमा सामान्य परिवर्तन हुने प्रतिशत ७७.५१% छ । भने १७.७४ प्रतिशत को जीवन निर्वाहमा खासै परिवर्तन देखिदैन । कैफियतमा जनाइएको अनुसार, जुन छलफलको क्रममा सर्वसम्मत स्वीकृतिमा आएका पक्षहरु हुन्, ति कारणले गर्दा नै त्यो भएको हुनु पर्छ भन्ने सर्भेक्षणको मान्यता राख्न सकिन्छ ।

### ५.७.५ बैदेशिक रोजगारीको मुल्यांकन

बैदेशिक रोजगारीलाई समाजशास्त्रीय आखले मुल्यांकन गरिनु आवश्यक छ । किनकी यो पेशा व्यवासाय जे भए पनि आखिर समाजभित्र कै एक अर्न्तक्रिया हो भन्नु पर्छ । सर्भेक्षणमा परेका सहभागीहरुबाट लिएको मत सर्भेक्षणको आधारमा यसको मूल्यांकन गर्न सकिन्छ । बैदेशिक रोजगार सेवामा काम पाएका सबैले यसलाई एउटै पक्षबाट मुल्यांकन गरेको पाइयो । सामान्यतय यस पेशालाई मर्यादित संस्थागत बनाउन सकेमा सबै पक्ष सन्तुष्ट हुने देखियो ।

## तालिका नं.५.१६

### बैदेशिक रोजगारीको स्थिति मुल्यांकन

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो छ | ३९ | ६२.९० |
| नराम्रो छ | १२ | १९.३५ |
| मध्यम छ | ११ | १७.७४ |
| **जम्माः** | **६२** | **१००** |

*श्रोतः स्थलगत सर्भेक्षण, २०७० ।*

माथिको तालिकामा ६२.९०% व्यक्तिहरुले यस व्यवसायलाई राम्रो भन्ने मत जाहेर गरे । उनिहरुले आफै यसमा आवश्यक संस्थागत वा प्रकियाथत संसोधन गर्नुपर्छ भन्ने पाइयो भने पूर्णत नराम्रो भन्ने पक्ष चाहि १९.३५% रहेको पाइयो । यस्तै सामान्य सन्तोष व्यक्त गर्नेमा १७.७४% रहेको पाइयो । सामान्य सन्तोष व्यक्त गर्नेहरुमा ति व्यक्तिहरु थिए जो भोलीको भविश्य प्रति त्यति आशाबादी देखिदैनन, हाललाई मात्र त्यो निर्वाहको रुपमा चलेको भन्ने उनिहरु स्वीकार गर्दछन । यसरी सामाजिक विप्लेषण गर्दा नराम्रो छ भन्ने पक्ष र ठिकै छ । भन्ने पक्ष वास्तवमा पिडित पक्ष हुनसक्छन यद्यपि यिनिहरु अरु भन्दा कम होलान तर परिस्थिीति अनुकुल भएर यिनीहरुको संख्या अरु बढ्न गएमा सामाजिक सन्तुलन बिग्रन सक्छ ।

## तालिका नं. ५.१७

### बैदेशिक रोजगार राम्रो लाग्नुको कारण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| बिदेशी मुद्रा प्राप्त हुन्छ | ३२ | ८२.०५ |
| सीप प्रविधि प्राप्त हुन्छ | ४ | १०.२५ |
| विदेश भ्रमण र संस्कृतिको ज्ञान हुन्छ | ३ | ७.६९ |
| **जम्माः** | **३९** | **१००** |

*श्रोतः स्थलगत सर्भेक्षण, २०७० ।*

माथिको तालिकामा विदेशी मुद्रा प्राप्त हुन्छ वा पैसा कमाइन्छ भन्ने संख्या नै अधिक पाइयो । यसरी अभिमत आएका ८२.०५% हरु पैसा कमाउन बिदेश जानु नै राम्रो भन्ने कुरा व्यक्त गरेको पाइयो । यस्तै सिप सिकिसके पछि पुन त्यसलाई प्रयोग गरेर धेरै फइदा लिन सकिन्छ भन्ने सोच रहेको पाइयो । र विदेश भ्रमण र त्यहाँको संस्कृति सम्बन्धी ज्ञान हुन्छ भन्ने पक्ष ७.६९% रहेको देखियो । उनिहरु यो पेशालाई 'As a long life' लिन चाहेको देखिएन यसरी र्बतमान शोधछात्रको अवलोकनमा यस बैदेशीक रोजगारीको मूल्यांकन गर्दा केहि पक्षहरु बढि देखिए पनि असन्तोषको ज्वालाप्रवाहा पनि कमि देखिएन ।

### ५.७.६ बसाईसराईको स्थिती र असर

बसाइसराई भन्नाले नियमित निर्वाहको साधन सहित यथास्थानलाई छोडेर अन्यत्र स्थानमा बसोबास गर्न जानुलाई बसाईसराई भनिन्छ । बसाइसराइ गरेका सबै मानिसहरु खुसिले या बाध्यताले जाँदा रहेछन् भन्ने कुरा मान्न सकिदैन । वैदेशिक करोजगारीमा सामेल भएका व्यक्तिहरु पनि विभिन्न कारणबाट बसाइसराईमा सामेल भएको पाइयो । सर्भेक्षणको क्रममा तलको स्थिती फेला परेको हुनाले यसलाई यहाँ समेटिएको छ ।

## तालिका नं. ५.१८

**बसाइसराइको स्थिति र असरहरु**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| खुशीले बसाइँ सरेका | ६ | ९.६७ |
| बाध्यताले बसाइँ सरेका | २ | ३.२२ |
| यथास्थितिमा रहेका | ५४ | ८७.०९ |
| जम्मा | ६२ | १०० |

*श्रोत: स्थलगत सर्भेक्षण, २०७० ।*

यस तालिकामा समाजमा बैदेशिक रोजगारीले समेत बसाइसराइलाई असर पार्दो रहेछ भन्ने तथ्यलाई सर्भेक्षणद्वारा प्रमाणित गर्न खोजीएको छ । माथिको तालिका अनुसार खुसिले बसाइसरेको संख्या ९.६७% देखिन्छ, यिनीहरु प्रयाजसो मधेश र त्यसपछि शहरी क्षेत्रमा बसाइसरेको पाइयो, यसपछि बाध्यताले बसाईसरेको ३.२२% रहेको छ । यिनीहरु त्यति वरपर स्थानान्तरण बसाइसराई गरेको पाइयो । यस्ता परिवारहरु विविध कारणहरु

लगाएत ऋण र यस पेशा तर्फ आकर्षण हुनाले वर्वाद भएको बताउँदछन् । यस्तै खास असर नपरेको संख्या सबभन्दा बढि ८७.०९% देखिन्छ । यो पनि अन्य विकसित मुलुकहरुमा पुगेर कामदार भइ केहि आर्जन गर्नेहरु बढि बसाई सराई गर्ने गरेको कुरा स्थानीय सर्भेक्षण र व्यक्तिगत संवादमा थाहा हुन आएको छ । समाजको एउटा समस्या बसाइसराई भइरहेको अवस्थामा यस व्यवसायले पनि वसाइसराइलाई टेवा दिएको र विविध असर परेको देखिन्छ ।

### ५.७.७ वैदेशिक रोजगारमा गएको परिवारको सामाजिक स्थिति

समाजमा विभिन्न स्तर, तह र तप्कामा मानिसहरुको आपसी मेलबाट कार्यगत एकता भएर एउटा व्यवस्था (System) चलिरहेको हुन्छ । समाजमा हुने विभिन्न चलले गर्दा मानिसको सामाजिक प्रतिष्ठा वा सामाजिक स्थान निर्धारण गरिरहेको हुन्छ । यस्ता चलहरुमध्ये आम्दानी वा आय श्रोत पनि एक हो । समाज जसले नियमित आय अर्जान र आफ्नो स्थिती मजवुत गर्दै लगेको हुन्छ, उसको सामाजिक स्थिती मर्यादित र सम्मानजनक हुन पुगेको पाइयो । यसै पूर्व कथनलाई आधार मानि यस शोधमा गरिएको सर्भेक्षण तलको तालिकामा देखाइएको छ ।

## तालिका नं. ५.१९

**सामाजिक स्थिति**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| समाजमा अरुको भन्दा प्रतिष्ठित/राम्रो छ | ३८ | ६१.२९ |
| समाजमा अरुको भन्दा नराम्रो छ | १२ | १९.३५ |
| अरुको समान त्यति फरक छैन | १२ | १९.३५ |
| जम्मा | ६२ | १०० |

*श्रोतः स्थलगत सर्भेक्षण, २०७० ।*

यस तालिकाबाट यो देखिन्छ कि वैदेशिक रोजगारीमा सामेल भएर आएका व्यक्तिहरुको राम्रो प्रतिष्ठा रहेका परिवारको संख्या ६१.२९% छ भने यहि कारणले परिवारको प्रतिष्ठामा आच आएको संख्या १९.३५% छ भने कति पनि फरक नपरेको संख्या पनि १९.३५% रहेको देखिन्छ । यसलाई *'Key Informats'* को आधारमा परिक्षण गरिएको थियो किनभने आफ्नो वास्तविक स्थिती उनीहरु लुकाएर राख्नु नै राम्रो भन्ने लागेर हुन सक्छ ।

त्यसकारण पनि यसलाई अरुको वा समाजसेवी, प्रतिष्ठीत व्यक्ति शिक्षक वुद्धिजीवि आदि सँगबाट बुझिएको थियो ।

### ५.७.८ बैदेशिक रोजगारीले पारेको प्रभाव

**(क) सकारात्मक प्रभाव**

भखर्रै विकसित र अत्यान्त तिव्र गतिमा बढिरहेको पेशा बैदेशिक रोजगारी हो । दुइ दशक पुरा नहुदै सबैभन्दा बढि वैदेशिक मुद्रा आर्जन गर्न यस व्यवसाय सफल भएको कुरा बिभिन्न श्रोतबाट थाहाँपाउन सकिन्छ । नेपालबाट विदेशिने नागरिकहरु विशेष गरि दुइ बर्षको करार मा गएको हुन्छन । यसरी नेपालीहरु मुख्य विदेशिने आर्थिक कारण र सामाजिक कारण पाईयो यसरी विदेशिएका नेपाली कामदारहरुले कति आम्दानी राष्ट्रलाई सुम्पन्छन् त्यसको शुद्धता नाप्न हामी वा नेपाल सरकार पनी सक्षम छैन । संभावनाका विच पनि अस्तव्यस्त रहेको यस व्यवसायलाई व्यक्तिको एउटा मापन हुन्छ भने सरकारी अधिकारीहरु अर्को तथ्यांक प्रश्तुत गर्दछन । त्यस्तै पत्रपत्रीका, लेख, आदीमा अर्को तथ्यांक प्रकाशित हुन्छ । जे भए पनि आखिर यस वैदेशिक रोजगारी ले नेपाल राष्ट्र र समाजलाई दिने भनेको पहिलो फाइदा आय/वा आम्दानी हो तलको तालीकामा यसै सम्बन्धी विवरण प्रश्तुत गरिन्छ ।

**(ख) बेरोजगारी समस्या सामाधान**

नेपालमाक वेरोजगारी समस्या समाजको एउटा माहामारी झै फैलिएको समस्या भएको छ । यसरी फैलिएको वेरोजगारी समस्या समाधान गर्न यो नयाँ विषय शक्षम भइरहेको कुरा विभिन्न सरकारी स्तरबाट पनि स्वीकारिएको कुरो हो । उमेर समुहको आधारमा आर्थिक रुपले सकृय मानिने कुल जनसंख्याको करिब ४७% जनसमुदाय मध्ये स्वदेशी रोजगार सेवामा विभिन्न क्षेत्रमा हाल करिब १४, ०६, ००० व्यक्ति संलग्न रहेका छन रोजगारी खोज्नेहरुको संख्या करिव ८, ५८, ५०० रहेको तथ्य श्रम सर्भेक्षण १९९३ मा पत्ता लागेको देखियो, यसरी खपत हुनै नसक्ने दरले वृद्धि भइरहेको श्रमशक्तिलाई यस व्यवसायले ठूलो अंशमा सहयोग गरिरहेको देखिन्छ ।

## (ग) प्रविधि हरुतान्त्रण तथा सीपको आदन प्रदान

प्रविधि तथा सिपको आदानप्रदान हुने भन्ने कुरालाई यस शोधले पनि उजागर गरेको छ । प्रविधि हस्तान्तरणबाट समाज तथा देशले छिटो छरितो उन्नति गर्नको लागि यस क्षेत्रले राम्रो सहयोग गर्न सकेको देखिन्छ ।

## (घ) व्यवस्थापकिय ज्ञानको विकास

काममा सिकेको सीपको विकास लगायत दक्ष कामदारहरुले व्यवस्थापकिय ज्ञानको विकास समेत गर्दछन् । यसरी व्यवस्थापकिय ज्ञानको विकासबाट नेपाल फर्किसकेपछि औद्योगिक नीति तथा उद्योग स्थापना लगायतका समाजका विभिन्न जनशक्तिको परिचालनलाई उचित व्यवस्थापन गर्न सक्षम हुन्छन् भन्ने देखिन्छ ।

## (ङ) संस्कृति आदान प्रदान

वेग्ला वेग्लै संस्कृतिक जमघट तथा विविध संस्कृतिक अध्ययन गर्ने मौका दिन्छ । विभिन्न संस्कृतिको अध्ययन अनुसन्धान तथा विविधिकरणका राम्रा पक्षबाट पछि समाजमा पुरातनवादी संस्कृतिका नराम्रा पक्षहरुलाई हटाउन सहयोग पुग्ने देखिन्छ ।

## (च) दुई देश विचमा सम्बन्ध विस्तार

कामदारको आफ्नो र पुग्ने मुलुक बीच विभिन्न पक्षमा सम्बन्ध सुधार तथा आर्थिक सहयोग सम्बन्ध विस्तार हुन सक्छ । यो इतिहासले प्रमाणित गरेको कुरा हो कि नेपालीले सहयोग गरेका विभिन्न मुलुकहरुबाट नेपालको विकास निर्माण तथा अन्य सम्बन्ध र सहयोग विस्तार भइरहेको छ ।

## (छ) गरिवी निवारणमा सहयोग

नेपालमा गरिवी बढनुमा धेरै कारणहरु होलान तर अनुत्पादक श्रमशक्ति र बेरोजगारी समस्यमा पनि एक हो । जब समाजको नागरिक आफै बेरोजगार छ भने उसको परिवार पनि सवल र आर्थिक सम्पन्न हुन सक्दैन तसर्थ नेपालको गरिवी घटाउन वैदेशिक रोजिगारीले उल्लेख्य भूमिका खेल्न सक्छ । जब कुनै मानिस आधारभूत सेवा र वस्तुहरुको उपयोगमा क्रय शक्ति बढाउछ वा उसको बेरोजगारीपन हट्दछ उ सवल हुन्छ, उसको परिवार गरिवीको चपेटामा पर्दैन र समाजको समस्यामा यस व्यवशायले सहयोग गर्न सक्छ ।

### ५.७.९ नकारात्मक प्रभाव

#### (क) परनिर्भरताको भावना विकास हुन

देशमा बढ्दै गईरहेको खुला अर्थव्यवस्था र हतारिएको उदारिकरणको विकृति संगै देशमा आत्म निर्भरताको भन्दा परनिर्भरताको भावना समाजमा बढेको छ । मौलिक पहिचानका वस्तु कप्राय हराएर गएका छन् भने सर्वसुलभ र सजिलो सस्तो वस्तुहरुप्रति आर्कपित हुन यस वैदेशिक रोजगारीले पनि उटा ठूलै भुमिका खेलेको देखिन्छ । देश विदेशको प्रभाव बोकेर भित्रिएका नेपालीहरु हु-बहु नक्कल गर्न नसके पनि केहि नक्कल गर्छन र गर्न खोज्छन् यसले राष्ट्रलाई परनिर्भता तिर लादै गरेको दृखिन्छ । आफ्नो देशमा केहि गरौ, स्वसम्मान रोजगारी खोज्नु भन्दा आश्रित विश्वासको भरमा परराष्ट्र चाप्ने परनिर्भरताको मानसिकता नेपाली समाजमा बढेको छ ।

#### (ख) न्यायोचित अवसरको अभाव

नागरिकको मालिक हक अनुसार प्रत्येक नागरिकले समानरुपले अवसर पाउनु पर्छ भन्ने छ तर वैदेशिक रोजगारीमा न्यायोचित अवसरको अभाव देखिन्छ । यस रोजगारीमा धनाढ्य र नव धनढ्यहरुले राम्रो अवसर फेला पारेको देखियो भने निम्न स्तर गरिबी निमुखा र असाहय जन्ताहरु विमुख देखियो यसरी 'Eco.might' को स्थितिले देशमा कुनै दिन विद्रोह ननिम्ताउला भन्न सकिर्दन ।

#### (ग) शोषण र ठगी प्रविति बढ्नु

यस व्यवसायमा काम दिने र गर्ने दुई पक्ष रहने भएकाले काम दिने पक्षले जहिले पनि आफ्नो पक्षमा रहेर मात्र काम दिन्छ अन्यथा उसले काम सक्छ । जहिले पनि आफ्नो पक्षमा रहेर मात्र काम दिन्छ अन्यथा उसले काम नदिन सक्छ । यसकारण कम दिने पक्ष सित मिलेर कमदारको शोषण भएको देखिन्छ यस बाहेक यस व्यवसाय संग करोडौको ठगि राष्ट्रले भोगेका उदाहरण पनि छन् । विदेशीले नेपालीलाई शोषण गर्नु भनेको नेपाल र यसको भविश्य बोकेका नागरिक माथी शोषण हुनु हो यस कारण यस व्यवसाय संगै ठगि र शोषणको पराकाष्ठ भित्रीएको पाईन्छ ।

#### (घ) योग्य जनशक्ति पलायन हुनु

नेपालमा *'Brain drain'* रोग असाध्य निको नहुने समस्याको रुपमा बढिरहेको छ । करोडौ देशको लगानी लगाएर निस्केको प्रतिभा अवसरको कमिले बिदेशको रोजगारीमा पलायन हुने प्रकृतिले देशलाई दिर्घकालिन नकारात्मक प्रभाव पारिरकेको छ । जब योग्य जन शक्ति नै नेपालमा रहदैन भने नेपाल राष्ट्र सधै, गरिवी र पछौटे पनमा रहिरहने छ यसको जिम्मेवार तत्व मध्ये विदेशको रोजगारी व्यवस्था पनि एक हो ।

(ङ) **समाजमा नपच्ने विकृतिहरु भित्रीनु ।**

नेपालका सोझा तथा सरल जनशक्ति जव विदेशमा पुग्छ अनि त्यहाँको विभेद छाडा र अवान्छित क्रियाकलापको सर्सगमा पुगेमा नेपालमा भोलि फर्किने जनशक्तिसँगै यस्ता असास्कृतिक पक्ष समेत भित्रिन पुग्छन् । यसो गर्दा हाम्रो समाजमा खोक्रो आडम्बर, परिश्रमभन्दा पर निर्भरताको सांस्कृतिक विकृतिहरु आउन सक्छन । यसकारण हाल नेपालमा भित्रिएका विभिन्न विकृतिको जिम्मेवार वैदेशिक रोजगार पनि भएको छ ।

## ५.८ वैयक्तिका अध्ययन :

समाजशास्त्र विकसित अध्ययन प्रविधि मध्ये वैयक्तिक अध्ययन पनि एक हो । यसको मद्दतबाट सत्यताको नजिकमा पुगेर यथार्थ अनुभव अध्ययन गर्न सकिन्छ । यही प्रविधिको प्रयोग गरी यस शोधमा पनि केही सूचना, अनुभवहरु केलाउन खोजिएको छ ।

## घटना-१

निर्धारित क्षेत्र भित्र र शोध सीमाभित्र पर्ने आर्यन मुलको मंध्यम स्तरीय परिवारमा रहँदा सामाजिक रुपमा सवल र वेरोजगारी समस्याबाट पार पाउन वर्ष ३४ राम प्रसादको अध्ययन संकेत नं.67/f/sc/ बैदेशिक रोजगारीमा गएको देखिन्छ । नेपालमा धेरै प्रयास गर्दा पनि रोजगारीको अवसर पाउन नसकेपछि बि.सं. २०५१ सालमा उनी विदेशिएका थिए । समाजमा भएको लाहुरे मनोबृत्तिले उनलाई पहिला विदेशको नोकरी गर्न मन पर्दैनथ्यो तर परिस्थितिले उनलाई बैदेशिक रोजगारीमा नै जान बाध्य बनायो । बर्षेनि व्याज तिर्नु र आर्थिक स्थितिमा अरुभन्दा निम्न 'प्रतिष्ठानमा बाच्नु पर्ने भन्दा सबै दुःख कष्ट झेल्नु दृढ संकल्प गर्दै उनीले वैदेशिक रोजागरी साउदी अरब जाने निर्णय लिएको बनाउँदछन् ।

करिब ६५ हजार एकमुष्ट रकम ऋण निकालेर उनी विदेश जाँदा उनको पहाडी घरवारीको करिब ४०% गुमाउनु परेको र बैदेशिक रोजगार सम्बन्धी पूरा ज्ञान नभएकोले सामान्य साक्षर मान्छेसँग लागेको र ५५,००० ने.रु. बुझाई पासपोर्टमा निषा लागेको उनी

बनाउँदछन् । परिवारको ठूलो आशा र हिम्मत लिएर गाउँघर आफुलाई हिडदा असाध्य उत्साहित भएको उनी बताउँदछन् । समाजको स्थिति बुझ्दा केही गर्नुपर्छ भन्ने दृढ निश्चय उनीमा थियो । निर्धारित दिन र मितिमा उनी कुनै अन्तर्वार्ता विना नै उनको भिषा तयार भएको भनेर उनी काठमाडौं आएर म्यानपावरको सम्पर्कमा पुगेका थिए ।

त्यस वेलासम्म सपनामा मात्र रहेको काठमाडौंमा उडने वा काम गर्ने देश तर्फ जाने भनेको करीब ४५ दिनपछि मात्र उनको भिषा लागेको उनी वास्तविकता दर्शाउदछन् । किन ढिलाई भएको भन्ने सम्बन्धमा एजेन्सी र यसका मान्छेलाई पैसाको आवश्यकता परेर काठमाडौं झिकाइएको रहेछ, केही नबुझेको अवस्थामा विश्वासमा परी पहिल्यै विना रसिद पैसा दिइयो अनि मात्र आफुसँग कुनै पैसा नभएकोले साह्रै दुःख भएको उनी बताउँदछन् । नियम कानूनका कुनै कुरा थाहा नभएकोले साह्रै दुःख भएको उनी बताउँदछन् । नियम कानूनको कुनै कुरा थाहा नभएको अनि आफूले चिनेको व्यक्ति समेत नरहेको यस स्थानमा मानिसहरु असहयोगी भएको अनुभव उनीमा रहेछ । त्यस समय एउटै कोठामा ८-१० जना सुत्नु र निर्वाहको खाना बिहान बेलुका खाएर कुनै रुपिया विना करिब १०, १५ कि.मि. समेत-काठमाडौंमा खुट्टाले हिड्नु पर्ने, त्यसपछि घरको दयनीय स्थिति र आर्थिक बोझलाई सम्झदा मानसिक पिडाले अत्यन्त विरक्तिएको उनको अनुभव छ ।

यसो हुनुको कारण खोतल्दा, पहिलो धोका भनेको उनको प्रथम विश्वासि मान्छेबाट नै भएको थियो । त्यसपछि एजेन्सीले पनि वास्तविकता लुकाइ दिँदा कहि पनि उनको कुरा सुनुवाइ भएन । करिब १ महिना पछि मात्र आफ्नो भिषा प्रक्रिया शुरु भएको थियो र त्यसपछि करिब १५ दिनमा पुरा काम सिद्धिएर उनी साउदी अरबको जेद्धता पुगेका रहेछन् । नेपालमा रहँदा उनले नेपालीको गरिवीपनबाट आत्तिएको तथा विदेशमा रहँदा, पनि राष्ट्रिय तथा व्यक्तिगत स्वाभिमानमा बाच्न नसकेको व्यथा उनीसँग छ । उनीसँग नेपालबाट उडेका २० जना साथीहरुलाई उनले त्यहाँ कहिल्यै भेटेनन् । उनी सिधै एउटा अर्बाव (मालिक) कहाँ पुगे जहाँ सानो काठको काम हुन्थ्यो, त्यहाँ साउदी पुगेपछि पनि फेरी बेचिए ।

थोरै कामदार र त्यसमा पनि अरुले आफूले भन्दा बढी ककाम जानेको र आफू अदक्ष कामदार भएकोले सबै दुःख, खतरा, फोहरी सबै काम उसैलाई लगाउथे । पाकिस्तानी कामदार भएकाले उनीहरुले नेपाली भनेपछि धेरै दुःख दिने कुरा उनी बताउछन् । कार्यवधि र घण्टा तोकिएकोमा करिब १५ घण्टा दैनिक काम गर्नुपर्ने र बढी समयाबधि काम गरे पनि तलव मा  कुनै बृद्धि नभएको रहेछ । त्यहाँको शहर कत्रो थियो, कहाँ के थियो, आफूलाई

केही थाहा नभएको उनी बताउँछन् । साहुले (घुम्ने कार्ड) नदिएपछि बाहिर निस्केमा पुलिसले समातेर जेल हाल्छ । सुविधाहरु निर्वाहको मात्र थियो, औषधि उपचार, विमा थिएन । नेपाली खाना कहिल्यै खान नपाएको गुनासो समेत छ । काम गर्न नसक्दा र नजान्दा सामान्य अन्य कामदार र मालिकहरुले समेत डर, त्रास, धम्की र दुई तीन पटक चोट समेत खानु परेको थियो । बोल्ने कुनै साथी छैन, नेपाल फर्कन आफुसँग पासपोर्ट टिकन छैन, पुलिसले भाषा बुझ्दैन, अरु नेपालीहरु कहाँ के गर्छन भेटन बाहिर निस्कन पाइँदैन । यस्तो हालत प्रायः ५०% नेपालीको रहेको उनको दाबी छ ।

# अध्याय-छ

# अध्ययनको सारांश र निष्कर्ष

## ६.१ अध्ययनको सारांश

सुगौलि सन्धि पछिको एकिकृत नेपाल भित्रका जातजाति र समुदायको सम्बन्ध सन्धि अघिको नेपाल र तत्कालिन भारतसंग असाध्य निकट रहिरहेको थियो । खुला सिमानाले गर्दा बिना रोकतोक आर्थिक,सामाजिक,सांस्कृतिक आदन प्रदानमा कुनै कमि आएन् । सन्धिकै अर्को पक्ष अनुसार नेपाली युवाहरु व्रिटिस सेनामा भर्ना भएर जाने प्रचलन स्थापित भयो । सन् १८५७ को भारतिय सिपाही विद्रोहको बेला नेपाली सेनाले व्रिटिसलाई अद्भूत सहयोग गऱ्यो । यसरी साम्राज्यवादी इष्ट इन्डिया कम्पनीले नेपालीको बहादुरी तथा राष्ट्रियताको भावनाको बारेमा धेरै नजिकबाट बुझेका थिए ।

नेपालीलाई आफ्नो गर्दन भन्दा मातृभूमि ऱ्यारो हुदोरहेछ भन्ने राष्ट्रभक्तिबाट प्रभावित भएकै कारण तत्कालिन सम्झौता अनुरुप व्रिटिसले आफ्नो मातृभूमि रक्षार्थ नेपालीलाई आफ्नो सेनामा सामेल गरायो, जुन रुप आजसम्म पनि देखिन्छ । इष्ट इन्डिया कम्पनीले नेपाली योद्वा सेनालाई तिनवटा रेजिमेन्ट(१,२,३) स्थापना गरि रेजिमेन्टहरुलाई लाहोर हालको पाकिस्तानमा राखियो । यसरी रेजिमेन्टमा भर्ना हुनका लागि प्राय नेपाली 'लाहोर' नै जान्थे । यसरी त्यस बेलाको पहिचान गोर्खाली रेजिमेन्ट र त्यहां भर्ना हुनेलाई लाहुरे भन्न थालियो । पछि नेपालको भैरहवा,नौतनबा र सुनसरी घोपामा गोर्खा भर्ति केन्द्रको स्थापना भयो । यसरी विस्तारै हिन्दुस्तान जाने गोर्खालीलाई लाहुरे भन्न थालियो । यसरी लाहुरे शब्द वैदेशिक रोजगारीको पर्याय हुन पुग्यो ।

यसरी सैनिक र गैर सैनिक रुपमा नेपालीहरुको विदेश जाने कम अगाडि बढेको पाइन्छ । मलेसिया,बर्मा,भूटान आदि ठाँउमा पनि द्वितिय विश्वयुद्ध ताका नेपालीहरुको बसोबास सुरु भएको पाइन्छ । यसरी सन् १९८० को दशकपछि जब नेपालमा खुला अर्थ व्यवस्थामा प्रवेश गऱ्यो त्यसपछि विदेश जाने कममा झनै तिव्रता आएको पाइन्छ । यसरी नेपाली नागरिकहरु विदेशमा पुगेको,दुःख पाएको अनि केहि राम्रो भएको विभिन्न समाचारहरु आउन थाले यसै अनुरुप वि.सं.२०२८ सालमा श्रम र वि.सं.२०३८ सालमा श्रम मन्त्रालयको गठन भएको पाइन्छ । यस व्यवसायबाट राम्रै पक्षहरुको विकास भएको देखि सरकारले यसलाई अझ परिमार्जन गर्दै लाने सोच अनुरुप विभिन्न प्रर्वद्वन आयोगहरु गठन गर्दै

सुझाव अनुसार अझै परिमार्जित रुपमा लान खोजेको देखिन्छ । हाल यो व्यवसाय राष्ट्रिय रुपमा अगाडि बढि रहेको छ । संगठित रुपमा होस् वा असंगठित रुपमा नेपाली नागरिकहरुको ठूलो लहर विदेश रोजगारमा जान लालयित छ । तैपनि सरकारले यसलाई व्यवस्थित गर्न कुनै खालका जिम्मेवारी देखाएको देखिदैन आफ्नो देशका कुटनितिक प्रयास र विदेशका कुटनितिक निकायहरु नेपालमा राख्न सकिरहेको देखिदैन् । छिमेकि मुलुकहरुमा पनि वैदेशिक रोजगारी एउटा वृहत रोजगारीको भरोसाको व्यवसायको रुपमा विकसित हुदै गएको देखिन्छ । छिमेकी राष्ट्रहरुमा यो व्यवसायको राष्ट्रिय आयमा समेत योगदान रहेको देखिन्छ । तर नेपालमा यसलाई हेर्ने छुट्टै निकाय पनि देखिदैन अनि यसले राष्ट्रिय रुपमा कति योगदान दिन्छ यो पनि स्पष्ट भन्ने जवाफ सरकारसंग छैन् । यस विषयमा हालसम्म समाजशास्त्रिय कुनै खोज नभएकाले यो शोध आवश्यक ठानेको छु । यो शोध निम्न अनुसन्धानात्मक प्रश्नहरुबाट निर्देशित छ ।

क) वैदेशिक रोजगारीमा जाने दिशा र प्रवित्ति कस्तो छ ?

ख) वैदेशिक रोजगारीमा जानुपर्ने कारणहरु के के हुन् ?

ग) समाजमा वैदेशिक रोजगारीले कस्तो प्रभाव पारेको छ ?

घ) छिमेकि मुलुकमा वैदेशिक रोजगारीको स्थिति कस्तो छ ?

यहाँ वैदेशिक रोजगारी संचालन गर्ने छुट्टै प्रकिया रहेको देखिन्छ । सरकारले मुलुक तोक्ने व्यवस्था यहाँ छ । हाल सम्म १५ वटा देशहरुलाई सरकारले खुला गरेको देखिन्छ भने व्यक्तिगत रुपमा हालसम्म २४ वटा देशमा नेपाली कामदारहरुले श्रम स्विकृति लिएको देखिन्छ । वैदेशिक रोजगारीमा पहिला महिलाहरु पनि सामेल भएको देखिन्छ तर हाल यसलाई बन्देज गरिएको छ । श्रम विभाग नै वैदेशिक रोजगार सम्बन्धि सबै रेकर्ड राख्ने ठाँउ यसै अनुसार वि.सं.२०५५ असार सम्म ६८३६७ जना व्यक्तिहरु वैदेशिक रोजगारीमा पुगेको देखिन्छ तर विभिन्न सरकारी अधिकारीहरुको प्रतिवेदन र पत्रपत्रिका अनुसार ३५०० महिला कामदार सहित २ लाखभन्दा बढि नेपाली कामदारहरु वैदेशिक रोजगारीमा समावेश भएको बुझिएको छ । हाल सम्म यो संख्या अझै वृद्धि भएको हुनुपर्दछ । यस शोध छात्रले शैक्षिक पुरकको वाहानामा यो शोध विषयलाई निम्न उद्धेश्य राखि अगाडी बढाएको थियो ।

उद्धेश्यमूलक नमुना छनौटको आधारमा संखुवासभा जिल्लाको खराङ्ग गा.वि.स.लाई लिएर ६२ जना यस शोध सिमा भित्र रहेका देशबाट विदेश काममा गएको र हालसम्म १०७ जना रोजगारीको अनुभव संगाली फर्केका हुनाले यिनै ६२ जनालाई शोधमा सामेल गरिएको

छ । यसरी क्षेत्र अध्ययनमा अवलोकन,अन्तरवार्ता,प्रश्नावली,समूह छलफल,केश अध्ययन आदिबाट सूचनाहरु लिइएको छ ।

जब कुनै समाज सवल हुन्छ भने त्यस समाजका सदस्यहरु सबल हुनु अवस्य हुन्छन् । यदि वैदेशिक रोजगारीले व्यक्तिलाई फाइदाजनक परिणाम दिन्छ भने,यसको परिणाम समाजले समेत पाउँछ । यदि यस व्यवसायले उसलाई अप्ठ्यारो पर्छ भने उसले समाजमा राम्रो परिणति देला भनेर आस गर्न सकिदैन । यस अनुसन्धानमा मुख्य दुई खालका असरहरु फेला परेका छन् । वर्तमान त्यति हानिकारक नदेखिए पनि यो व्यवसाय देशका लागि एयटा मन्द विषय सावित हुनसक्छ । लामो भविष्य बोकेका नागरिकलाई क्षणिक वैदेशिक रोजगारीमा पठाएर ज्वाला शान्त देखिएपछि कुनै दिन संगठित आगो विस्फोट नहोला भन्न सकिदैन । मानिस विवशताले विदेशिएका पाइयो यसरी बाध्यता र विवशताले विदेशिएको नागरिकले विदेशमा समेत नेपाली हुनुमा आत्म स्वाभिमान नपाउँदा नेपाल राष्ट्रिपति सधैँ राम्रो भावनाको नै विकास हुन्छ भन्न सकिदैँन ।

यस व्यवसायका केहि आपत्तिजनक पक्षहरु पनि देखिएका छन् । यस राष्ट्रिय स्वभिमानलाई गंभिर चुनौती दिन्छ भने यसले समाज राष्ट्र र नागरिकहरु प्रत्यक्ष असर पारेको देखिन्छ । नागरिकहरुमा परनिर्भरताको भावना विकसित गराएर मौलिकताको लोप हुदै गइृरहेको देखिन्छ । विभिन्न देशका छाडा संस्कृति र विकृतिहरु भित्राएको देखिएका छन् भने ठगि र शोषण गर्ने पकृति यस व्यवसायले झन बढाएको देखिएको छ ।यसरी यस व्यवसायलाई समाजशास्त्रिय विश्लेषण गर्दा यस समाजमा रिक्तता,देशप्रति तित्तता र विद्रोही भावनालाई प्रेरित गरिरहेको पाइयो ।

## ६.२. अध्ययनको निष्कर्ष

अध्ययनको उद्धेश्य वैदेशिक रोजगारीले नेपाली समाजमा पारेको प्रभावको अध्ययन गर्नु थियो । यस उद्धेश्य प्राप्तीको लागि खराङ गा.वि.स मा गरिएको समाजशास्त्रिय विश्लृषण गर्न गाठी तत्पहरु फेला पारेको महसुस अभ्यताले गरेको छ ।

- तिव्र एजेन्सीहरु खोली धेरै मान्छे गएर थुप्रै रेमिन्टेस भित्रिएको पाइयो ।
- पासपोर्ट अत्यन्तै तिव्र गतिमा निश्कासन भइरहेको छ ।
- १८ देखि ३० वर्षको उमेरमा सबभन्दा बढि विवाहित पुरुषहरु सबै जातिका वैदेशिक रोजगारीमा सबभन्दा बढि खाढी मुलुकमा गएको पाइयो ।

- धेरै रकम तिर्नेमा धेरै प्रतिशत देखियो भने सानो ध्यान नपुग्नाले ठूलो चुनौतिको सामना गर्नु परेको पाइयो साथै भित्रि रुपमा महिला कामदारहरु समेत सहभागि भइरहेको पाइयो ।
- धेरे संख्या त एजेन्सी र यसका विभिन्न मान्छेहरुबाट विदेशिएको कामदारहरुमा अनपढ अथवा साधारण साक्षर, बढि अदक्ष कामदार विदेशिएको पाइयो ।
- सामाजिक सुरक्षा अति कम देखन्छ भने विदेशिने कारणमा सामाजिक कारण नै बढि छ ।
- व्यवसाय मास्नु हुदैन भन्ने भनाई धेरैको देखियो ।
- यसले पारिवारिक हलचल (पुनःविवाह,परिवार टुक्रिनु,मान मर्यादा आदि ) साथै बसाईसराइलाई बढावा दिएको पाइयो ।
- विदेशमा कामदारको चारित्रिक शोषण, कुलतमा पर्नु, महिला बढि पिडित भएको पाइयो ।

**राष्ट्रलाई पारेको प्रभाव (सकारात्मक पक्ष)**

१) देशमा थुप्रै दलालको चुनौति बढ्नुमा राष्ट्रिय आम्दानी कम हुनु हो । त्यस कारण यस वै.रो.बाट ठूलो मात्रामा विदेशी रकम भित्रिएर वेरोजगारी समस्या तथा गरिबीको हद केहि घटेको देखिन्छ ।

२) देशमा प्रविधि,सीप र व्यवस्थापकीय ज्ञान सिकेका कामदारहरु विदेशमा काम पाउने र अदक्ष कामदारले पनि दक्षता सीप सिक्ने अवसर पाएको देखिन्छ ।

३) सरकारी स्तरमा वा राष्ट्रिय नेपालको सम्बन्ध विस्तार भएको देखिन्छ साथै सांस्कृतिक ज्ञान र सांस्कृतिक विविधता सिक्न पाउने अवसर बढाएको छ ।

**नकारात्मक पक्ष**

१) परनिर्भरताको विकास हुनु

२) न्यायोचित अवसरको अभाव ।

३) शोषण र ठगि प्रवृत्ति बढ्नु ।

४) योग्य जनशक्ति पलायन हुनु ।

५)	समाजमा नपच्ने खालको संस्कृति बढ्नु ।

**यस खोजमा पाइएका समाज र व्यक्तिलाई पार्ने दीर्घकालिन असरहरुमा :**

समाजमा वर्तमान बेरोजगारी गरिबी,भोक,रोग र शोकलाई केहि हदमा समाधान यस वैदेशिक रोजगारीले गरे पनि दीर्घकालिन रुपमा राष्ट्र तथा व्यक्तिको भविष्य झन अस्त व्यस्त हुने देखियो ।

१)	हाल संचालन भईरहेको वैदेशिक रोजगारीमा सरकारी तथा गैर सरकारी क्षेत्रबाट हद भन्दा पनि बढि लापरवाहि भएको पाइयो । अस्वस्थ प्रस्पिर्धा तथा ठगि शोषण र असुरक्षाको ताण्डव नृत्य हुदाँ रहेछन् भन्ने कुरा देखिन्छ । यो ठगिको अन्तिम मार कामदारलाई परेको र उ लगायत उसको सम्पूर्ण परिवार डुब्ने,उत्रने स्थिति देखिन्छ ।

२)	वैदेशिक रोजगारमा सामेल भएका कामदारको भविष्य प्राय गर्न नसकिने देखिन्छ किनभने काम गर्दा वा निशिचत वर्ष मात्र उ रोजगार हुन्छ त्यसपछि उ अनिश्चित जीवन निर्वाह गर्नुपर्ने देखिन्छछ । यस बाहेक कामदारहरुमा पारिश्रमिकता गर्ने बानी घटेको, खर्च बढेको तथा आधुनिकता बन्ने वाहनामा पारिवारिक खर्च बढेको देखिन्छ ।

३)	मान्छे विवशता विदेशए झै मान्छे सोचे अनुरुप उपलब्धी नपाउँदा विवशताले विद्रोहीस्वभाव जन्मिएको पाइयो साथै, पारिवारीक असन्तुलन,अविश्वास,व्यक्तिगत अमर्यादित पराकाष्ट बढेको पाइयो । बसाइसराइमा पनि यस व्यवसायले केहि हद सम्म जिम्मेवारी देखिन्छ ।

४)	वर्तमान स्थितिमा कामदारहरु पहिलाको स्थिति भन्दा केहि सुधारात्मक स्थितिमा देखिए पनि यो दीर्घकालिन रुपमा नरहने देखियो ।

# सर्न्दभ सामाग्रीहरु

## नेपाली पुस्तकहरु

*वैदेशिक रोजगार ऐन (२०४२), श्रम तथा रोजगार मन्त्रालय वैदेसिक रोजगार विभाग ।*

रेग्मी, हेमराज (२०५६), *लेवर स्टाटिस्ट्रीक , काठमाण्डौ* : नेपाल सरकार केन्द्रीय तथ्याङ्क विभाग

*दाहाल (२०७०), मजदुर श्रम* तथा वैदेशिक रोजगार *आप्रबासी वैदेशिक रोजगार अध्ययन प्रतिवेदन ।*

कान्तिपुर दैनिक(२०७०), *वैदेशिक समाचार विविध,* गोरखापत्र संस्थान ।

घले, खिमं (२०५५), *सम्भावना र लापरवाही बीच वैदेशिक रोजगार,* एभरेष्ट मिरर प्रकाशन ।

दाहाल, रमेश (२०७०), *नेपालमा वैदेशिक रोजगारीको संक्षिप्त अवलोकन,* ने.रा.बैंक, वार्षिक प्रतिवेदन ।

नेपाली बृहत शब्दकोष (२०७०), सम्पा पोखरेल, बालकृष्ण, *नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाण्डौं* ।

नेपाल ऐन संग्रह(२०६९), *कानून किताब व्यवस्था समिति,* कानून मन्त्रालय, काठमाण्डौं ।

नेपाल वैदेशिक रोजगार संघको विधान (२०६९), स्विकृत विधान, नेपाल वैदेशिक रोजगारी व्यवसायी संघ, ललितपुर ।

तेह्रौं योजना (२०७०), नेपाल सरकार आयोग ।

पण्डीत, सूर्य कुमार (२०७०), *नेपालमा वैदेशिक रोजगार,* वैदेशिक रोजगार पत्रकार महासंघ,ताहाचल ।

पन्त, छविराज/श्रम निर्देशक (२०७०), *वैदेशिक रोजगारी प्रसाशनको स्थापना अपरिर्हायता,* श्रम विभाग, अंक ५, गोरखा सन्देश ।

वैदेशिक रोजगार समाचार (२०७०), *वैदेशिक सरोकार पत्रकार,* ताहचाल ।

वैदेशिक रोजगार नियमावली (२०६८), *नेपाल राजपत्र, नेपाल सरकार मुद्रण विभाग ।*

मुकर्जी, रविन्द्रनाथ (२०१२), *सामाजिक विचारधारा, कास्ट से गान्धि तक दिल्ली :* सरस्वती सदन ।

राष्ट्रिय योजना आयोग, आधारपत्र (२०६९), *श्रम तथा मजदुर कल्याण,* नेपाल सरकार योजना आयोग ।

रेग्मी हेमराज(२०६९), *नेपाल सरकार तथ्याङ्क विभाग,* काठमाडौं ।

राई नन्दराज (२०६९), *वैदेशिक रोजगारीमा सुधारका सम्भावना,* वैदेशिक रोजगार प्रवर्धन गोष्ठी प्रतिवेदन ।

नेपाल सरकार (२०५१), *वैदेशिक रोजगार अध्ययन प्रतिवेदन,* नेपाल सरकार श्रम मन्त्रालय।

श्रम डेस्क रजिष्ट्रर (२०१२), *त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल,* रेकर्ड बुक, श्रम विभाग ।

**अङ्ग्रेजी पुस्तकहरु**

Bhusan, Bidhaya,( 2012) *Dictionary of sociology*, India Anamol publication.

*Blacky John, Camron (1980 ), Nepal in crisis : growth of stagnation at periphery.*

CBS(1995) *Population Monograph of Nepal*,Kathmandu.

CBS( 1998) *Statical pocket Book of Nepal*,Kathmandu.

*Dr. Mishra Chaitanya Development and under development A preliminary sociological perspective.*

Harris, Maryin(2012) Cultural Materialism: *The Struggle for a Science of Culture,New York:* Harper Row.

Ibrahim,Ahmad Al. (2012) *Report of Gulf Medical Conference, Minister of Interior Affair,Doha Quatar.*

ILO(2012*) Agenda for Policy* (2012)ILO Publication Jeneva.

*J, Meads (1989) Himalayan Poltical Economy*

Kudo,Maska(2012) *South Asian Migration in comparative Perspective National Museum of Ethnology,*Osaka,Japan.

Ministry of Labour (2012)*Manpower recruitment from Nepal*,Labour Department.

Ministry of Labour(2012)*REport of Reghlable Seminar on New Principle and Concept Labour Administration*,Report Committee.

Ritzer G. (1992), *Socilogical theory New York mac-Grew  Hill sinternational*.

Rechard English, (1985),  *Himalayan State fromtion and the impact of Britis rule in the nineteath Century.*

*Shrestha Nandaram (1999) Euducation enterprises :in the name of development reflecation on Nepal.*

# प्रश्नावलीको नमूना

सामाजिक - आर्थिक र पारिवारीक पृष्ठभूमि

१. तपाईको समाजमा वैदेशिक रोजगार सम्बन्धमा कस्तो किसिमको प्रभाव परेको छ ?

(क) सकारात्मक ☐ ख) नकरात्मक ☐ (ग) कुनै पनि होईन ☐

२. वैदेशिक रोजगार सम्बन्धमा समाजले हेर्ने दृष्टिकोण कस्तो रहेको छ ?

(क) जानु पर्छ ☐ (ख) जानुहुदैन ☐ (ग) आफ्नो खुसी ☐

३. तपाईको समाजम विदेश जानेको लहर कतिको बढ्दो छ ?

(क) सामान्य ☐ (ख) मध्यम ☐ (ग) धेरै ☐

४. तपाईको बैदेशिक रोजगार जानु अघि कस्तो ब्यावसयामा आबध हुनुहुन्थ्यो?

(क) पशुपालन ☐ (ख) कृषि ☐ (ग) ब्यापार ☐

५. बैदेशिक रोजगारले तपाइको परिवारमा कस्तो प्रभाब पारेको छ ?

(क) पैसा कमाउने बाटो ☐ (ख) देशविदेश घुम्ने ☐

(ग) सकारात्मक र नकरात्मक दुवै ☐

६. वैदेशिक रोजगार जानु भन्दा अघि तपाईको आर्थिक स्थिति कस्तो थियो ?

(क) सामान्य स्तरको ☐ (ख) मध्यम स्तरको ☐ (ग) न्यून स्तरको ☐

७. तपाईको आर्थिक स्तरलाई सुधार ल्याउन के गर्न सक्नुहुन्छ ?

(क) वैदेशिक यात्रा ☐ (ख) व्यवसायिक कार्य ☐ (ग) अन्य कुनै पनि ☐

८. तपाईको परिवारमा कति जना हुनुहुन्छ ?

(क) ४ जना ☐ (ख) ७ जना ☐ (ग) ९ जना ☐

९. वैदेशिक रोजगार जानु अघि तपाईको परिवार कस्तो थियो ?

(क) सामान्य स्तरको ☐ (ख) मध्यम स्तरको ☐ (ग)उच्च स्तरको ☐

१०. वैदेशिक रोजगार जानु अघि तपाईको मुख्य व्यवसाय के थियो ?

(क) खेतिपाती ☐ (ख) पशुपालन ☐ (ग) व्यापार ☐

११. वैदेशिक रोजगारमा जानु अघि तपाईको आर्थिक पृष्ठभूमी कस्तो थियो ?

(क) सामान्य तहको ☐ (ख) मध्यम तहको ☐ (ग) उच्च तहको ☐

१२. तपाईको परिवारमा शिक्षाको स्तर कस्तो रहेको थियो ?

(क) असाक्षर ☐ (ख) साक्षर ☐ (ग) निरक्षर ☐

## वैदेशिक रोजगारमा जाने व्यक्तिको वारेमा

१. वैदेशिक रोजगार सम्बन्धमा तपाई के भन्नु हुन्छ ?

(क) सम्पत्ति कमाउने बाटो ☐ (ख) घुमफिर गर्ने बाटो ☐

(ग) व्यक्तित्वको विकास गर्ने बाटो ☐

२. तपाईको वैदेशिक रोजगारमा जाँदा शिक्षाको तह कुन स्तरको थियो ?

(क) साधरण स्तरको ☐ (ख) निम्न माध्यमिक स्तरको ☐

(ग) माध्यमिक स्तरको ☐

३. वैदेशिक रोजगारमा जाँदा तपाईको उमेर कति थियो ?

(क) १८ वर्ष ☐ (ख) २० वर्ष ☐ (ग) २२ वर्ष ☐

४) तपाईलाई वैदेशिक रोजगारमा जान कसले प्ररित गऱ्यो ?

(क) आमा वावुले ☐ (ख) साथीभाइले ☐

(ग) तपाई आफै ☐ (घ) अन्य अरु कुनै ☐

५) तपाईको वैदेशिक रोजगारमा जानुका कारणहरु के–के हुन् ?

(क) पढ्न नसकेर ☐ (ख) स्वदेशमा रोजगार नपाएर ☐

(ग) घरको आर्थीक अपस्थाले ☐ (घ) साथीभाइको लहैलहैमा ☐

६) वैदेशीक रोजगारमा जानुभन्दा अगाडी तपाईको परिवारको आर्थीक अवस्था कस्तो रहेको थियो ?

(क) सामान्य ☐ (ख) मध्यम ☐

(ग) उच्च तहको ☐ (घ) अती निम्न तहको ☐

७ ) वैदेशीक रोजगारमा जानुभन्दा अगाडी तपाईको परिवारको मुख्य व्यवसाय के थियो ?

(क) खेतीपपाती ☐ (ख) पशूपालन ☐

(ग) व्यापार ☐ (घ) मजदुरी ☐

**वैदेशीक रोजगारबाट प्राप्त आम्दानी**

१ ) तपाईको वैदेशीक रोजगारमा रहदा मासिक आन्दानी कति थियो ? (रीयलमा)

(क) ५००-७००　☐　(ख) ८००-१०००　☐

(ग) ११००-१४००　☐　(घ) सो भन्दा माथी　☐

२) वैदेशीक रोजगारवाट प्राप्त आन्दानीलाई कसरी सदुपयोग गर्नुभयो ?

(क) जग्गा जमिन किनेर　☐　(ख) व्यवसायमा गरेर　☐

(ग) घर घडेरी किनेर　☐　(घ) अन्य कनै कार्यमा　☐

३) तपाईको वैदेशीक रोजगार बाट प्रात आम्दानीको रकम कस्तो किसिमको रहयो ?

(क) साधारण　☐　(ख) मध्यम किसिमको　☐

(ग) उच्च किसिमको　☐　(घ) अति उच्च किसिमको　☐

४) वैदेशिक रोजगारमा रहदा तपाईको तलव दिने व्यवस्था कस्तो किसिमको थियो ?

(क) प्रत्येक महिनामा　☐　(ख) ३-३ महिनामा　☐

(ग) ६-६ महिनामा　☐　(घ) वर्ष वर्षमा　☐

६) तपाईले वैदेशिक रोजगारवाट प्राप्त आम्दानी कसलाई पठउनु हुन्थ्यो ?

(क) आपनै खातामा　☐　(ख) श्रीमतीलाई　☐

(ग) वुवा आमालाई　☐　(घ) छरछिमेकीको खातामा　☐

**परिवारको सामाजिक - आर्थिक स्थितिमा पारेको प्रभाव**

१. वैदेशिक रोजगारबाट प्राप्त आम्दानीलाई तपाईको परिवारमा कस्तो किसिमको परिवर्तन/पाउनुभयो ?

(क) सकारात्कमक किसमको　☐　(ख) नकारात्मक किसिमको　☐

(ग) दुवै किसिमको　☐　(घ) यि कुनै पनि होईन　☐

२. वैदेशिक रोजगारबाट कमाएको रकमले तपाइको परिवारको आर्थिक अवस्थालाई कसरी परिवर्तन गर्नु भयो ?

(क) घर घडेरी जोडेर　☐　(ख) खेतीपाती जोडेर　☐

(ग) पशुपालन जोडेर　☐　(घ) व्यापार व्यावसाय गरेर　☐

३. तपाईले समाजबाट कस्तो प्रतिकृया पाउनु भयो ?

(क) सकारात्मक खालको ☐ (ख) नकारात्मक खालको ☐

(ग) यी दुवै खालको ☐ (घ) यी कुनै पनि होईन ☐

४. तपाई वैदेशिक रोजगार सम्बन्धमा समाजलाइ कसरी अध्ययन गर्नु हुन्छ ?

(क) परिवार र समाजको हेर्ने दृष्टिकोणमा फरक ☐

(ख) हरेक व्यक्तिको सोचाईमा फरकपना ☐

(ग) नकारात्मक र सकारात्मक सोचाई र बुझाई ☐

(घ) यी भन्दा अझ फरक विचार भएको ☐

५. वैदेशिक रोजगारबाट प्राप्त भएको रकम आर्थिक रुपमा कसरी परिचालन गर्नुभयो ?

(क) परिवारको पालनपोषणमा ☐ (ख) व्यापार व्यवसायम ☐

(ग) वालवच्चाको शिक्षामा ☐ (घ) अन्य कुनै कार्यमा ☐

६. वैदेशिक रोजगारबाट प्राप्त भएको रकम परिवारको सामाजक आर्थिक स्थितिमा कस्तो परिवर्तन पाउनु भयो ?

(क) सकारात्मक परिवर्तन ☐ (ख) नकारात्मक परिवर्तन ☐

(ग) दुवै किसिमको परिवर्तन ☐ (घ) कुनै पनि होईन ☐

७. वैदेशिक रोजगारमा गएर सिकेका कुराहरु के कस्ता छन् ? वताई दिनुस् न ?

(क) नेपालमा काम लाग्ने ☐ (ख) नेपालमा काम नलाग्ने ☐

(ग) प्रविधिको विकास नभएको ☐ (घ) प्रविधिको विकास भएको ☐

८. वैदशिक रोजगारमा जादा र नजादाको पारिवारिक भिन्नता के-कस्तो रह्यो त ?

(क) धेरै भिन्नता ☐ (ख) थोरै भिन्नता ☐

(ग) फरक किसिमको ☐ (घ) अति थोरै किसिमको ☐

९. तपाईको वैदेशिक यात्रामा नरहदा परिवारको स्थिति कस्तो थियो ?

(क) सामान्य थियो ☐ (ख) अति सामान्य थियो ☐

(ग) मध्यम थियो ☐ (घ) उच्च तहको थियो ☐

# उत्तरदाताहरुको नामावली

| | | | |
|---|---|---|---|
| १. | सुरेश त्रिताल | २. | गणेश खत्री |
| ३. | दिनेश त्रिताल | ४. | अभिषेक खत्री |
| ५. | पडिन्द्र अधिकारी | ६. | रमेश बराल |
| ७. | भक्त मणि दहाल | ८. | मेम कुमार राई |
| ९. | धर्म बहादुर चौहान | १०. | डिक बहादुर दाहाल |
| ११. | भक्त बहादुर दाहाल | १२. | प्रकाश राई |
| १३. | शुशील भट्टराई | १४. | कृष्ण कार्की |
| १५. | दिपेश श्रेष्ठ | १६. | मोहन कटुवाल |
| १७. | जिवन निरौला | १८. | जनक माइला |
| १९. | दिलबहादुरतामाङ्ग | २०. | सुजन खरेल |
| २१. | पिताम्वर दाहाल | २२. | विकाश तिम्सीना |
| २३. | शतिसकुमार बन्जारा | २४. | बखत वहादुर विश्वकर्मा |
| २५ | जितमान राई | २६ | अगमसिंह बस्नेत |
| २७ | बल बहादुर अधिकारी | २८ | पवन कुमार सापकोटा |
| २९ | कालि बहादुर दमाई | ३० | शिरोमणी पोखरेल |
| ३१. | दिपक श्रेष्ठ | ३२ | दिलीप गुरागाई |
| ३३ | सुगमसिंह राई | ३४ | बालकृष्ण ताम्राकार |
| ३५ | अविनाश ताम्राकार | ३६ | विश्वराज कडेल |
| ३७ | अमरबहादुर कटुवाल | ३८ | बल बहादुर वि.क. |
| ३९ | पारस खड्का | ४० | विश्वराज अधिकारी |
| ४१ | मन बहादुर विश्वकर्मा | ४२. | जित बहादुर नेपाली |
| ४३ | अरुण कुमार श्रेष्ठ | ४४ | जिव कुमार श्रेष्ठ |
| ४५ | लखनसिंह कुमाले | ४६ | नन्द कुमार कार्की |

| | | | |
|---|---|---|---|
| ४७ | वाबुराम दामाई | ४८ | प्रदिपकुमार त्रिताल |
| ४९ | आशाकाजी दहाल | ५० | आनन्द राज चौहान |
| ५१ | बखत बहा्र वि.क. | ५२ | जित बहादुर लिम्बु |
| ५३ | सेरधन राई | ५४ | बालकृष्ण अधिकारी |
| ५५ | विनोद कुमार बस्नेत | ५६ | लक्ष्मण सिवाकोटी |
| ५७ | विपलव पोखरेल | ५८ | अनन्त राज शर्मा |
| ५९ | लखन सिंह कामी | ६० | विक्रमजित लिम्बु |
| ६१ | बल बहादुर लिम्बु | ६२ | अष्टमान राई |